महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९

बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

बागमती प्रदेश


रसुवा
धादिङ
नुवाकोट
सिन्धुपाल्चोक
काठमाडौं
भक्तपुर
दोलखा
चितवन
मकवानपुर
ललितपुर
काभ्रेपलाञ्चोक
रामेछाप
सिन्धुली

महालेखापरीक्षकको
चौथो वार्षिक प्रतिवेदन
२०७९
बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने

Be credible institution in promoting accountability, transparency and integrity

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

Provide independent and quality audit service to nation

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यवसायिकता	(Professionalism)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्या : २०७९/८०
च.नं.:

मिति : २०७९।३।२९

विषय : वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

नेपालको संविधानको धारा २४१ बमोजिम बागमती प्रदेशको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३२२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
संचितकोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति.....**	४
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका व्यहोरा.....**	७
	मन्त्रालय र निकायगत व्यहोरा.....	१३
	१. प्रदेश सभा सचिवालय	१३
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१४
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	१८
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय.....	२६
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२९
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३६
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	४७
	८. सामाजिक विकास मन्त्रालय	६५
	९. प्रदेश लोक सेवा आयोग	७२
	१०. मुख्य न्यायाधिवक्ताको कार्यालय	७४
	११. प्रदेश नीति तथा योजना आयोग	७५
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति.....**	७६
परिच्छेद ५	**सुधारका क्षेत्रहरू .....**	७७
	अनुसूचीहरू.....	८४

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुन बमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम बागमती प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकार तर्फ चौथो वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ। प्रस्तुत प्रतिवेदन सम्बन्धित निकाय एवं सरोकारवाला मार्फत कार्यान्वयन भई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । यस वर्ष देखि लेखापरीक्षणको कार्यलाई सूचना प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन लेखापरीक्षणको गुणस्तरमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग र बक्यौता ६ समेत २०० निकायको रु.६८ अर्ब ३३ करोड ७९ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न भई रु.१ अर्ब ९ करोड ४४ लाख १० हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको १.६० प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको १.४२ प्रतिशत बेरुजु कायम भएको थियो । गतवर्षसँग तुलना गर्दा बेरुजु प्रतिशत बढेको छ । म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन । सार्वजनिक स्रोत साधनको उपयोग वा बेरुजु फर्स्यौट गरी आर्थिक अनुशासन कायम गर्ने विषयलाई कार्य सम्पादनको स्तरको आधारमा दण्ड र पुरस्कार दिने प्रक्रियासँग आवद्ध गर्नुपर्दछ।

प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा

कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्नुपर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्ने देखिएको छ ।

विकास निर्माणतर्फ आयोजना बैंकमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनामा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नेपालको संविधान बमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस वर्षदेखि विद्युतीय प्रणालीबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोवारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- प्रदेश सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने व्यवस्थापन गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोवार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड-१९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानुनसम्मत् एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था (बक्यौता ६) समेत २०० निकायको २०७७।७८ को कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ८१ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ५९ र न्यून जोखिमयुक्त ६०

निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ । साथै उच्च जोमिखयुक्त ६ बक्यौता निकायको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ । यस वर्ष नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली प्रयोग गरी विद्युतीय माध्यमबाट लेखापरीक्षण सम्पन्न गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, न्याम्स लेखापरीक्षण प्रणालीमा पेस भएका विवरण र प्रतिवेदनको पुनरावलोकन र छनौट भएका निकायको लेखापरीक्षण प्रतिवेदनको गुणस्तर पुनरावलोकन समेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया** - लेखापरीक्षणको सिलसिलामा बागमती प्रदेशका माननीय सभामुखज्यू तथा सार्वजनिक लेखा समितिका माननीय सदस्यहरूसँग छलफल गरिएको थियो । साथै बागमती प्रदेशका माननीय मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरू र सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरूसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता सम्बन्धमा हेटौंडामा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । डिजिटल पद्धतिमा आधारित लेखापरीक्षण व्यवस्थापन प्रणाली तथा लेखापरीक्षण कार्यक्रम सम्बन्धमा भर्चुअलरुपमा अभिमूखिकरण तथा अन्तरक्रिया कार्यक्रम भएको थियो ।

६. **वार्षिक प्रतिवेदन** - महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

पत्र संख्याः २०७८।७९
च.नं.९०२७

मितिः २०७९।३।२८

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
बागमती प्रदेश, हेटौडा, मकवानपुर ।

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

विषयः प्रदेश सञ्चितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले बागमती प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु (अनुसूची-१४) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.१ अर्ब ९ करोड ४४ लाख १० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ करोड ५९ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.५६ करोड ३८ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु.२४ करोड ९ लाख २१ हजार र पेस्की बाँकी रु.२४ करोड ३६ लाख ५० हजार रहेको छ ।

२. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा पूर्णरुपमा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन । सम्पत्तिको बिस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन । सम्पत्तिको मूल्यांकनका आधार समेत स्पष्ट छैन ।

४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बाँडफाँड गर्नुपर्ने सवारी साधन कर संकलन वापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने र सो मध्ये ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सवारी साधन करतर्फ रु.३ अर्ब ३० करोड ९ लाख स्थानीय तहलाई हस्तान्तरण गरेको छ । सवारी साधनहरूको लगत अद्यावधिक गरी यथार्थ हिसाब प्रस्तुत गर्नुपर्दछ ।

५. प्रदेश र स्थानीयतह बीच बाँडफाँड हुने राजस्व कोषमा रु.९४ करोड ४८ लाख प्राप्त भएको छ । प्राप्त हुनुपर्ने सबै रकमको अध्यावधिक विवरण समेत तयार भएको पाइएन ।

६. प्रदेश सञ्चित कोषमा खर्च भएको रकममध्ये स्थानीय तहमा अनुदान वापत वित्तीय हस्तान्तरण भएको रु.६ अर्ब ७३ करोड ८५ लाख ७० हजार पठाएको छ । सो मध्ये खर्च नभई बाँकी रहेको सशर्ततर्फ रु.४० करोड ७० लाख, समपुरक रु.७० करोड ३२ लाख र विशेषतर्फ रु.७ करोड ७४ लाख समेत गरी कुल रु.१ अर्ब १८ करोड ७६ लाख फिर्ता लिनुपर्नेमा रु.१ अर्ब १ करोड ९० लाख फिर्ता प्राप्त गरेकोले बाँकी रु.१६ करोड ८६ लाखसमेत फिर्ता लिनुपर्दछ।

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

७. प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार ११९ स्थानीय तहलाई प्रदान गरिएको सशर्त, समपूरक र विशेष अनुदानमध्ये रु.१ अर्ब १८ करोड ७६ लाख खर्च नभै प्रदेश सञ्चित कोषमा फिर्ता हुने भएपनि सो सबै रकम सञ्चित कोषमा खर्च वा आम्दानी देखाएकोले प्रदेश सञ्चित कोषको राजस्व र व्ययको हिसाब यथार्थपरक छैन।

८. सहुलियतपूर्ण कर्जातर्फ संचितकोषको वार्षिक आर्थिक विवरणको व्ययमा रु.१ अर्ब ४० करोड खर्च देखाएको छ। निकासा भएको सबै रकम खर्च हुन नसकी रु.२७ करोड ६ लाख ३७ हजार फिर्ता प्राप्त गरेकोमा खर्च नघटाई राजस्वतर्फ आम्दानी बाँधिएकोले राजस्व तथा खर्च अवास्तविक रुपमा वृद्धि हुन गएको छ । तसर्थ संचित कोषको हिसाब यथार्थपरक रहेको देखिदैन ।

९. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेको नेपाल सरकारी लेखापरीक्षणमा मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम सम्पन्न गरिएको छ। सञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु प्रदेश सञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमा मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

०६८।१३।२८

(रामुप्रसाद डोटेल)
उप-महालेखापरीक्षक

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम (रु.हजारमा)
१. सरकारी कार्यालय (५ बक्यौता समेत)	१८९	६७३२३७३९
२. समिति तथा अन्य संस्था (१ बक्यौता समेत)	११	१०१४२३८
जम्मा	**२००**	**६८३३७९७७**

यो वर्ष प्रदेश मातहत १८९ (बक्यौता समेत) सरकारी निकायको रु.६७ अर्ब ३२ करोड ३७ लाख र अन्य संस्था समिति ११ (बक्यौता समेत) को रु.१ अर्ब १ करोड ४२ लाखसमेत रु.६८ अर्ब ३३ करोड ८० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची-१, २ र ३** मा उल्लेख छ।

१. **सरकारी निकाय -** यो वर्ष १८९ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोवारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

क्र.सं.	कारोवार	लेखापरीक्षण सम्पन्न			२०७६।७७
		बक्यौता	२०७७/७८	जम्मा	
१.	विनियोजन	१५७८४३०	३५५९४८४२	३७१७३२७२	२६३८५८८६
२.	राजस्व	११४८९	२६६०१३१७	२६६१२८०६	२१५२५२४८
३.	धरौटी	११५९०२	१९४३७९४	२०५९६९६	१२४६९७९
४.	अन्य कारोवार	०	१४७७९६५	१४७७९६५	१२८२५६४
जम्मा		**१७०५८२१**	**६५६१७९१८**	**६७३२३७३९**	**५०४४०६७७**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२ र २(क)** मा उल्लेख छ।

२. **समिति र अन्य संस्था -** यो वर्ष ८ समिति र २ अन्य संस्थाको रु.९९ करोड ७७ लाख १४ हजारको लेखापरीक्षण गरिएको छ । साथै बक्यौतातर्फ समिति १ को रु.१ करोड ६५ लाख २४ हजार समेत रु.१ अर्ब १ करोड ४२ लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ । लेखापरीक्षण गरिएका निकायको विस्तृत विवरण **अनुसूची-४ र ४(क)** मा उल्लेख छ ।

- **बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

शीर्षक/क्षेत्र	२०७७/७८ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु (वित्तीय हस्तान्तरण समेत)	२१९३०६०३	१४१८६६०३	६४.६८
पुँजीगत	२७४९६८९१	२०००८२३९	७२.७६
जम्मा	**४९४२७४९४**	**३४१९४८४२**	**६९.१८**
वित्तीय व्यवस्था	२००००००	१४०००००	७०.००
कुल जम्मा	**५१४२७४९४**	**३५५९४८४२**	**६९.२१**

द्रष्टव्यः *- वित्तीय व्यवस्थाको खर्च मध्ये रु.२७ करोड ६ लाख ३७ हजार सहुलियतपूर्ण ऋण लगानी नभई प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ ।*

बजेट अनुमानको तुलनामा चालुतर्फ ६४.६८ र पुँजीगततर्फ ७२.७६ प्रतिशत मात्र खर्च गरेको छ । समग्र खर्च विनियोजनको तुलनामा ६९.२१ प्रतिशत मात्र भएकोले विनियोजन दक्षता कमजोर देखियो । समयमा योजना स्वीकृति, कार्यक्रम संचालन र सेवाप्रवाहको अवस्थामा सुधार तथा कार्य प्रक्रियामा सरलीकरण गरी विनियोजन दक्षता बढाउनुपर्दछ ।

४. **स्रोतगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

स्रोत	२०७७/७८ को			अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	प्राप्ति	यथार्थ खर्च	
१. संघीय सरकार अनुदान				
१.१ समानीकरण अनुदान	७७१७१००	७७१७१००	५९१७५४०	७६.६८
१.२ सशर्त अनुदान	८८४४५००	७८८९३३८	६०००००५	६७.८३
१.३ विशेष अनुदान	४९००००	४९००००	२७०५४७	५५.२१
१.४ समपुरक अनुदान	८१८२००	८१८२००	४४०१९०	५३.७९
जम्मा	**१७८६९८००**	**१६९१४६३८**	**१२६२८२८२**	**७०.६६**
२. प्रदेश सरकार	**३३५५६६९४**	**२६६०१३१७**	**२२९६६५६०**	**६८.४४**
कुल जम्मा	**५१४२७४९४**	**४३५१५९५५**	**३५५९४८४२**	**६९.२१**

द्रष्टव्यः *गत वर्षको मौज्दात रु.१८ अर्ब १६ लाख ८५ हजारमा निकासा फिर्ता रु.१ अर्ब ११ करोड ९६ लाख र ऋण फिर्ता रु.२७ करोड ६ लाख ३७ हजार समावेश भएको छ ।*

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.३५ अर्ब ५९ करोड ४८ लाख ४२ हजारमध्ये संघीय सरकारको अनुदानबाट ३५.४७ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ६४.५३ प्रतिशत व्यहोरेको छ । संघीय सरकारबाट प्राप्त हुने प्रक्षेपण गरेको सशर्त अनुदान कम प्राप्त भएको छ । गतवर्षको मौज्दात रकम यसवर्ष खर्च गर्न नसकेको कारण अनुमानभन्दा बढी नगद मौज्दात देखिएको छ । उपलब्ध स्रोत परिचालन नभएको कारणले विकास निर्माण, खर्च व्यवस्थापन तथा कार्य सम्पादन नतिजामा असर परेको छ ।

५. **संघलाई बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले

विनियोजन गरेको बजेटबाट कार्यक्रम संचालन गर्न संघीय कार्यालय ७१ लाई रु.६५ करोड ७३ लाख १३ हजार अख्तियारी दिई रु.४८ करोड ६ लाख ९३ हजार बजेट खर्च भएको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित कार्यालयमा उपलब्ध गराईएकोले प्रदेशको आय-व्ययको कारोवारमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१२** मा छ।

६. **राजस्व असुली -** सरकार संचालनको मुल आधार राजस्व संकलन र परिचालन भए तापनि २०७७।७८ मा प्रदेश सरकारले कर राजस्व रु.२० अर्ब ८३ करोड ७९ लाख ७७ हजार र अन्य राजस्व रु.५ अर्ब १२ करोड ९७ लाख समेत रु.२५ अर्ब ९६ करोड ७६ लाख ७७ हजार राजस्व असुली अनुमान गरेकोमा रु.२६ अर्ब ६० करोड १३ लाख १७ हजार असुल गरेको छ। यससम्बन्धी विवरण **अनुसूची-८** मा छ ।

(रु. हजारमा)

सि.नं.	श्रोत	अनुमान	प्राप्ति	प्रतिशत
१.	कर राजस्व	२०८३७९७७	२०६५०५५५	९९.१०
२.	अन्य राजस्व	५१२९७००	५९५०७६२	११६.०१
	जम्मा	**२५९६७६७७**	**२६६०१३१७**	**१०२.४४**

७. **कर तथा शुल्क -** प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने समेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने अधिकार छ । प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन र कार्य संचालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा आर्थिक ऐन समेत जारी भई कार्यान्वयनमा आएको भए तापनि सबै क्षेत्रको संभाव्य राजस्वको प्रक्षेपण र असुली कार्यमा प्रभावकारिता आउन सकेको छैन ।

८. **वित्तीय हस्तान्तरण -** आर्थिक वर्ष २०७७।७८ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार रहेको छः

(रु. हजारमा)

श्रोत	बजेट	हस्तान्तरण	खर्च प्रगति प्रतिशत
समानीकरण अनुदान	१२५००००	१२२६९४२	९८.१६
सशर्त अनुदान	३०६४५५२	२९२३२१३	९५.३९
समपुरक अनुदान	२६३१६०९	२३१४४९२	८७.९५
विशेष अनुदान	२९७०००	२७३९२३	९२.२३
जम्मा	**७२४३१६१**	**६७३८५७०**	**९३.०३**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ११९ स्थानीय तहमा रु.६ अर्ब ७३ करोड ८५ लाख ७० हजार उपलब्ध गराएको छ । अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरण बाहेक) अनुदानको अद्यावधिक तथ्याङ्क संकलन गरेर प्रदेश सञ्चित कोषमा सबै रकम फिर्ता गराउने कार्य बाँकी रहेको छ ।

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु -** बागमती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको कारोवारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेशन, प्रतितपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ बक्यौता समेत लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.१ अर्ब ९ करोड ४४ लाख १० हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**१०२३११६**	**७१२९४**	**१०९४४१०**	**१००**
१. असुल गर्नुपर्ने	**४५१२५**	**८४५**	**४५९७०**	**४.२०**
२. नियमित गर्नुपर्ने	**७३६३१६**	**६८४७४**	**८०४७९०**	**७३.५३**
• अनियमित भएको	१९१५३२	४९३८९	२४०९२१	२२.०२
• प्रमाण कागजात पेस नभएको	५४४७८४	१९०८५	५६३८६९	५१.५२
३. पेस्की	**२४१६७५**	**१९७५**	**२४३६५०**	**२२.२६**

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९, ९(क), १०, १०(क)** मा छ ।

२. **अद्यावधिक बेरुजु -** गत वर्ष सम्म रु.१ अर्ब ३८ करोड ५० लाख ८४ हजार बेरुजु रहेकोमा यो वर्ष रु.१५ करोड ८९ लाख ६ हजार सम्परीक्षण भई रु.१ अर्ब २२ करोड ६१ लाख ७८ हजार बाँकी रहेको र यो वर्ष रु.१ अर्ब ९ करोड ४४ लाख १० हजार थप भई जम्मा बेरुजु रु.२ अर्ब ३२ करोड ५ लाख ८८ हजार कायम भएको छ । यस सम्बन्धी विवरण **अनुसूची -११** मा रहेको छ ।

(रु.हजारमा)

क्र.सं.	विवरण	गत वर्ष	यो वर्ष	जम्मा रकम
१.	प्रदेश सरकारी निकायको बेरुजु	१२०२०७६	१०२३११६	**२२२५१९२**
२.	समिति तथा अन्य संस्था	२४१०२	७१२९४	**९५३९६**
	जम्मा	**१२२६१७८**	**१०९४४१०**	**२३२०५८८**

३. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५(४) मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७७।७८ को बेरुजु फर्स्यौंट नभएकाले उक्त व्यहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१३** मा रहेको छ ।

३.२ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालयहरू निम्नानुसार छन्:

(रु. हजारमा)

क्र. सं.	मन्त्रालय	लेखापरीण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार विकास	२९२१७९३०	२०८०५	४२५१३९	२३६२२०	६८२१६६	६२.३३	२.३३
२.	भूमि व्यवस्था, कृषि तथा सहकारी	१२३५२१४	१८४९	१२४३२५	०	१२६१७४	११.५२	१०.२१
३.	सामाजिक विकास	६४७१७०२	५९७९	९९५७४	५०५१	११०६०४	०.९६	१.७०
४.	उद्योग, पर्यटन, वन तथा वातावरण	३४२२९२९	६४०३	७३२३४	२३७९	८२०२४	७.४९	२.४०
५.	आन्तरिक मामिला तथा कानुन	९६०५४२	५२६	५२५६९	०	५३०९५	४.८५	५.५३

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय दोस्रो, सामाजिक विकास मन्त्रालय तेस्रो, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय चौथो तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालय पाँचौ नम्बरमा रहेका छन् ।

३.३ यो वर्ष १८९ (बक्यौता समेत) प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ७६ कार्यालय (४०.२१ प्रतिशत) मा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था ११ (बक्यौता समेत) मध्ये ७ कार्यालयमा लगती बेरुजु देखिएको छैन ।

३.४ यो वर्ष प्रदेश मातहतका निकाय तथा समितितर्फ २ हजार १२८ दफामध्ये प्रतिक्रियाबाट ९१ दफा फर्स्यौंट भई २ हजार ३७ दफा बेरुजु देखिएकोमा १ हजार २११ दफा सैद्धान्तिक र ८२६ दफा लगती बेरुजु कायम भएको छ ।

३.५ प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.७२ करोड ८ लाख ३२ हजार बाँकी रहेकोमध्ये रु.४४ करोड २३ लाख २५ हजार मोविलाइजेशन पेस्की समायोजन भई बाँकी रु.२७ करोड ८५ लाख ७ हजार र रु.६ करोड १ लाख १७ हजार फर्स्यौंट भई यो वर्ष थप म्याद नाघेको पेस्की रु.२४ करोड ३६ लाख ५० हजार समेत कुल पेस्की रु.४६ करोड २० लाख ४० हजार बाँकी रहेको छ । पेस्की बाँकीको अध्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ ।

३.६ लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.५९ लाख १४ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.४२ हजार र सम्परीक्षणको क्रममा रु.१६ लाख ४९ हजार समेत रु.७६ लाख ५ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसुची-६** मा छ ।

३.७ सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ १८ निकायको रु.४० लाख ३५ हजार अग्रिम कर कट्टी नगरेकोमा ९ निकायको रु.१० लाख ५९ हजार असुल भई रु.२९ लाख ७६ हजार बाँकी छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा छ ।

३.८ प्रदेश सरकारी कार्यालय अन्य संस्था र समितितर्फ यो वर्षको सम्पन्न लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
२०७५	२७४६२९	९७२	०.३५	९७२	०.३५
२०७७	३९४७५४०१	९८७३१५	२.५०	५१०७१०	१.२९
२०७८	५१०९०५८३	७२५२२९	१.४२	६५५८४९	१.२८
२०७९	६८३३७९७७	१०९४४१०	१.६०	८५०७६०	१.२४

परिच्छेद -३
लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **कानुन तर्जुमा -** संघीय संरचना अनुसार प्रदेशको संचालन र व्यवस्थापनका लागि २०७७।७८ सम्म ६२ ऐन, ३१ नियमावली, ३ विनियमावली, १३ गठन आदेश, ३५ कार्यविधि, ४ निर्देशिका, ५ मापदण्ड र ३ अध्यादेश प्रतिस्थापन कानुन समेत १५६ कानुन तथा कार्यविधि निर्माण गरेको छ ।

२. **संगठन र व्यवस्थापन :** प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सेवा प्रवाहको लागि आवश्यक जनशक्ति निर्धारण गरी पदपूर्ति गर्नुपर्दछ । प्रदेश सरकार अन्तर्गतका १८९ सरकारी निकायमा ३ हजार ९०१ दरबन्दी रहेकोमा २ हजार ३३३ पदपूर्ति भई १ हजार ५६८ पद रिक्त रहेको छ । स्वीकृत दरबन्दीको एक तिहाई पद रिक्त रहेकोले प्रदेश कार्यालयहरूको सेवा प्रवाहमा असर परेको छ ।

३. **कानुनमा सामञ्जस्यता -** नेपाल सरकारको आर्थिक ऐन, २०७५ द्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ च (३) (४) मा ढुङ्गा, गिट्टी र बालुवाको करमा दोहोरो अधिकार रहने, करको दरसम्बन्धी स्थानीय तहले संकलन गरी बाँडफाँट गर्ने व्यवस्था रहेकोमा सो व्यवस्था खारेज गरी दफा ६२(क) मा स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा बिक्री गरी प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । प्रदेश आर्थिक ऐन, २०७७ को दफा ९(५) अनुसार गिट्टी, ढुङ्गा, बालुवा बापत सङ्कलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।

यसैगरी नेपाल सरकार मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुङ्गा, बालुवा बिक्री बापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँट गर्ने व्यवस्था गरेको छ जुन स्थानीय सरकार संचालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ । यस वर्ष ढुङ्गा, गिट्टी, बालुवा, मनोरञ्जन र विज्ञापन करबाट प्राप्त राजस्व मध्ये ८३ पालिकाले रु.९४ करोड ४८ लाख १२ हजार प्रदेश सरकारको सञ्चितकोषमा दाखिला गरेका छन् । गिट्टी, ढुङ्गा, बालुवा बिक्रीबाट प्राप्त हुने राजस्व उत्पत्तिको आधार एवं सो राजस्व संकलन गर्दा पर्ने वातावरणीय असर लगायत समग्र व्यहोरा प्रदेशसँग सम्बन्धित भएकाले राजस्व बाँडफाँट सम्बन्धी कानुन तर्जुमा गर्दा सो विषयलाई मध्यनजर राखेर संघीय कानुनसँग नबाझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँट गर्नुपर्दछ ।

४. **अवण्डा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ बमोजिम विनियोजन ऐन अनुसार स्वीकृत बजेट विवरण र वार्षिक कार्यक्रमको आधारमा बजेट विनियोजन गर्ने व्यवस्था छ । तर आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम स्वीकृत नगरी अर्थ विविधमा रु.९ अर्ब ८० करोड ६९ लाख विनियोजन गरी रु.७ अर्ब ९५ करोड ४४ लाख प्रदेश कार्यालयहरूलाई निकासा दिएको छ । उक्त अवण्डा रकम कुल बजेटको १५.४६ प्रतिशत र कुल खर्चको २२.३४ प्रतिशत रहेको छ । तसर्थ स्वीकृत कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्दछ ।

५. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सिमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । विनियोजित बजेट रु.५१ अर्ब ४२ करोड ७४ लाखको १० प्रतिशतले बढीमा रु.५ अर्ब १४ करोड २७ लाख रकमान्तर गर्न पाउनेमा रु.८ अर्ब ४२ करोड ३ लाख (कुल बजेटको १६.३७ प्रतिशत) रकमान्तरबाट थप/घट गरेको छ । उक्त रकमान्तर मध्ये २०७८ बैशाखदेखि आषाढसम्ममा मात्र रु.२ अर्ब ६९ करोड ८२ लाख ४२ हजार रकमान्तर भएको छ । विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ ।

६. **बजेट कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष असार महिनाको १ गते प्रदेश सभामा पेस गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीतिगत व्यवस्था सहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको आर्थिक वर्ष २०७७।७८ को वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

६.१ आर्थिक मामिला तथा योजना मन्त्रालयले रु.५१ अर्ब ४२ करोड ७५ लाखको आय-व्यय अनुमान पेस गरेकोमा गत वर्षको बचत, कर र अन्य राजश्व समेत रु.६१ अर्ब ४२ करोड ८१ लाख आय र रु.३८ अर्ब ८ करोड १६ लाख (फिर्ता रु.२ अर्ब ४८ करोड ६८ लाख समेत) व्यय भई रु.२३ अर्ब ३४ करोड ६५ लाख बचत रहेको देखिन्छ । राजस्व तथा अन्य प्राप्तिको ३८ प्रतिशत बचत रहेको देखिन्छ । खर्च गर्ने दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनुपर्दछ ।

६.२ गत वर्षको बचत, कर र अन्य राजश्वसमेत कुल आय रु.६१ अर्ब ४२ करोड ८१ लाखमध्ये बाँडफाँट भई प्राप्त हुने कर तथा अन्य राजस्वबाट रु.२५ अर्ब ६३ करोड १७ लाख ९३ हजार (४१.७२ प्रतिशत), संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट रु.१६ अर्ब ९१ करोड ४६ लाख ३८ हजार (२७.५३ प्रतिशत) र बाँकी गत वर्षको नगद मौज्दातबाट प्राप्त भएको छ । जस अनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा ध्यान दिनुपर्दछ ।

७. **दीगो विकास लक्ष्य -** प्रदेशमा दीगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दीगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीय तहका विकासका क्रियाकलपाहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दीगो विकासका सूचकहरूलाई समाहित गराइ सोको आधारमा संचालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन । नीति आयोग मार्फत संघीय सरकार एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दीगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरूलाई आन्तरिकीकरण गर्नुपर्दछ ।

८. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ अनुसार बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याई खुलाउनु पर्ने एवं नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययनको आधारमा खर्च हुन सक्ने रकम मात्र पुष्ट्याँई सहित प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७७।७८ को पुँजीगत बजेट खर्चको स्थिति निम्नानुसार छ :

(रु. हजारमा)

मन्त्रालय	विनियोजित बजेट	जम्मा खर्च	खर्च प्रतिशत
प्रदेश सभा सचिवालय	४९२५०	१८९२२	३८.४२
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२११३३०	७८११७	३६.९६
आर्थिक मामिला तथा योजना मन्त्रालय	४७४९०	९७२२	२०.४७
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६६८१३९	४९७४२२	७४.४५
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२४५८६१२	१६३०३४५	६६.३१
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	११६१६०१	७०३६६७	६०.५८
भौतिक पूर्वाधार विकास मन्त्रालय	१९७९५५३०	१५८४०७४२	८०.०२
सामाजिक विकास मन्त्रालय	१९४७४०२	१२२०२९०	६२.६६
अन्य मन्त्रालय/निकाय	११५७५३७	९०१२	०.७७
जम्मा	**२७४९६८९१**	**२०००८२३९**	**७२.७६**

उल्लिखित तालिकाको विश्लेषण गर्दा कुल बजेटको औसतमा ७२.७६ प्रतिशत मात्र खर्च देखिन्छ । मन्त्रालयगत रूपमा भौतिक पूर्वाधार मन्त्रालयले औसतभन्दा केही बढी र बाँकी मन्त्रालयले औसतभन्दा कम खर्च गरेको देखिन्छ । सबैभन्दा कम खर्च आर्थिक मामिला तथा कानुन मन्त्रालयको २०.४७ प्रतिशत र बढी भौतिक पूर्वाधार मन्त्रालयको ८०.०२ प्रतिशत रहेको छ । समग्रमा सबै मन्त्रालयहरूको खर्च गर्न सक्ने क्षमता कमजोर रही स्वीकृत बजेटको न्यून प्रतिशत मात्र खर्च भएकोले खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ।

९. **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्यमा घोषणा भएका विभिन्न मन्त्रालय एवं निकायसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू कार्यान्वयन हुन सकेको छैन । उदाहरणको रुपमा भूमि, कृषि तथा सहकारी मन्त्रालयतर्फ बजेटमा घोषणा भएअनुसार सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकामा एकीकृत नमुना कृषि फार्मको स्थापना, कृषिमा अध्ययनरत विद्यार्थीलाई अनुसन्धान फेलोसिप, दुग्ध विकास कार्यक्रम मार्फत गरिबी निवारण नामक परियोजना सञ्चालनका लागि प्रदेश दुग्ध विकास बोर्ड मार्फत शेयर लगानी, मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रमलाई परिमार्जन गरी स्थानीय तहसम्म बिस्तार गर्ने कार्य, राजमार्ग क्षेत्रमा केन्द्रित अत्याधुनिक सुविधा सम्पन्न एम्बुलेन्सको व्यवस्था लगायतका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएन । बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गरी निर्धारित लक्ष्य प्राप्त गर्नुपर्दछ ।

१०. **सवारी साधन खरिद -** सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा ७(१) मा सवारी साधन खरिद गर्नुपरेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई खरिद गर्न सकिने व्यवस्था छ । प्रदेश मन्त्रालय र मातहत निकायले अर्थ मन्त्रालयको स्वीकृति नलिई यो वर्ष रु.१६ करोड ३३ लाख ८३ हजारको सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिदमा भएको

वृद्धिसँग मर्मत र इन्धन खर्च समेत वृद्धि हुने भएकोले सवारी साधन खरिदमा मापदण्डको पालना गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

११. **अनुदान कार्यविधि -** संघीय संसद राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७६ मा विधायिकी अधिकार संसदमा मात्र निहित हुने उल्लेख गरेकोमा प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सम्बन्धित विषयको ऐन, नियम बेगर विभिन्न कार्यविधि बनाई यो वर्ष दुग्ध अनुदान रु.१५ करोड, कृषक फर्म संस्था अनुदान रु.२ करोड १७ लाख, कौशी खेती रु.८६ लाख, संस्था तोकेर अनुदान रु.५८ लाख, दोहोरो अनुदान रु.४८ लाख लगायतलाई रु.९९ करोड २८ लाख अनुदान खर्च गरेको छ । मन्त्रालयले कुल १३१ वटा कार्यविधिहरू निर्माण गरेकोमा ती कार्यविधिहरू एक वर्षमा १ देखि ६ पटकसम्म संशोधन समेत गरेको स्थिति छ । पटक पटक कार्यविधि संशोधन गरी सो कार्यविधिको आधारमा अनुदान खर्च गरेको कानुनसम्मत् देखिएन ।

१२. **उपभोक्ता समिति मार्फत कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउँदा अवलम्बन गर्नुपर्ने विधिहरू उल्लेख छ । उल्लेखित व्यवस्था विपरीत रु.१ करोडभन्दा बढी लागत अनुमान रहेको कार्य समेत उपभोक्ता समितिबाट गराउने, खर्चको विल भरपाई व्यवस्थित नहुने, खर्च सार्वजनिकीकरण नगर्ने, आयोजना स्थलमा सूचना पाटी नराख्ने, जटिल प्रकृतिका जनश्रमदानबाट नहुने आयोजना समितिबाट गराउने, हेभी मेशिनरी प्रयोग हुने कार्य समेत समितिबाट गराउने, समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराउने लगायतको अवस्था रहेको छ । यसका साथै सम्पन्न आयोजना हस्तान्तरण नहुने, हस्तान्तरण भएका आयोजनामा मर्मत सम्भारको व्यवस्था नहुने स्थिति छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत ४ कार्यालयले रु.१ करोडभन्दा बढीको लागत अनुमान भएका १० योजना, कार्यक्रममा उल्लेखित व्यवस्था विपरीत रु.१४ करोड ३४ लाख ५९ हजारको सम्झौता गरी रु.११ करोड २९ लाख २४ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिको गठन, दर्ता, नवीकरण, समितिबाट गराउन सकिने र नसकिने कामको वर्गीकरण, धरौटी, म्याद थप लगायत विषयहरूमा स्पष्ट गरी उपभोक्ता समिति मार्फत गर्ने कार्यलाई थप व्यवस्थित गर्नुपर्दछ ।

१३. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्ने विभिन्न सात आधारमध्ये आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको लागि रकम प्रस्ताव गर्ने व्यवस्था समेत रहेको छ । प्रदेश स्तरमा संचालन हुने आयोजनाहरूलाई एकीकृत एवं व्यवस्थित बनाउन आवश्यक पर्ने आयोजना बैङ्क स्थापना गरेको छैन । कार्यान्वयन गर्ने निकाय/मन्त्रालयहरूले सम्भाव्यता अध्ययन गरेको, आवधिक योजना र प्रदेशको प्राथमिकता अनुकुलका आयोजना समावेश गरी आयोजना बैङ्क निर्माण गरी सो अनुसार बजेट प्रस्ताव गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । प्रदेश मन्त्रालय र मातहतका ४० निकायले मेशिनरी औजार एवं फर्निचर खरिद, परामर्श सेवा, निर्माण लगायतको कार्यमा रु.२७ करोड २३ लाख ५५ हजारको कार्य सोझै खरिद गरेको देखियो । यस्तै भौतिक पूर्वाधार विकास मन्त्रालयले विभिन्न

कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको परामर्श सेवामा ८७ प्याकेज बनाई रु.११ करोड ८९ लाख ७७ हजारको कार्य लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । खरिद कार्य कानुनसम्मत हुनुपर्दछ ।

१५. **सेवा प्रवाह -** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भएकोमा सो सम्बन्धी कार्य नभएको, स्वीकृत दरबन्दीको ५९.८१ प्रतिशत मात्र पदपूर्ति भएको, प्रदेश सरकार संचालनको लागि आवश्यक कानुन एवं कार्यविधिहरू बन्न बाँकी रहेको लगायतको कारण प्रदेश सरकारको सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन । सेवा प्रवाहलाई सबल र चुस्त बनाउनुपर्दछ ।

१६. **भेरिएसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले ३ निर्माण कार्यमा ४.२० देखि १४.९५ प्रतिशतसम्म भेरिएसन गरी रु.७ करोड ७ लाख २२ हजार थप गरेको छ । अतः भेरिएसन गर्ने कार्यमा नियन्त्रण गर्न यथार्थपरक ढंगले लागत अनुमान बनाउनुपर्दछ ।

१७. **प्रदेश गौरवका आयोजना -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने कानुनी व्यवस्था गर्ने, हेटौडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिस्ठान नामाकरण गरी स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्ने, संघीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथको गुरुयोजना तयार गरी चक्रपथका खण्डहरूको पहिचान गर्ने र पोष्टबहादुर बोगटी सुरुङ्ग मार्गको विस्तृत परियोजना प्रतिवेदन तयारी र सुरुङ्ग क्षेत्रको भौगोलिक सर्भेक्षण गर्ने कार्यक्रम रहेको देखिन्छ । उल्लेखित प्रदेश गौरवका आयोजना पहिचान र छनौटका मापदण्ड निर्धारण गर्नुपर्नेमा मापदण्ड निर्धारण गरेको देखिएन । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना भएको देखिएको छ । सुरुङ्ग मार्गको डिपिआर स्वीकृत नभएको, प्रदेश विश्वविद्यालयको स्थापना नभएको, पुष्पलाल प्रदेश चक्रपथको गुरुयोजनाको कार्य अगाडि बढाउने तथा प्रदेश गौरवका आयोजना पहिचान र छनौटका लागि मापदण्ड निर्धारणको कार्य भएको देखिएन । कार्यक्रम कार्यान्वयनमा सुधार गर्नुपर्दछ ।

१८. **आवधिक योजनाको समीक्षा -** प्रदेश नीति तथा योजना आयोगले पहिलो आवधिक योजना २०७६।७७-२०८०।८१ तर्जुमा गरी लागू गरेको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा समेतको सूचकहरू उल्लेख गरेको छ । सो बमोजिम दोश्रो वर्ष बहुआयमिक गरिबी सूचकाङ्क १० प्रतिशतमा झार्ने, मानव विकास सूचकाङ्क ०.६५३ पुऱ्याउने, आर्थिक वृद्धि दर ११.३ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर १४.१ प्रतिशत, प्रतिव्यक्ति आय २ हजार ३२४ अमेरिकी डलर पुऱ्याउने लगायतको लक्ष्य राखेकोमा सोको प्रगति समीक्षा गरेको छैन । नतिजाको समीक्षा गरी कार्ययोजना बमोजिम तोकिएको समयभित्र क्रियाकलापहरू संचालन गर्नुपर्दछ ।

१९. **कोभिड-१९ -** मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ बमोजिम कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ जारी गरी कोष खडा गरेको छ । कोभिड-१९ को संक्रमणको नियन्त्रण र उपचारको लागि कोषमा रु.६१ करोड ७ लाख आम्दानी भएकोमा अस्पताल तथा विभिन्न निकायले रु.१८ करोड ४४ लाख, आइशोलेसन वार्ड निर्माणमा रु.१५ करोड ९६ लाख, कर्मचारी प्रोत्साहनमा रु.४ करोड १ लाख समेत रु.३८ करोड ४१ लाख खर्च भई रु.२२ करोड ६६ लाख बाँकी रहेको छ ।

२०. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र लागु गरी सक्नुपर्ने व्यवस्था छ । साथै आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम हुने व्यवस्था दफा ३०(२) मा रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले उक्त ढाँचा र कार्यविधि तोकिसकेको छ । कार्यविधि, ऐन प्रमाणिकरण भएको ३ वर्ष वितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु नगरेको र ऐनको दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण समिति गठनसमेत भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२१. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) अनुसार प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.७ करोड ३४ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु.७ करोड ३२ लाख ५९ हजार, म्याद नाघेको पेस्की रु.२८ करोड ४७ लाख ६३ हजार समेत रु.४३ करोड १४ लाख ६७ हजार (म्याद ननाघेको पेस्की रु.१ अर्ब १२ करोड ३८ लाख ८८ हजार बाहेक) बेरुजु भएको देखाएको छ । कार्यालयबाट लेखापरीक्षण हुँदा बक्यौता बाहेक रु.१ अर्ब ५ करोड २१ लाख ४९ हजार बेरुजु कायम भएको छ । आन्तरिक लेखापरीक्षण चौमासिक रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था भएकोमा चौमासिक रूपमा लेखापरीक्षण नगरेको, कानुनको परिपालना, स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरूमा सुझाव सहितको टिप्पणी नगरेको लगायतका अवस्था देखिएको छ । आन्तरिक लेखापरीक्षण प्रभावकारी गराउनुपर्दछ ।

२२. **सम्पत्तिको अभिलेख तथा प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम मन्त्रालयहरूले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत तथा मातहत कार्यालयहरूबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रूपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्नेमा गरेका छैनन् ।

२३. **लेखाङ्कन तथा प्रतिवेदन -** कारोवारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, (नेप्सास)को ढाँचा २०७५ मार्गमा नै स्वीकृत भई सकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायहरूले स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार नगरेको भनी विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएता पनि सुधार भएको छैन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरिनुपर्दछ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालयको स्थापना भई सञ्चालनमा रहेको छ । प्रदेश व्यवस्थापिकाको कार्य सञ्चालनमा आवश्यक सहयोग गर्ने प्रशासकीय निकायको रुपमा सचिवालयको स्थापना भएको हो । बागमती प्रदेश सभामा समानुपातिक ४४ समेत ११० सभासद् निर्वाचित हुने व्यवस्था रहेको छ ।

यो वर्ष विनियोजन रु.२० करोड २७ लाख ४४ हजार, राजस्व रु.९ लाख ५३ हजार, धरौटी रु.४९ लाख १२ हजार र अन्य कारोबार रु.३ लाख समेत रु.२० करोड ८९ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कानुन तर्जुमा -** आर्थिक वर्ष २०७४।७५ मा प्रथम पटक गठित प्रदेश सभाको आर्थिक वर्ष २०७७।७८ सम्म ९ वटा अधिवेशन बसी सभामा कानुन निर्माणको लागि ६७ वटा विधेयकहरू दर्ता भएको मध्ये ६२ वटा विधेयक पारित भई ऐनको रुप धारण गरेको छ भने एक विधेयक सदनमा विचाराधिन अवस्थामा रहेको छ।

२. **संसदीय समितिको निर्णय कार्यान्वयन -** नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार बागमती प्रदेश सभाले प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन गरेको छ । यसरी गठन भएका समितिहरूले २०७४।७५ देखि २०७७।७८ सम्म ६९१ निर्णयहरू गरेका छन् । समितिका निर्णय तथा निर्देशनहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरेको छैन । समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

३. **दरबन्दी र पदपूर्ति -** सचिवालय अन्तर्गत मर्यादापालक बाहेक ३६ दरबन्दी रहेकोमा एक सचिव, दुई उप सचिव सहित १५ दरबन्दी रिक्त रहेको देखिन्छ । दरबन्दी बमोजिम पदपूर्ति नहुँदा दैनिक कार्य सञ्चालन, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा समस्या देखिएको छ । स्वीकृत दरबन्दी पदपूर्ति गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** सचिवालयको यो वर्ष रु.२१ लाख २२ हजार बेरुजु देखिएकोमा फर्स्यौट नभएकोले बेरुजु बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यक्षेत्रमा प्रदेश सरकार, (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष विनियोजन रु.२७ करोड १९ लाख १९ हजार, राजस्व रु.१९ लाख ६२ हजार र धरौटी रु.३ करोड ३९ लाख ६२ हजार र अन्य कारोबार रु.४ करोड १९ लाख ८४ हजार समेत रु.३४ करोड ९८ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । अन्य संस्थातर्फ प्रदेश सुशासन केन्द्रको रु.१७ करोड १७ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी तोकिएको छ । उक्त नियमावलीमा उल्लेख भएबमोजिम प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन एवं गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा लगायतको कार्य यस वर्ष पनि भएको छैन। कार्यान्वयन तालिका बनाई तोकिएको कार्य गर्नुपर्दछ ।

२. **प्रदेश गौरवको आयोजना -** प्रदेश सरकारको २०७७।७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यको सि.नं.१२५ मा प्रदेश गौरवको रुपान्तरणकारी आयोजनाको रुपमा पोष्ट बहादुर बोगटी सुरुङ मार्ग (भिमफेदी कुलेखानी) को निर्माण कार्य संघीय सरकारको सहकार्यमा आगामी चार वर्षमा सम्पन्न गर्ने लक्ष्य राखेको छ । स्वीकृत डिपिआर बमोजिम भिमफेदी बजारदेखि कुलेखानीसम्मको ३.४२५ किलोमिटर सुरुङ मार्ग निर्माणको कुल लागत रु.१९ अर्ब ३२ करोड, लाभ लागत विश्लेषण १५ प्रतिशत र लाभ लागत अनुपात २ भन्दा बढी हुने देखिन्छ । नीति तथा कार्यक्रममा २०८१ अर्थात् ४ वर्ष भित्र सम्पन्न गर्ने भनिएता पनि प्रदेश सरकारले सुरुङ्ग मार्गको संरचना निर्माणमा यो वर्ष बजेट विनियोजन गरेको देखिएन । संघीय सशर्त अनुदानतर्फ रु.२ करोड वजेट विनियोजन भएकोमा उक्त रकमबाट समेत कार्य भएको छैन । प्रदेश सरकारको क्षमता र आवश्यकताको प्राथमिकिकरण नगरी नीति तथा कार्यक्रम घोषणा गर्दा यस कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन तयारीमा गत वर्ष रु.१ करोड ५५ लाख ५४ हजार र यस वर्ष सोही विस्तृत कार्ययोजना प्रतिवेदन परिमार्जन गर्न रु. ५१ लाख ९७ हजार खर्च भएको छ । योजना कार्यान्वयनको सुनिश्चितताने नगरी परामर्शमा भएको खर्च रु.२ करोड ७ लाख ५१ हजार प्रतिफलविहीन हुने देखिएको छ ।

३. **कोभिड-१९ व्यवस्थापन -** कार्यायलले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि विभिन्न दाताहरूबाट आर्थिक वर्ष २०७६।७७ मा प्राप्त रकम रु.४ करोड १५ लाख ८४ हजार जिम्मेवारी सारेको छ । प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको २०७७।०४।२६ को निर्णयअनुसार प्रदेश

सरकार मातहतका अस्पतालहरूमा आईसोलेसन बेड र कोभिड-१९ को उपचारलाई प्रभावकारी बनाउन स्थानीय तहलाई सामाजिक विकास मन्त्रालय मार्फत रकम उपलब्ध गराउने निर्णय भए अनुसार उक्त रकममध्ये रु.४ करोड निकासा दिएको छ । तर सामाजिक विकास मन्त्रालयले उक्त रकममध्येबाट गरेको खर्च र उपलब्धी सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस गरेको छैन । तसर्थ प्राप्त रकम सोही उद्देश्य अनुरुप खर्च भए नभएको सुनिश्चित हुन सकेको छैन।

४. **मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन -** प्रदेश सरकार कार्यविभाजन नियमावलीमा कार्यालयले प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ । २०७४।७५ देखि २०७७।७८ को अवधिमा मन्त्रिपरिषद्को ११२ बैठक बसी ५०१ निर्णय भएकोमा कार्यालयले मन्त्रिपरिषद्बाट भएका निर्णयहरू कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित रुपमा अनुगमन गरी कार्यान्वयन स्थितिको प्रतिवेदन गर्नुपर्दछ ।

५. **प्रदेश समन्वय परिषद् -** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक बर्षको कम्तिमा एकपटक बस्ने व्यवस्था रहेको छ। यो वर्ष एक पटक बैठक बसी २३ निर्णय गरेकोमा उक्त निर्णय कार्यान्वयन भए नभएको कार्यालयबाट अनुगमन भएको छैन । निर्णय कार्यान्वयनको अनुगमन, मूल्याङ्कन गरी प्रदेश र स्थानीय तहबीचको नीतिगत साञ्जयस्ता, योजना व्यवस्थापन, साझा अधिकार क्षेत्रको प्रयोग लगायतमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

प्रदेश सुशासन केन्द्र

प्रदेश सरकारले सुशासन ऐन, २०७७ जारी गरी ऐनको दफा ५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्यसंचालन) आदेश, २०७७ मा व्यवस्था भएबमोजिम प्रदेश तथा स्थानीय तहका निर्वाचित मनोनीत वा नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्य स्वरुप प्रदेश सुशासन केन्द्रको स्थापना भएको छ ।

६. **स्थानीय तह स्वमूल्याङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म तथा भावना अनुरूप स्थानीय तहहरूको समग्र कार्य सञ्चालन अवस्थाको विश्लेषणका लागि ऐनको दफा ८० बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७' जारी गरेको छ । स्थानीय तह स्वमूल्याङ्कन, २०७७ मा बागमती प्रदेश अन्तर्गतका १११ स्थानीय तहहरूलाई मूल्याङ्कन गरी शासन व्यवस्था र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गरेको छ । स्थानीय सरकार संस्थागत स्व-मूल्याङ्कन (लिजा) का १० वटा विषय क्षेत्रमध्ये सेवा प्रवाह क्षेत्रलाई सबैभन्दा बढी १६ तथा सहकार्य तथा समन्वय क्षेत्रलाई सबैभन्दा कम ६ अङ्क राखेको छ । यसैगरी

अन्य विषयगत क्षेत्रहरू क्रमशः भौतिक पूर्वाधारलाई १३, वार्षिक बजेट तथा योजनालाई ११, वित्तीय तथा आर्थिक व्यवस्थापनलाई ११, सामाजिक समावेशीकरणलाई १०, संगठन तथा प्रशासनलाई ९, वातावरण तथा विपद् व्यवस्थापनलाई ९, शासकीय प्रबन्धलाई ८ र न्यायिक कार्यसम्पादनलाई ७ गरी जम्मा १०० अङ्कभार मूल्याङ्कन गरेको छ । यस सम्बन्धमा निम्मानुसार देखिएको छः

६.१. निजामती सेवा ऐन, २०४९ को दफा ४९ क(१) मा निजामती कर्मचारीले अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्न नहुने र निजामती सेवा नियमावली, २०५० को नियम ११७ बमोजिम पूर्व स्वीकृत बेगर कार्य गर्न नहुने व्यवस्था छ । सो विपरीत आफू कार्यरत कार्यालयको पूर्व स्वीकृति लिएको आधार प्रमाण बेगर प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, उपसचिव, शाखा अधिकृत लगायतका ३५ कर्मचारीहरू यस केन्द्रबाट लिजा मूल्याङ्कन तथा प्रतिवेदन तयारीमा संलग्न भएको जनाइ रु.४० लाख ९३ हजार भत्ता भुक्तानी गरेको छ ।

६.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम सार्वजनिक निकायले रु.२० लाख रुपैंयाभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने व्यवस्था छ । सो विपरीत कार्यालयले स्थानीय तह स्वमूल्याङ्कन कार्यको लागि विज्ञ जनशक्ति प्राप्त गर्दा आशयपत्र माग नगरी ३२ व्यक्तिसँग सोझै सम्झौता गरी रु.५९ लाख ५७ हजार रोष्टर विधि बमोजिम खर्च लेखेको देखियो । रोष्टरमा रहेका विज्ञ जनशक्तिहरू बीच प्रतिस्पर्धाको आधारमा खरिद गर्ने व्यवस्था मिलाएको देखिएन ।

७. **स्व-मूल्याङ्कन -** स्थानीय तहको स्व-मूल्याङ्कनमा धादिङको निलकण्ठ नगरपालिका प्रथम भएको छ । उक्त पालिकाको मूल्याङ्कन सोही पालिकाको प्रमुख प्रशासकीय अधिकृत सहितको समूहले गरेको देखिन्छ । बागमती प्रदेश अन्तर्गतका १११ स्थानीय तहमा गरेको लिजा मूल्याङ्कनमा अन्य पालिकाको बाह्य मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गरेकोमा यस पालिकाका प्रमुख प्रशासकीय अधिकृत स्वयंले आफ्नो मूल्याङ्कन आफै गरी सबैभन्दा उच्च ९३.५ अङ्क प्रदान गरी प्रथम भएको देखिन्छ । आफ्नो पालिकाको आफै मूल्याङ्कनमा सहभागी प्रमुख प्रशासकीय अधिकृतले रु.२ लाख २९ हजार सेवा शुल्क समेत भुक्तानी लिएको देखिन्छ । उक्त रकम निजबाट असुल गर्नुपर्दछ ।

सबै पालिकाहरूमा गरेको लिजा मूल्याङ्कनमा स्थानीय सरकार संचालन ऐन अनुसार सबै समिति, उपसमिति गठन भई क्रियाशील रहेको आधारहरू देखाउनका लागि एउटा मात्र समितिको बैठकको उपस्थिति र निर्णय पुस्तिका राखेको, जननिर्वाचित पदाधिकारीहरूको सम्पत्ति विवरणमा मूल्याङ्कन वर्षको अवस्था राख्नुपर्नेमा ०७५/७६ को विवरण देखाएर अङ्क प्रदान गरेको, क्षमता विकास योजना तर्जुमा हुनुपर्नेमा तालिमका लागि विनियोजित वजेटलाई नै क्षमता विकास योजना मानेर ३ अङ्क प्रदान गरेको छ । यसैगरी कर्मचारीहरूको कार्य सम्पादन सम्झौता गर्ने भन्ने निर्णय भएकै आधारमा उत्तम अवस्थाको अङ्क प्रदान भएको, स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनुपर्ने सेवाहरूलाई प्रभावकारी बनाउन कार्यपालिकाकाको बैठकमा छलफल गरी पूर्ण रुपमा कार्यान्वयनमा आएको सूचकको अङ्क ४ प्रदान गर्ने आधार नभएपनि सो अङ्क प्रदान गरेको, सेवा प्रवाह मापदण्ड तयार भएको तर कार्यान्वयनमा नआएको अवस्थालाई उत्तम अवस्थाको अङ्क प्रदान गरेको, स्थानीय सरकार संचालन ऐनको दफा ७८ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा १ पटक गरेको

भए उत्तम अवस्था मान्न सकिनेमा वर्षमा केवल १ पटक गरेर उत्तम अवस्थाको अङ्क प्रदान गरेको देखिएको छ ।

स्वयंलाई उच्च अङ्क प्रदान गरी प्रथम स्थान प्राप्त गर्ने लगायत निर्धारित सूचकहरूको अङ्क गणना यथार्थपरक भएको समेत नदेखिएकोले समग्र मूल्याङ्कनको विश्वसनीयता देखिएन। तसर्थ यस कार्यमा भएको खर्च रु.१ करोड ११ लाख ४९ हजारले स्थानीय तहहरूको सुशासन वृद्धि गर्न सहयोग पुगेको छ भन्न मिल्ने देखिएन। विश्वसनीय नतिजा प्राप्त हुने गरी मूल्याङ्कन तथा खर्च गर्नुपर्दछ।

८. **कार्ययोजना कार्यान्वयन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम सार्वजनिक निकायले रु.२० लाख रुपैंया भन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सूचना प्रकासन गरी आशयपत्र माग गर्नुपर्ने व्यवस्था छ । सो विपरीत प्रतिस्पर्धा सीमित हुने गरी धुलिखेल, ककनी, भिमफेदी लगायतका स्थानीय तहहरूको आवधिक योजना तथा मध्यकालीन खर्च संरचना तर्जुमा प्रतिवेदन निर्माण कार्यमा १९ पालिकाको रु.१० लाखभित्रका अलग अलग प्याकेज बनाई प्रस्ताव माग गरी सोझै खरिद गर्ने विधिबाट परामर्श सेवा खरिद गरी रु.१ करोड ८६ लाख ९८ हजार खर्च गरेको छ । यसैगरी ३६ स्थानीय तहको त्रिवर्षीय राजस्व सुधार कार्ययोजनामा रु.८७ लाख ७५ हजार र ८ स्थानीय तहको क्षमता विकास योजनामा रु.२० लाख ६६ हजार खर्च गरेको छ । तयार गरेको कार्ययोजनाहरू तथा खर्च संरचना सम्बन्धित पालिकाले सर्वसाधारण सबैको जानकारीको लागि आ-आफ्नो वेभसाईटमा राखी सफल कार्यान्वयन गर्न केन्द्रले पत्राचार गरेकोमा सो बमोजिम कार्यान्वयनका लागि वेभसाईटमा राखेको देखिएन। योजना तथा खर्च संरचनाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

९. **कर्मचारीको खाता मार्फत भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सेवा प्रदायकलाई रु.२५ हजारभन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्ट पेयी चेक मार्फत गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह स्वमूल्याङ्कन कार्यक्रमको लागि ६५ विज्ञलाई भुक्तानी गर्नुपर्ने रु.१ करोड ११ लाख र लैंगिक समानता तथा सामाजिक समावेशिकरण कार्यक्रमको रु.२६ लाख ६५ हजार दुई कर्मचारीको व्यक्तिगत खातामा ट्रान्सफर गरी निजहरू मार्फत सम्बन्धित विज्ञ तथा कर्मचारीलाई भुक्तानी गरेको छ । कार्यालयका कर्मचारी मार्फत भुक्तानी गरेको नियम अनुकुल देखिएन । सम्बन्धितले भुक्तानी प्राप्त गरेको यकिन हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालयमा रु.१० लाख १३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया साथ रु.८ लाख ५ हजार प्रमाण पुष्ट्याइँ प्राप्त भएकोले फर्स्यौट गरी रु.२ लाख ८ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

➢ समितितर्फ १ निकायमा रु.३ करोड ७९ लाख १४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट भएको छैन । यससम्बन्धी विवरण **अनुसूची–१०** मा रहेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकारले (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक विश्लेषण गर्ने, आर्थिक नीतिको तर्जुमा गर्ने र सोको कार्यान्वयन, नियमन, नियन्त्रणको साथै प्रदेश स्तरको श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारीता र गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाई लागू गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका १४ कार्यालयको विनियोजन रु.८ अर्ब २० करोड ५१ लाख ९९ हजार, राजस्व रु.७ अर्ब ८९ करोड २१ लाख ३० हजार, धरौटी रु.२ करोड २० लाख १८ हजार र अन्य कारोबार रु.५६ लाख ४३ हजार समेत रु.१६ अर्व १२ करोड ४९ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । स्थानीय तहहरूमा वित्तीय हस्तान्तरण भएको रु.६ अर्ब ७३ करोड ८५ लाख ७० हजार मन्त्रालयको लेखापरीक्षण रकममा समावेश छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन, सरकारी बाँकी रकमको लगत तथा असुल उपरका कार्यहरू, संघीय कानुन अनुरुप सहवित्तीयकरण, प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्यक्षेत्र तोकिएकोमा उक्त कार्यहरू कार्यान्वयन हुन सकेको देखिएन ।

२. **आय-व्यय -** प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्य अनुसार रु. ५१ अर्ब ४२ करोड ७५ लाख आय-व्यय अनुमान रहेकोमा प्रदेश लेखानियन्त्रक कार्यालयबाट पेश भएको विवरण अनुसार प्रदेश अन्तर्गत संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गतवर्षको बचतसमेत रु. ६१ अर्ब ४२ करोड ८१ लाख आय भएकोमा रु. ३५ अर्ब ५९ करोड ४८ लाख खर्च भई रु. २५ अर्ब ८३ करोड ३३ लाख बचत भएको छ । बचत मध्ये संघीय सरकारलाई रु. २ अर्ब ४८ करोड ६८ लाख अनुदान फिर्ता भएको देखिन्छ ।

३. **बजेट कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेको विगत तीन वर्षको बजेट, खर्च र बचतको अवस्था निम्नानुसार रहेको छ :

(रु. हजारमा)

आर्थिक वर्ष	आय-व्यय अनुमान	वास्तविक आय	वास्तविक खर्च	फिर्ता तथा समायोजन	बचत
२०७७।७८	५१४२७४९४	६१४२८१११	३५५९४८४२	२४८६७९६	२३३४६४७८
२०७६।७७	४७६०७८८६	४८३५१०२७	२७९५०८७०	२९०९५५४	१७४९०६०३
२०७५।७६	३४०२६१५९	३३७७३४५६	२०६५२७०२	२९४४५४८	१०१७६२०६

उल्लिखित तालिकाको विश्लेषण गर्दा तीन वर्षमा आय अनुमानको तुलनामा हाराहारी वा सो भन्दा केही बढी आय प्राप्त भएको छ । अनुमानको तुलनामा २०७५/७६ मा ६०.७० प्रतिशत, २०७६/७७ मा ५८.७१ प्रतिशत र २०७७/७८ मा ६९.२१ प्रतिशत मात्र खर्च भई तीन वर्षमा औसत ६२.८७ प्रतिशत मात्र खर्च भएको छ । अनुमान अनुसार नै आय प्राप्त भएको तर खर्च न्यून भएको कारण बचत रकम हरेक वर्ष वृद्धि हुँदै गएको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित देखिएन । खर्च गर्ने दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ ।

४. **राजस्व प्राप्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको सञ्चित कोषको विवरण अनुसार गत वर्षको बचत, कर र अन्य राजस्व समेत कुल आय रु.६१ अर्ब ४२ करोड ८१ लाख ११ हजारमध्ये बाँडफाँट भई प्राप्त हुने कर रु.२० अर्ब ७८ करोड १७ लाख ८६ हजार (३३.८३ प्रतिशत) तथा प्रदेशबाट सङ्कलित राजस्वबाट रु.४ अर्ब ८५ करोड ७ हजार (७.९० प्रतिशत), संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट रु.१६ अर्ब ९१ करोड ४६ लाख ३८ हजार (२७.५४ प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट प्राप्त भएको देखिन्छ । जस अनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिनुपर्ने देखिन्छ ।

५. **संघीय अनुदान -** अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति, खर्च र फिर्ताको स्थिति देहायअनुसार छः

(रु. हजारमा)

खर्च शीर्षक	बजेट	निकासा	खर्च	फिर्ता गर्नुपर्ने
समानीकरण अनुदान	७७१७१००	७७१७१००	५९१७५४०	०
सशर्त अनुदान	८८४४५००	७८८९३३८	६०००००५	१८८९३३३
समपुरक अनुदान	८१८२००	८१८२००	४४०१९०	३७८०१०
विशेष अनुदान	४९००००	४९००००	२७०५४७	२१९४५३
जम्मा	**१७८६९८००**	**१६९१४६३८**	**१२६२८२८२**	**२४८६७९६**

यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छः

५.१. वित्तीय समानीकरण लगायतको अनुदान रु.१७ अर्ब ८६ करोड ९८ लाख प्राप्त हुने अनुमान गरेकोमा रु.१६ अर्ब ९१ करोड ४६ लाख ३८ हजार (९४.६५ प्रतिशत) प्राप्त भएको छ । अनुदानमध्ये समानीकरण, समपुरक अनुदान र विशेष अनुदान अनुमान अनुसार नै प्राप्त भएकोमा सशर्त अनुदान अनुमानभन्दा कम प्राप्त भएको छ ।

५.२. अनुदान निकासा रु.१६ अर्ब ९१ करोड ४६ लाख ३८ हजार मध्ये रु.१२ अर्ब ६२ करोड ८२ लाख ८१ हजार (७४.६६ प्रतिशत) मात्र खर्च भएको छ । समानीकरण अनुदान रु.७ अर्ब ७१ करोड ७१ लाख मध्ये रु.५ अर्ब ९१ करोड ७५ लाख ४० हजार खर्च भई रु.१ अर्ब ७९ करोड ९५ लाख ६० हजार बचत रहेको छ । सशर्त, समपुरक र विशेष अनुदान वापत खर्च हुन नसकेको

रु.२ अर्ब ४८ करोड ६७ लाख ९६ हजार फिर्ता भएको छ ।

यसरी प्राप्त अनुदान खर्च हुन नसकी बचत रहेको एवं फिर्ता भएको स्थितिले प्रदेश सरकारको कार्यसम्पादन स्तरमा सुधार गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ ।

६. **स्थानीय तहमा हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ११९ स्थानीय तहलाई सशर्तमा रु.२ अर्ब ९२ करोड ३२ लाख, समानीकरणमा रु.१ अर्ब २२ करोड ६९ लाख, समपूरकमा रु.२ अर्ब ३१ करोड ४५ लाख र विशेषमा रु.२७ करोड ३९ लाख समेत गरी कुल जम्मा रु.६ अर्ब ७३ करोड ८६ लाख अनुदान उपलब्ध गराएको छ । समानीकरण अनुदान बाहेक सशर्त, समपुरक र विशेष गरी रु.५ अर्ब ५१ करोड १७ लाख निकासा भएकोमा रु.४ अर्ब ३२ करोड ४१ लाख (कुल निकासाको ७८.४५ प्रतिशत) खर्च भएको छ । खर्च नभई रु.१ अर्ब १८ करोड ७६ लाख बाँकी रहेको छ।

७. **प्रदेश विभाज्य कोष -** संघ र प्रदेश तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयबाट संकलन हुने राजस्वको अद्यावधिक अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्दछ। यस वर्ष कोषमा जम्मा भएको रु.८ अर्ब २५ करोड २४ लाख पुरै बाँडफाँट भएको देखिन्छ ।यो वर्ष प्रदेश बिभाज्यकोषबाट सवारी साधन कर रु.३ अर्ब ३० करोड ९ लाख स्थानीय तहहरूलाई हस्तान्तरण गरेको देखिन्छ । स्थानीय तहको बिभाज्यकोषबाट प्राप्त आयमा विज्ञापन कर बापत रु.५ करोड १३ लाख, मनोरञ्जन कर बापत रु.९ लाख ६३ हजार, दहत्तर बहत्तर बापत रु.८८ करोड ९५ लाख र अन्य राजस्व बापत रु.२९ लाख ९२ हजार समेत गरी कुल जम्मा रु.९४ करोड ४८ लाख प्राप्त भएको देखिन्छ । स्थानीय तहबाट प्राप्त हुनुपर्ने रकम सम्बन्धमा अनुगमन गरी प्राप्त हुनुपर्ने रकम प्राप्त भएको सुनिश्चितता गर्नुपर्दछ ।

८. **नीति तथा कार्यक्रम कार्यान्वयन -** बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरू कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:-

८.१. कृषि, उद्योग, व्यापार व्यवसाय, रोजगारी प्रवर्द्धन, उत्पादनशील कार्यक्रमको लागि लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धनसँग सम्बन्धित उद्योगहरू, शैक्षिक कार्यक्रम, लघु तथा साना उद्योग, वन तथा वातावरणजन्य उद्योग, फोहोरमैला व्यवस्थापन, सामाजिक क्षेत्रसँग सम्बन्धित उद्योग लगायत उत्पादन र रोजगारी सिर्जना हुने कार्यक्रमका लागि सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराउन रु.३ अर्ब कोष स्थापना गर्ने उल्लेख भएकोमा रु.२ अर्ब मात्र बजेट विनियोजन गरी कोष खडा गरेको छ । उक्त कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकारबाट कार्यविधि बनाउने उल्लेख भएकोमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि (पहिलो संशोधन सहित), २०७७ तर्जुमा भई कृषि विकास बैङ्क लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडसँग २०७७।०८।१८ गते समझदारीपत्रमा हस्ताक्षर भई ऋण लगानी कार्य भइरहेको छ । कार्यक्रम बमोजिम ऋण उपलब्ध गराउन साना किसान लघुवित्त संस्थालाई रु.६० करोड र कृषि विकास बैङ्कलाई रु.८० करोड निकाशा गरेको छ । उक्त रकमबाट भएको ऋण लगानी एवं सोको उपयोगबारे प्रभावकारी अनुगमन गरेको देखिएन । ऋणको उपयोगबारे प्रभावकारी अनुगमन गर्नुपर्दछ।

८.२. मध्यमकालीन खर्च संरचनाको अभ्यासलाई सुदृढ तुल्याई सार्वजनिक खर्चको प्रक्षेपणलाई यथार्थपरक र वस्तुनिष्ठ बनाउने प्रयास गरिने उल्लेख छ। यसले प्रदेशका नीति निर्माणमा थप प्रभावकारिता ल्याउने कार्यलक्ष्य तय गरेकोमा सो बमोजिम कार्य भएको पाइएन । तसर्थ नीति तथा कार्यक्रममा उल्लेख

भए बमोजिम मध्यमकालीन खर्च संरचनाको अभ्यासलाई सुदृढ तुल्याउनु पर्दछ ।

८.३. अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई प्रदान गरिने समपूरक तथा विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरूको प्रस्ताव, प्राथमिकीकरण तथा छनौट परियोजना बैंकमार्फत गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा परियोजना बैंक स्थापना भएको पाइएन । तसर्थ योजना बैंक स्थापना गरी सोमार्फत योजना तथा कार्यक्रम छनौट गर्नुपर्दछ ।

९. **आयोजना स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रकृया पूरा नगरी कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । कानुनी प्रक्रिया पुरा गरेर आयोजना स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ ।

१०. **सोधभर्ना** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार संघीय सरकारबाट वैदेशिक सहायता प्राप्त गरी प्रदेशलाई उपलब्ध गराएको सोधभर्ना हुने ऋणबाट रु.२४ करोड ५९ लाख र सोघभर्ना हुने अनुदानबाट रु.१० करोड २८ लाख स्रोतगत विवरण बेगर अनुदान उपलब्ध भएको छ । प्रदेशले यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै अभिलेख नराखेकोले खर्च भएको रकमको दातृ निकायगत अभिलेखमा नजनिने र सोको सोधभर्ना समेत हुने अवस्था छैन । प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्ति र अभिलेखांकनको कुनैपनि कार्य नगरेको कारण बजेट सम्बन्धी स्रोतगत विवरण नदेखिनाले सबै आय र व्ययमा नेपाल सरकारको स्रोत कायम भएको अवस्था छ ।

११. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सिमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । प्रदेशको कुल बजेट रु.५१ अर्ब ४२ करोड ७४ लाखको १० प्रतिशतले बढीमा रु.५ अर्ब १४ करोड २७ लाख रकमान्तर गर्न पाउनेमा रु.८ अर्ब ४२ करोड ३ लाख (१६.३७ प्रतिशत) रकमान्तरबाट थप/घट गरेको देखियो । उक्त रकमान्तर मध्ये २०७८ वैशाखदेखि आषाढसम्ममा रु.२ अर्ब ६९ करोड ८२ लाख ४२ हजार रकमान्तर भई थप/घट भएको छ । रकमान्तर गरेकोमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयमा वैशाखदेखि आषाढसम्म सबैभन्दा बढी ४१.०६ प्रतिशत थप भएको छ । त्यसैगरी खानेपानी सरसफाई डिभिजन कार्यालयहरूबाट भौतिक पूर्वाधार विकास मन्त्रालयमा २३.४६ प्रतिशत रकमान्तरबाट बजेट थप भएको देखिन्छ। सबैभन्दा बढी रकमान्तर गर्ने भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रु.१ अर्ब ८८ करोड ३९ लाख ३८ हजार रकमान्तर गरेको छ । विनियोजन ऐनको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

१२. **अवण्डा** - स्वीकृत कार्यक्रम बमोजिम मात्र रकम खर्च गर्नुपर्दछ । मन्त्रालयले अर्थ विविध (अवण्डा) मा रु.९ अर्ब ८० करोड ६९ लाख बजेट विनियोजन गरी प्रदेश कार्यलयहरूलाई रु.७ अर्ब ९५

करोड ४३ लाख ९५ हजार निकासा उपलब्ध गराएको देखियो । कुल बजेट रु.५१ अर्ब ४२ करोड ७४ लाख ९४ हजारको १५.४६ प्रतिशत बजेट अवण्डामा राखेको छ । उक्त रकम कुल खर्च रु.३५ अर्ब ५९ करोड ४८ लाख ४२ हजारको २२.३५ प्रतिशत खर्च रहेको छ । अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **प्रतिवेदन प्रणाली -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय तहले आफूले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र प्रदेशमा पेस गर्नुपर्ने र प्रदेशले स्थानीय तहबाट समेत प्राप्त गरी आफ्नो आय-व्ययको विवरण चौमासिक अवधि समाप्त भएको ३० दिनभित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो विवरण स्थानीय तहबाट सङ्कलन गरेको र अर्थ मन्त्रालयमा पठाएको देखिएन जसबाट क्षेत्रगत रुपमा सरकारका तीनवटै तहले गरेको खर्च यकिन हुन सकेन । क्षेत्रगत रुपमा सरकारका तीनवटै निकायले गरेको आय र खर्चको एकीकृत अभिलेख तयार गरी प्रतिवेदन गर्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१४. **प्रगति समीक्षा -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले नियमावलीमा तोकेको ढाँचामा प्रगति विवरण तयार गरेको पाइएन । तसर्थ नियमावलीले तोकेबमोजिम प्रगती प्रतिवेदन तयार गर्नुपर्दछ ।

१५. **वर्षान्तमा अख्तियारी -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २४ अनुसार विनियोजन ऐन जारी भएको ७ दिनभित्र अख्तियारी दिनुपर्नेमा २०७७।२।३० मा विनियोजन ऐन जारी भएकोमा उक्त नियम विपरीत २०७८।३।२८ गते भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुरलाई रु.१६ करोड ९५ लाख, प्रादेशिक सडक डिभिजन कार्यालय, नुवाकोटलाई रु.११ करोड ६४ लाख ९० हजार, प्रादेशिक सडक डिभिजन कार्यालय, खुर्कोटलाई रु.११ करोड ९० लाख, पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकलाई रु.५ करोड ७० लाख र पूर्वाधार विकास कार्यालय, रामेछापलाई रु.७५ लाख १० हजारको अख्तियारी प्रदान गरेको देखियो । त्यसैगरी आषाढ ३० गते खानेपानी तथा सरसफाई डिभिजन, रामेछापलाई रु.१२ करोड ५ लाखको अख्तियारी प्रदान गरेको देखियो। वर्षान्तमा थप अख्तियारी प्रदान गर्दा कामको गुणस्तर एवं प्राप्त रकमको उपयोगमा समस्या हुने तथा कानुन अनुकूल समेत नभएकोले वर्षान्तमा अख्तियारी प्रदान गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

१६. **कार्यक्रम संशोधन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा कार्यक्रम संशोधन गर्न सक्ने व्यवस्था भएकोमा त्यस्तो संशोधन समयमै गर्नुपर्नेमा आर्थिक वर्षको अन्तिम समयमा समेत हुने गरेको छ। उदाहरणको लागि सुनापती गाउँपालिका र रासी नगरपालिका अन्तर्गतका रु.४७ लाखको दुई कार्यक्रम २०७७।३।२२ र २४ गते संशोधन भएको छ। यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

१७. **दीगो विकास लक्ष्य -** प्रदेशमा दीगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दीगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीय तहका विकासका क्रियाकलपाहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दीगो विकासका सूचकहरूलाई समाहित गराइ सोको आधारमा संचालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन । प्रदेश सरकारले दीगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरूलाई आन्तरिकीकरण गर्नुपर्दछ ।

१८. **म्याद थप -** विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमणको कारण नेपाल सरकारले २०७६।१२।११ देखि बन्दाबन्दी घोषणा गरेको हुँदा उत्पन्न असहज परिस्थितिका कारण समयमै विभिन्न कर तथा गैर कर बुझाउन नपाएका करदाताहरूलाई प्रदेश आर्थिक ऐन, २०७६ को दफा १३ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई प्रदेशभित्र २०७७ श्रावण १ देखि कार्तिक मसान्तसम्म उद्योग, पर्यटन क्षेत्रलाई जरिवाना छुट गरेको छ । प्रदेशभित्रका उद्योग तथा वाणिज्य तर्फका प्राईभेट तथा साझेदारी फर्मको दर्ता, एवं नवीकरण गर्दा लाग्ने जरिवाना/विलम्ब दस्तुर अन्य तथा गैर कर बुझाउन नपाएका करदाताहरूलाई कर तथा गैर कर राजस्व दाखिला गर्ने म्याद र सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा गैर कर राजस्व दाखिला गर्ने म्याद २०७७ साल कार्तिक मसान्तसम्म थप गरेको देखिएको छ। त्यसैगरी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन एवं आर्थिक ऐन, २०७७ को अनुसूची-२ बमोजिमको कर तथा दस्तुर सो अवधिमा नवीकरण गर्ने म्याद समाप्त भएकाको हकमा सवारी कर तथा गैर कर बुझाउन नपाएका करदाताहरूलाई सवारी साधन कर तथा गैर कर राजस्व दाखिला गर्न २०७७ साल कार्तिक मसान्तसम्म म्याद थप गरेको छ। म्याद थपबाट परेको प्रभाव तथा संकलित आय सम्बन्धमा मूल्याङ्कन गर्नुपर्दछ ।

१९. **बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क -** आर्थिक ऐन, २०७७ को अनुसूची १ (ग) विविधमा काठमाडौं उपत्यका भित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्र पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शुन्य दशमलव पाँच प्रतिशत शुल्क बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिने व्यवस्था अनुरुप राजस्व शीर्षक नं. १४२१९ मा जम्मा रु.१ अर्ब ६० करोड ८३ लाख ४८ हजार रकम असुल भएकोमा प्रत्येक स्थानीय तहबाट प्राप्त हुनुपर्ने र प्राप्त भएको शुल्क रकमको प्रतिवेदन प्राप्त नभएको कारण राजस्व रकमको यथार्थता सम्बन्धमा आश्वस्त हुन सकिएन । साथै उक्त रकम बागमती सभ्यताको सुधार एवं विकासमा खर्च भएको सुनिश्चित हुन सकिएन । मन्त्रालयले अनुगमन गरी उठ्नु पर्ने राजस्व र उठ्न बाँकी राजस्व रकमको सम्बन्धमा यकिन गर्नुपर्दछ र सम्बन्धित प्रयोजनमा नै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२०. **प्रदेश सञ्चित कोष -** प्रदेश सरकारको २०७७।७८ को सञ्चित कोषको प्राप्ती तथा भुक्तानीको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

(रु. हजारमा)

आय विवरण	२०७७।७८	२०७६।७७
राजस्व तथा अनुदान		
राजस्व	**४४५१३४७८**	**३१७१९५३०**
गत वर्षको मौज्दात	१७४९१४४७	१०१८२७९५
कर राजस्व	२०७८१७८६	१७५३५६२०
अन्य राजस्व	४८५०००७	२८५८२५५
ऋण लगानी फिर्ता, निकासा फिर्ता तथा बेरुजु	१३९०२३८	११४२८६०

संघीय सरकारबाट हस्तान्तरित अनुदान	**१६९१४६३८**	**१६६३१४९७**
समानीकरण अनुदान	७७१७१००	७५९६४००
सशर्त अनुदान	७८८९३३८	७९७८४९७
समपुरक अनुदान	८१८२००	६४६६००
विशेष अनुदान	४९००००	४१००००
जम्मा आय	**६१४२८११६**	**४८३५१०२७**
व्यय विवरण		
सञ्चित कोष माथि व्यभार हुने	**१२८२९**	**६९५६**
चालु	१२८२९	६९५६
पुँजीगत	०	०
विनियोजन ऐनद्वारा खर्च	**३५५८२०१३**	**२७९४३९१४**
चालु	१४१७३७७३	१२२६१८९३
पुँजीगत	२०००८२३९	१५६८२०२१
जम्मा व्यय	**३५५९४८४१**	**२७९५०८७०**
कार्यालयबाट खर्च भएको तर बैङ्कबाट भुक्तानी भएको समायोजन खर्च	०	-४२२
बैङ्कबाट साटन बाँकी चेक पछिको जम्मा खर्च	०	२७९५०४४८
अनुदान फिर्ता गरिएको रकम	२४८६७९६	२९०९१३२
यस बर्षको बचत रकम	२३३४६४७८	१७४९१४४७
जम्मा व्यय	**६१४२८११६**	**४८३५१०२७**

प्रदेश सञ्चित कोषको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२०.१. स्थानीय तह र अन्य सरकारी एवं गैर सरकारी निकायहरूलाई दिएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरेको छ । प्रदेश सञ्चित कोषमा खर्च भएको रकममध्ये स्थानीय तहमा अनुदान वापत वित्तीय हस्तान्तरण भएको रु.६ अर्ब ७३ करोड ८५ लाख ७० हजार पठाएको छ । सो मध्ये खर्च नभई बाँकी रहेको सशर्ततर्फ रु.४० करोड ७० लाख, समपुरक रु.७० करोड ३२ लाख र विशेषतर्फ रु.७ करोड ७४ लाख समेत गरी कुल रु.१ अर्ब १८ करोड ७६ लाख फिर्ता लिनुपर्नेमा रु.१ अर्ब १ करोड ९० लाख फिर्ता लिनुपर्दछ। यसरी पठाएको सबै अनुदान प्रदेश संचित कोषमा खर्च देखाएको तर रु.१ अर्ब १५ करोड ५१ लाख स्थानीय तहमा खर्च नभै फिर्ता आएकोले सो रकमले प्रदेशको खर्च तथा राजस्व वृद्धि भएको छ । निकासाको आधारमा खर्च देखाएकोले सञ्चित कोषको खर्च यथार्थपरक रहेको छैन । तसर्थ फिर्ता आएको रकमलाई हटाई हिसाब तयार गर्ने व्यबस्था गर्नुपर्दछ ।

२०.२. सहुलियतपूर्ण कर्जातर्फ संचितकोषको वार्षिक आर्थिक विवरणको व्ययमा रु.१ अर्ब ४० करोड खर्च देखाएको छ । निकासा भएको सबै रकम खर्च हुन नसकी रु.२७ करोड ६ लाख ३७ हजार फिर्ता प्राप्त गरेकोमा खर्च नघटाई राजस्वतर्फ आम्दानी बाँधिएकोले राजस्व तथा खर्च अवास्तविक रुपमा वृद्धि हुन गएको छ । तसर्थ संचित कोषको हिसाब यथार्थपरक रहेको देखिंदैन ।

२०.३. प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन करको अद्यावधिक अभिलेख राखी सञ्चितकोषमा आम्दानी बाँधेको देखिएन । राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी जनाउनुपर्दछ ।

२१. **कार्य सञ्चालन कोष -** प्रदेश अन्तर्गतका कार्यालयहरूको अन्य कारोबारको आय-व्यय देखिने गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट सञ्चित कोषको हिसाब समावेश गरेको छैन । यो वर्ष कार्यसञ्चालन कोषतर्फको मौज्दात रु.५४ करोड ६२ लाख ५६ हजारमा यो वर्ष प्राप्त रु.९३ करोड १७ लाख ९ हजार समेत जम्मा रु.१ अर्ब ४७ करोड ७९ लाख ६५ हजारबाट खर्च भएको रु.८४ करोड ४७ लाख ५३ हजार घटाउँदा बाँकी रहेको रु.६३ करोड ३२ लाख १२ हजार एकीकृत हिसाबमा समावेश गर्नुपर्दछ ।

२२. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था भएकोमा चौमासिक रुपमा लेखापरीक्षण नगरेको, कानुनको परिपालना, स्रोतको नतिजामुलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरूमा सुझाव सहितको टिप्पणी नगरेको लगायतका अवस्था देखिएको छ । तसर्थ आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउनुपर्दछ ।

२३. **आर्थिक तथा वित्तीय सुशासन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेशभित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्थामा सुधार भएको छैन । प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** मन्त्रालय र मातहत समेत १४ निकायमा लगती बेरुजु देखिएको छैन ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार संघसँगको समन्वय र सहकार्यमा प्रशासन सञ्चालन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चारमाध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानुनहरूको तर्जुमा, समसामयिक संशोधन र फैसला कार्यान्वयन गर्ने कार्यमा सहयोग पुऱ्याउन यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष २ कार्यालयको विनियोजन रु.८० करोड ५२ लाख ५८ हजार, राजस्व रु.२ करोड ९ लाख १० हजार, धरौटी रु.३ करोड २५ लाख ९६ हजार र अन्य कारोवार रु.१० करोड १७ लाख ७८ हजार समेत रु.९६ करोड ५ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । संघीय सरकारका प्रहरी कार्यालय १२ लाई विनियोजनतर्फ रु.४० करोड ८७ लाख २९ हजार खर्च लेखाङ्कन गरेको रकम समेत लेखापरीक्षण अङ्कमा समावेश गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कानुन निर्माण -** संविधानको धारा ५७ मा प्रदेशको अधिकारतर्फ अनुसूची ६ मा उल्लेखित विषयमा निहित हुने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कानुनमध्ये २०७८ चैत्र सम्म ६२ ऐन, ३ अध्यादेश, ३१ नियमावली, ३ विनियमावली, ४ निर्देशिका, ३५ कार्यविधि, ५ मापदण्ड र १३ आदेश गरी १५६ वटा कानुन तथा कार्यविधिहरू निर्माण गरेको छ । उक्त कानुन तथा कार्यविधि मध्ये ११ ऐन, १० नियमावली, १ विनियमावली, १ निर्देशिका, ३ कार्यविधि र ५ आदेश गरी ३१ वटा संशोधन समेत भएको देखिन्छ ।

२. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सिमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । बागमती प्रदेश विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । जसअनुसार पूर्व स्वीकृत कार्यक्रममा मात्र तोकिएको सीमाभित्र रकमान्तर गर्न सकिने देखिन्छ । प्रदेश सरकार मन्त्रिपरिषद्को २०७८।०२।२९ को निर्णय अनुसार भैपरी आउने साधारण प्रशासन शीर्षकबाट कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रु.२० करोड रकमान्तर गरी यस मन्त्रालयलाई खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा उक्त रकम २०७८।०३।१७ मा कोभिड कोषमा ट्रान्सफर गरेको छ। कोभिड कोषबाट २०७८ आषाढ महिनामा स्थानीय तह विपद् व्यवस्थापन समितिलाई रु.११ करोड ११ लाख र जिल्ला विपद् व्यवस्थापन समितिलाई रु.६४ लाख अख्तियारी प्रदान गरेको छ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्च गरेको देखिन्छ । उक्त रकम समितिहरूबाट खर्च गरी काम हुन सक्ने समयावधि पनि रहेको देखिँदैन । यसरी बर्षान्तमा रकमान्तर गरी निकासा दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

३. **द्वन्द्व प्रभावितलाई सहायता -** द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा नं. ९ मा स्थानीय तहले स्वीकृत कार्यक्रम अनुसारको आम्दानी र खर्च सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले द्वन्द्व पीडित तथा विस्थापित परिवारका लागि सहायता वापत विनियोजन रकमबाट यस वर्ष ३१ स्थानीय तहलाई रु.१ करोड ३ लाख ५२ हजार निकासा दिएको छ । उक्त कार्यविधिमा तोकिए अनुसार रकम वितरण गरेको देखिने प्रतिवेदन मन्त्रालयमा पेस गरेको देखिएन । जसबाट मन्त्रालयले द्वन्द्व पीडितलाई सहायता वापत निकासा दिएको रकम पालिकाले सोही प्रयोजनमा खर्च गरे नगरेको यकिन गर्न सकिएन ।

४. **क्षेत्राधिकार बाहिरको खर्च -** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को अधिनमा रही सार्वजनिक खर्चलाई नियमित, व्यवस्थित, मितव्ययी, प्रभावकारी, जवाफदेही, पारदर्शी बनाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले १२ थान जीप खरिद गरी रु.३ करोड ३२ लाख २८ हजार र १६ थान पल्सर मोटरसाईकल खरिद गरी रु.३७ लाख ३६ हजार खर्च गरेको छ । खरिद भएका जीपहरू १२ जिल्ला प्रहरी कार्यालयलाई र मोटरसाईकलहरू १६ ईलाका प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको छ । अधिकार क्षेत्रभन्दा बाहिरको कार्यमा खर्च लेखे परिपाटीमा नियन्त्रण हुनुपर्दछ।

५. **विपद् कोष -** प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १८ मा प्रत्येक समितिले आर्थिक वर्षमा गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गरी पेस गर्नुपर्ने र बचत रकम मन्त्रालयको खातामा फिर्ता गर्नुपर्ने शर्त सहित मन्त्रालयले १७ पालिका र २ जिल्ला विपद् व्यवस्थापन समितिलाई रु.४ करोड ६१ लाख निकासा दिएकोमा ती निकायले मन्त्रालयमा खर्चको विवरण पेस नगरेकोले सोही प्रयोजनमा खर्च भए नभएको यकिन गर्न सकिएन । साथै प्राप्ती, खर्च र बचत खुल्ने विवरण माग गरी बाँकी रकम फिर्ता प्राप्त गर्नुपर्दछ ।

६. **कोरोना कोष -** बजेट निकासा तथा मार्गदर्शनमा प्राप्त बजेट रकमको खर्चको विवरण मासिक रुपमा महिना समाप्त भएको ७ दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने तथा निकासा बजेट मध्ये खर्च भई बाँकी रहेको रकम मन्त्रालयको कोरोना कोष खातामा फिर्ता गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले यो वर्ष बागमती प्रदेश कोरोना संक्रमण, नियन्त्रण तथा रोकथाम कोष खाताबाट पालिका तथा जिल्ला विपद् व्यवस्थापन समिति समेत १३२ निकायलाई निकासा भएको रु.१२ करोड ३९ लाख खर्चको प्रगति विवरण तथा बचत रकम फिर्ता भएको देखिएन । तसर्थ मन्त्रालयले प्राप्ती, खर्च र वचत खुल्ने प्रगति विवरण माग गरी बचत रकम फिर्ता प्राप्त गर्नुपर्दछ ।

७. **हेलिकप्टर भाडा -** सिन्धुपाल्चोक जिल्लाको लिदीमा २०७७।०४।२६ गते गएको पहिरोमा परी प्रभावित परिवारलाई राहत वितरणको लागि मुख्यमन्त्री सहितको टोलीले २०७७।०४।३१ मा दाल, चामल, स्वास्थ्य सामग्री, अस्थाई शौचालय, खानेपानी लगायतका रु.१ लाख ११ हजारको राहत सामग्री वितरण गर्न नेपाली सेनाको हेलिकप्टर प्रयोग गरी हेलिकप्टर भाडा वापत ३.१५ घण्टाको रु.२५ लाख ६८ हजार भुक्तानी दिएको देखिन्छ । हेलिकप्टर भाडा भुक्तानीको लागि पेस भएको २०७७।०६।१५ को कर विजक अनुसार १० र २०७७।०८।१२ को कर विजक अनुसार दुई पटक गरी कुल १२ पटक हेलिकप्टर प्रयोग भएको देखिन्छ। त्यसैगरी एक अर्को निजी कम्पनीको हेलीकप्टर ३ पटक प्रयोग गरे

वापत रु.३ लाख भुक्तानी दिएको छ । यसरी रु.१ लाख ११ हजारको राहत वितरणमा रु.२८ लाख ६८ हजार हेलिकप्टर भाडामा खर्च भएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

सञ्चार रजिष्ट्रारको कार्यालय

बागमती प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली, २०७६ ले तोकेअनुसार सञ्चार माध्यमको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने गरी २०७६ असारमा यस कार्यालयको स्थापना भएको छ ।

८. **जिम्मेवारी कार्यान्वयन -** प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली, २०७६ अनुसार प्रदेशभित्र पत्रपत्रिका दर्ता गर्ने, अभिलेख राख्ने, वर्गीकरण गर्ने, अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने, प्रदेशभित्र एक सय देखि एक हजार वाट्सम्मको रेडियो, एफएम र स्याटलाइट प्रणालीबाट प्रशारण हुने बाहेकको सञ्चार माध्यमको अनुमति, रेखदेख र सञ्चालनको नीति निर्माण र कार्यान्वयन गर्ने, इजाजत पत्र दिने, नवीकरण गर्ने, प्रसारणमा रोक लगाउन सकिने, नियमन गर्ने लगायतका कार्य समेत गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष रु.१ करोड ६६ लाख ३६ हजार खर्च गरेको छ । ऐन नियमबमोजिम सम्पादन गरेका कार्यको अभिलेख राखेको देखिएन । प्रभावकारी रुपमा कार्य सम्पादन एवम् नियमन गर्नुपर्दछ ।

९. **पत्रकार कल्याण कोष** - प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ अनुसार पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी घाइते भएको वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि पत्रकार कल्याणकोषको स्थापना गरेको छ । उक्त कोषमा कार्यालयको तर्फबाट गत वर्षकोसमेत रु.३० लाख र पत्रकारहरूबाट रु.५७ हजार समेत रु.३० लाख ५७ हजार जम्मा भएको छ । कोष सञ्चालन कार्यविधि र मापदण्ड तर्जुमा गरी उद्देश्य अनुरुप खर्च गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालयको लेखापरीक्षणबाट रु.५ करोड ३० लाख ९५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फर्स्यौंट भएको छैन । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, वन तथा भू-संरक्षण, वातावरण, जलवायु परिवर्तन अनुकुलन एवं धार्मिक तथा साँस्कृतिक क्षेत्रमा नीति, कानुन एवं कार्यक्रमको तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने उद्देश्यले मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष ३६ कार्यालयको विनियोजन रु.२ अर्ब ३९ करोड ७ लाख ८३ हजार, राजस्व रु.४९ करोड ६३ लाख ६९ हजार, धरौटी रु.१७ करोड ८० लाख ४९ हजार र अन्य कारोबार रु.३१ करोड ९५ लाख २१ हजार समेत रु.३ अर्व ३८ करोड ४७ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । साथै बक्यौतातर्फ १ निकायको विनियोजन रु.३ करोड २५ लाख ४९ हजार, राजस्व रु.४४ लाख ५ हजार, धरौटी रु.१२ लाख ५३ हजार समेत रु.३ करोड ८२ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना -** मन्त्रालयले पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१) मा समावेश भए अनुसार वन तथा संरक्षित क्षेत्र छिचोलेर जाने राजमार्गमा सुधार गरी वन्यजन्तु वारपार गर्न सक्ने सुरुङमार्ग वा पुलहरूको निर्माण गर्ने लक्ष्य राखेकोमा डिपिआर तयारी बाहेक निर्माण कार्यमा प्रगति भएको छैन । रसुवाको स्याफ्रुबेसीदेखि लामटाङ्ग उपत्यकाको क्यान्जिङ जाने रेडपान्डा पदमार्ग र संग्रहालयको विकास गर्ने कार्यक्रम रहेकोमा संग्रहालय स्थापनासम्बन्धी कार्य भएको छैन । लगानी प्रवर्द्धन बोर्ड स्थापना गर्ने सम्बन्धमा उद्यमी सोच प्रस्ताव आव्हान गरेकोमा उपयुक्त सोच पहिचान गरी कार्यान्वयन गराएको देखिएन । पर्यटन पूर्वाधारमा निजीक्षेत्रसँग सहकार्य गरी निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने र काठमाडौं उपत्यकाभित्र रहेका वातावरण प्रदूषण गर्ने उद्योगहरू विकल्पसहित अन्यत्र स्थानान्तरण गर्ने कार्यक्रम रहेतापनि कार्यान्वयन भएको देखिएन ।

यसैगरी पर्यटन सम्भावना भएका जिरी, शैलुङ्ग, कालिन्चोक, महाभारतक्षेत्र लगायतका हिल स्टेसनमा सडक पूर्वाधार स्तरीकरण गर्ने, पर्यटन सूचना केन्द्र स्थापना गर्ने, पर्यटन पूर्वाधारका क्षेत्रमा निजी क्षेत्रसँग सहकार्य गरी लगानी अभिवृद्धि गर्ने, त्रिभुवन राजपथ लगायतका मार्गलाई पर्यटन मार्गको रुपमा विकास गर्ने जस्ता कार्य आवधिक योजनामा प्राथमिकतापूर्वक उल्लेख गरेकोमा वार्षिक कार्यक्रममा समावेश गरेको छैन । आवधिक योजनामा उल्लेखित कार्यक्रमहरू वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट वक्तव्य -** मन्त्रालयले आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा प्रदेश भ्रमण दशक मनाउने उद्देश्य लिएकोमा होमेस्टे प्रवर्द्धन, नमुना पर्यटकीय गन्तव्य घोषणा, पर्यटकीय पूर्वाधार सुधार जस्ता क्षेत्रमा कार्य गरेको देखिएपनि ती कार्यक्रमहरू आवधिक योजनासँग आबद्ध नगरेकोले आवधिक योजना र बजेट वक्तव्यबीच समाञ्जस्यता देखिएन । मन्त्रालयले वैज्ञानिक वन व्यवस्थापन, बृहत् वृक्षारोपण, एक समूह एक वन उद्यम, हाइटेक नर्सरी स्थापना तथा सञ्चालन, वन्यजन्तु उद्धार केन्द्र स्थापना, जलवायु परिवर्तनको असर न्यूनिकरण, विज्ञान आइडिया इन्कुवेशन केन्द्र स्थापना, एक निर्वाचन क्षेत्र एक उद्योगग्राम, वनसम्बन्धी प्रयोगशाला स्थापना जस्ता विषय बजेट वक्तव्यमा समावेश गरेकोमा सिल्भिकल्चरमा आधारित वैज्ञानिक वन व्यवस्थापनमा न्यून प्रगति भएको, वृक्षारोपण पछि संरक्षणको प्रवन्ध नगरेको, हाइटेक नर्सरी र वन्यजन्तु उद्धार केन्द्रको विस्तृत परियोजना प्रतिवेदन तयार गरेपनि कार्यान्वयनमा नगएको, विज्ञान आइडिया इन्क्यूवेशन केन्द्र स्थापना सम्बन्धमा

सम्भाव्यता अध्ययनको कार्य मात्र भएको साथै वन प्रयोगशाला स्थापनामा उल्लेख्य प्रगति भएको देखिएको छैन । कार्यान्वयन योग्य कार्यक्रम मात्र बजेट वक्तव्यमा समावेश गरी प्रगति सूचकसँग आवद्ध गर्नुपर्दछ ।

३. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ र नियमावली, २०७६ को नियम ४१ मा रकमान्तर सम्बन्धी व्यवस्था छ । मन्त्रालयले जलाधार क्षेत्र संरक्षण र बहाव न्यूनीकरणमा शुरु बजेट रु.३७ करोड ४७ लाख ७५ हजारको ३८.१५ ले हुने रु.१४ करोड २९ लाख ६० हजार र पर्यटन प्रवर्द्धनमा शुरु बजेट रु.१८ करोड ३ लाखको ४६.९१ प्रतिशतले हुने रु. ८ करोड ४५ लाख ७५ हजार सम्म रकमान्तरबाट वजेट थप गरेको र पर्यटन पूर्वाधार निर्माणमा शुरु बजेट रु.१ अर्ब १६ करोड २३ लाखको २२.१३ प्रतिशतले हुने रु.२५ करोड ७२ लाख ३५ हजार रकमान्तरबाट घटाएको छ । प्रस्तावित कार्यक्रम अनुसार नै क्रियाकलापहरू संचालन गरी बजेट अनुशासन पालना गर्नुपर्दछ ।

४. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा २० लाख रुपयाँ भन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्नुपरेमा ऐनको दफा ३० बमोजिम राष्ट्रिय स्तरको समचारपत्रमा तोकिए बमोजिमको कुराहरू खुलाई राष्ट्रियस्तरको आशयपत्र माग गरी सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतमा परामर्श सेवा सम्बन्धित रु.५ लाखभित्रका रु.२६ लाख ६३ हजारका ६ प्याकेज सोझै र रु.२० लाख भित्रका १७ प्याकेजमा प्रस्ताव माग गरी सोझै खरिद गर्ने विधिबाट रु.२ करोड ९२ लाख ७९ हजारका लागत अनुमानकै हाराहारीमा खरिद भएको छ । एकै प्रकृतिको अध्ययन कार्यको लागि एउटै प्याकेज बनाई राष्ट्रियस्तरको प्रस्ताव माग गरी अधिकतम प्रतिस्पर्धाको आधारमा खरिद गर्न सकिनेमा मन्त्रालयले बिना प्रतिस्पर्धा खरिद गरेको छ । नियमानुसार प्रतिस्पर्धा हुनेगरी परामर्श सेवा खरिद गर्नुपर्दछ ।

५. **वन मुद्दा -** प्रदेशभित्रका १८ डिभिजन वन कार्यालयमा गत वर्षसम्मको बाँकी मुद्दा ८३ र यो वर्ष थप १७१ समेत २५४ मुद्दामा यस वर्ष अदालतबाट ३ र डिभिजन वनबाट ४६ मात्र फर्स्यौट भएकोले अदालतबाट २१ र डिभिजन वनबाट १८४ मुद्दा फर्स्यौट हुन बाँकी देखिन्छ । मुद्दा फर्स्यौटको भन्दा जिम्मेवारी सर्ने संख्या बढ्दै गएकोले फर्स्यौट प्रणालीमा सुधार हुनुपर्ने देखिन्छ।

६. **काठ दाउरा मौज्दात -** बागमती प्रदेश अन्तर्गतका ११ डिभिजन वन कार्यालयमा गत वर्षको मौज्दात ७ लाख ११ हजार १६२ क्यू फिट र यस वर्ष कटान ४ लाख ८७ हजार ६९२ क्यूविक फिटसहित सालका ११ लाख ९८ हजार ८५५ क्यू फिट तथा अन्य जातका गत वर्षको मौज्दात ४८ हजार २३५ क्यू फिट र यस वर्ष कटान २ लाख ३० हजार ३७७ क्यू फिटसमेत २ लाख ७८ हजार ६०३ क्यू फिट काठ रहेकोमा यो वर्ष साल ६ लाख ६१ हजार ७६८ क्यू फिट तथा अन्य जातका २ लाख ३७ हजार ५५१ क्यू फिट बिक्री गरी ५ लाख ३७ हजार ०८८ क्यू फिट साल तथा ४१ हजार ०५१ क्यू फिट अन्य जातका काठ मौज्दात रहेको छ। मौज्दात विवरण अनुसार रु.१६ करोड ३५ लाख ४८ हजार मूल्यको २९२ क्यूफिट र रू.१ करोड २६ लाख ३७ हजार मूल्यको ७२७ चट्टा दाउराको मौज्दात रहेको देखिन्छ । वर्षौदेखि कटान भई मौज्दात रहेका

काठहरू नै बिक्री भैसकेका छैनन् । मौज्दात रहेका काठ दाउरा समयमै लिलाम बिक्री नगर्दा घामपानीको कारणले गुणस्तरमा ह्रास आई प्रयोगमा ल्याउन नसकिने र बिक्रीबाट राजस्व आम्दानी घट्न जाने हुँदा समयमै लिलाम बिक्री गरी आम्दानी गर्नेतर्फ मन्त्रालयले ध्यान दिनुपर्दछ ।

७. **जग्गा उपयोग** - वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । बागमती प्रदेश अर्न्तगतका १४ वन कार्यालयले १४८ संस्थालाई ४ हजार २२० हेक्टर वन क्षेत्र उपलब्ध गराएकोमा बोलकबोल प्रथाद्वारा उपलब्ध गराएको देखिएन । यस वर्ष ६ संस्थाबाट रु.३० करोड २७ लाख ९१ हजार राजस्व प्राप्त भएपनि ८ संस्थाले राजस्व बुझाएको देखिएन । डिभिजन वन कार्यालय मकवानपुरले ८०.६६ हेक्टर वन क्षेत्रको जग्गा नेपाल विद्युत प्राधिकरणको हेटौडा ढल्केवर दुहवी ४०० के.भी. विद्युत प्रसारण लाईन आयोजना चौथो खण्ड निर्माणको लागि उपलब्ध गराई रू.१३ करोड ३५ लाख ४० हजार जग्गा उपयोगको राजस्व प्राप्त भएको छ । प्रति हेक्टर प्रति वर्षको दर तथा सम्झौता मिति तथा अवधि खुल्ने प्रमाण अभिलेखिकरण नगरेकोले वार्षिक रुपमा थप हुने राजस्व समेत खुल्ने देखिएन । वन क्षेत्रको प्रकृति, स्थान र सम्झौताको शर्त अनुसार राजस्व घट/बढ हुनेमा सम्झौता अभिलेखिकृत नहुँदा राजस्व आम्दानीमा समेत असर पर्ने देखिन्छ । प्रतिस्पर्धात्मक तवरले वन क्षेत्र उपलब्ध गराउने एवं सम्झौताको शर्त अनुसार वन क्षेत्रको जमिन प्रयोग गरेवापतको राजस्व असुल गर्नुपर्दछ।

८. **विरूवा उत्पादन** - मन्त्रालय मातहतका १३ डिभिजन वन कार्यालयले विउ खरिद, विरूवा उत्पादन, विरूवा खरिद तथा विरूवा रोपणमा रू.२ करोड ४४ लाख १६ हजार खर्च गरेको छ । उत्पादन, खरिद तथा वितरण गरेका बिरूवा वितरण तथा रोपणको अभिलेख राखेको छैन । प्रत्येक वर्ष फलफुल, जडिबुटी, घाँस तथा अन्य प्रजातीका बोट बिरूवा उत्पादन र रोपणमा खर्च हुने गरेको छ। रोपिएका बिरूवाको संरक्षण र प्रतिफल प्राप्तिको सम्बन्धमा कार्यालयले अनुगमन गरी अभिलेख राखेको छैन । बिरूवा उत्पादन र रोपणमा भएको खर्चको प्रभावकारिता र नतिजा प्राप्तिको अभिलेखिकरण गर्नुपर्दछ ।

९. **योजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावलीको, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभ ग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष रु.११ करोड २४ लाख ६५ हजारको विभिन्न ६७ योजना उपभोक्ता समिति मार्फत गराई कार्यसम्पन्न समेत गरेको छ । कार्यसम्पन्न पश्चात सम्बन्धित उपभोक्ता तथा लाभग्राहीलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको देखिएन । मर्मत सम्भार र रेखदेख समेत गर्ने गरी हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

१०. **वन तथा वातावरण व्यवस्थापन** - मन्त्रालयले २४ सय रोपनीमा व्यवसायिक वन विकास गरी ३२ सय रोपनीमा व्यवसायिक जडीबुटी खेती सम्पन्न भएको, १६ नर्सरीमार्फत १९ लाख विरुवा उत्पादन भएको, १६ सामुदायिक वनमा पर्यापर्यटन विकास गरेको, २८२ संवेदनशील क्षेत्रमा भू-क्षय नियन्त्रण र ९ हजार २३४ कि.मी. संरचना निर्माण गरेको जस्ता व्यहोरा मुख्य उपलब्धीको रुपमा समावेश गरेको छ । वन अतिक्रमण तथ्याङ्कका साथै अतिक्रमित वन व्यवस्थापनका सम्बन्धमा हासिल गरेको

उपलब्धीका सम्बन्धमा उल्लेख भएको पाइएन । गत वर्षको प्रतिवेदनमा प्रदेश अन्तर्गतका १३ जिल्लामा ७ हजार हेक्टर वन क्षेत्र अतिक्रमण भई निर्माण भएका १६ हजार घरटहरा व्यवस्थापन गरी अतिक्रमणको अवस्था रोक्न सुझाव दिएकोमा सुझाव कार्यान्वयनका प्रयास साथै प्राप्त उपलब्धी समावेश गरी प्रतिवेदन गरेको देखिएन । वन क्षेत्र अतिक्रमण नियन्त्रणका सम्बन्धमा कार्यक्रम सञ्चालन गरी प्रभावकारीता हासिल गर्नुपर्दछ ।

पर्यटन विकास आयोजना

बागमती प्रदेशस्थित पर्यटकीय क्षेत्रको विकास गर्न प्रदेश सरकार मन्त्रिपरिषद्को २०७५।६।२२ को निर्णयले २०७५।७।१९ मा आयोजनाको स्थापना भएको हो । आयोजनाले पर्यटन विकासको उद्देश्यबाट भ्यूटावर, इको पार्क, पदमार्ग, सडक मार्ग जस्ता पूर्वाधार निर्माण तथा पुरातात्विक दरबार र मठमन्दिरको जिर्णोद्धार गर्दै आएको छ । यस वर्ष आयोजनाले रु.२६ करोड २ लाख ७६ हजार खर्च गरेको छ ।

११. **ठेक्काको दायित्व सृजना -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(६) मा चालु वर्षको बजेटले नखाम्ने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। यस आयोजनाले वहुवर्षीय ठेक्का स्वीकृत नभएका सालवसाली प्रकृतिका २०७६।७७ देखिका रु.३३ करोड ३१ लाख ९२ हजारका २० ठेक्का यस वर्ष पनि सम्पन्न नगरी रु.२३ करोड ३६ लाख ८३ हजार दायित्व बाँकी राखेको छ। आयोजना सञ्चालन तथा बजेट व्यवस्थापनमा असर हुनेगरी सालवसाली रुपमा ठेक्का सम्झौता मार्फत दायित्व सृजना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१२. **भ्यू-टावर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ नियम २३ अनुसार मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम सम्बन्धी मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । आयोजनाले यस वर्ष ककनी, मुढे, सिद्धबाबा चुचुरोमा भ्यू-टावर, जिरी हिल स्टेशन प्याकेज लगायत १० स्थानमा भ्यू-टावर निर्माण गर्न रु.३५ करोड ७२ लाख ४१ हजारको लागत अनुमान स्वीकृत गरी रु.२८ करोड ५५ लाख ४४ हजारको खरिद सम्झौता गरेकोमा लाभ लागत विश्लेषण गरेको छैन । सम्झौता अनुसार ककनी, चित्लाङ र मुढे सिन्धुपाल्चोकको कार्य मात्र सम्पन्न भएको छ। बाँकी निर्माणकार्यको प्रगति ६० प्रतिशतभन्दा न्यून रहेको छ । लाभ लागतका आधारमा योजना छनौट गरी सुरु सम्झौता अवधिभित्रै सम्पन्न गर्ने गरी निर्माण कार्य व्यवस्थापन गर्नुपर्दछ ।

१३. **नदी किनारमा स्वीमिङ्गपुल -** समुदायमा आधारित पर्यटकीय पदमार्गमा पर्ने सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी खोला किनारामा रु.४ करोड ८१ लाख ८ हजारको लागत अनुमान र प्राकृतिक स्वीमिङ्गपुल निर्माणका लागि २०७६।१०।२६ को निर्णयानुसार श्रोत सुनिश्चितता प्राप्त गरी एक निर्माण व्यवसायीसँग रु.३ करोड ८ लाख ३४ हजारको खरिद सम्झौता भएको छ । पहिलो पटकका लागि २०७८।८।९ सम्म म्याद थप भएको कार्यमा तेस्रो रनिङ्ग बिलसम्म रु.२ करोड ३१ लाख ९९ हजार भुक्तानी भएको छ । नदी किनारामा स्वीमिङ्ग पुल बनाउने सम्बन्धमा माग एवं आवश्यकताको पहिचान र विश्लेषण गरेको देखिएन । नदी बहाबको जोखिम क्षेत्रमा निर्माणाधीन स्वीमीङ्ग पुल नदीबाट सुरक्षित गर्न वार्षिक रुपमा थप लगानी आवश्यक पर्ने अवस्था छ । स्वीमिङ्ग पुलबाट प्राप्त हुने प्रतिफल व्यवस्थापनका साथै संचालनका सम्बन्धमा समेत नीतिगत स्पष्टता देखिँदैन । संरचनाको संरक्षणकै लागि समेत नियमित खर्च गर्नुपर्ने स्थिति छ । लाभ लागत विश्लेषणका आधारमा विस्तृत परियोजनामा प्रतिवेदन तयार गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

डिभिजन वन कार्यालयहरू

१४. **व्यक्तिगत खातामा रकम दाखिला -** डिभिजन वन कार्यालय रासी, हेटौडाले निजी क्षेत्रको एक सिमेण्ट उद्योगसँग मकवानपुर जिल्ला कैलाश गाउँपालिका रुक्चेमा चुन ढुँगा उत्खननका लागि वनक्षेत्र प्रयोग गर्न भोगाधिकार सम्झौता गरेको छ । सम्झौताको बुँदा नं. ३ र ४ मा रहेको प्रावधान अनुसार कम्पनीले नर्सरी मर्मत र विरुवा उत्पादनको रु.८ लाख ६३ हजार तत्कालीन सहायक वन अधिकृतको एन.एम.वि.बैंक स्थित व्यक्तिगत खातामा र वृक्षारोपणको प्रथम किस्ता रु.३५ लाख रा.वा. बैंक वरगाछीमा रहेको कार्यालयको खातामा दाखिला भएको छ । सिमेण्ट उद्योगसँगको सम्झौता लेखापरीक्षणमा पेस नभएकोले बाँकी किस्ता प्राप्ती सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन। सिमेण्ट उद्योगसँगको सम्झौता पेस गरी बाँकी रकम असुल हुनुपर्दछ । साथै सरकारी रकम व्यक्तिगत खातामा दाखिला गर्न मिल्ने नदेखिएकोले राजस्व खातामा दाखिला गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५. **जडिबुटी उत्पादन -** डिभिजन वन कार्यालय, रामेछापले जडिबुटीको बिरुवा उत्पादन, जडिबुटिको बिरुवा खरिद तथा वितरण र रोपण कार्यमा रु.४२ लाख ९९ हजार खर्च गरेको छ । विरुवाहरुको रोपण, जिवित बिरुवाको संख्या र संरक्षणको कार्य योजनासहित उत्पादन भएको जडिबुटीको भण्डारण, बजारीकरण र निकासी राजस्वको स्थिति सम्बन्धी अभिलेख तयार गरेको छैन। रोपण गरेका जडिबुटीका बिरुवाहरू ७० प्रतिशतमात्र जिवित रहेको कार्यालयले प्रतिकृया दिएको छ । रोपिएका मध्ये ३० प्रतिशत जडिबुटिका बिरुवाहरूको मृत्यु हुँदा रु.१२ लाख ९० हजार नोक्सानी भएको छ । रोपिएका बिरुवाहरूको औसत मृत्युदरको स्वीकृत मापदण्ड पेस नभएको हुँदा कार्यक्रम सञ्चालन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू

१६. **लागत सहभागिता -** मुख्यमन्त्रीस्तरको २०७६।९।२४ को निर्णय अनुसार उपभोक्ता समितिले लागत अनुमानको न्यूनतम १० प्रतिशत नगद वा श्रमदान व्यहोर्नुपर्ने व्यवस्था छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, ललितपुरले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएका विभिन्न कार्यमा १० प्रतिशत भन्दा न्यून जन सहभागिता हुनेगरी कार्य गराएको छ । निर्माण कार्यमा रु.२६ लाख २ हजार घटी लागत सहभागिता हुने गरी भुक्तानी भएको देखियो । निर्धारित लागत सहभागिता नगराई कार्यक्रम कार्यान्वयन गर्न मिल्ने देखिएन। लागत सहभागिता जुटाई निर्माण कार्य गर्नुपर्दछ ।

१७. **बिल बिजक -** भू तथा जलाधार कार्यालय, ललितपुरले मन्डिखाटार, काठमाडौंको एक उपभोक्ता समितिलाई निर्माण सामग्री खरिद वापत रु.४७ लाख ५० भुक्तानी गरेकोमा समितिले एक निर्माण सेवाको ३०१ देखि ३४४ सम्मको लगातारको ४४ थान बिल संकलन गरी रु.१४ लाख १९ हजारको ढुङ्गा गिट्टी बालुवा खरिद गरेको छ । बिल नम्बर ३०१ को विजक २०७७।११।१० मा जारी भएको र ३४४ बिजक नम्बर २०७८।३।९ मा जारी भएको देखिन्छ । कुनै एउटा आपूर्तकले ४ महिनासम्म एक समितिलाई मात्र बिक्री गरेको देखिने बिल बिजकको विश्वसनीयता देखिएन। उक्त आपूर्तिकर्ताको स्थायी लेखा नम्बर आन्तरिक राजस्व विभागको वेब साइटमा खोजी गर्दा २०७२।७३ देखिनै कारोबार नदेखाई निस्क्रिय रहेको देखिएकोले पेस भएको बिल बिजकको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी छानबिन गर्नुपर्दछ ।

१८. **तारजाली खरिद -** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद नियमावलीको नियम ९७ बमोजिमको प्रकृया पुरा गर्नुपर्दछ । उपभोक्ता समिति/लाभग्राही समुदायबाट

निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि, रोजगारीको सृजना र लाभग्राही समुदायको सहभागिता हुनुपर्ने व्यवस्था छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिन्धुपाल्चोकले विभिन्न आयोजनाको कार्यक्षेत्र भित्रका ५ जिल्लाका १०६ उपभोक्ता समितिलाई रु.४ करोड ८१ लाख ३० हजार भुक्तानी गर्दा रु.३ करोड २ लाख ४८ हजार ग्याबिन तारजालीको लागि मात्र भुक्तानी भएको छ ।

निश्चित आपूर्तकबाट बिना प्रतिस्पर्धा तारजाली खरिद गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गर्ने, सिन्धुपाल्चोक जिल्लाका समितिहरूले समेत नुवाकोटको आपूर्तकबाट सामान खरिद गर्ने र अन्य भौगोलिक क्षेत्रका उपभोक्ताहरू समेत एकै आपूर्तकबाट सामान खरिद गर्न जानुपर्ने विश्वसनीय आधार देखिँदैन । यससम्बन्धमा विश्लेषण हुनुपर्दछ ।

घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुपाल्चोक

१९. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालयले रु.६४ लाख ५० हजार, मकवानपुरले रु.२६ लाख ६९ हजार. रामेछापले रु. ५९ लाखको मेसिन, उपकरण तथा सामग्री खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद नगरी सोझै खरिद गरेको छ । नियमावलीले व्यवस्था गरेको विधि अवलम्वन गरी खरिद गर्नुपर्दछ ।

२०७६।७७ (बक्यौता)

२०. **लघु उद्यम विकास -** घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुपाल्चोकले गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि भोटेकोशी, त्रिपुरा सुन्दरी, लिसंखुपाखर, सुनकोशी र बलेफी गाउँपालिका तथा बाह्रविसे नगरपालिकालाई एक र पाँचपोखरी, हेलम्बु, ईन्द्रावती र जुगल गाउँपालिका तथा मेलम्ची र चौतारा साँगाचोकगढी नगरपालिकालाई अर्को गरी दुई क्लस्टरमा विभाजन गरेको छ। कार्यालयले उक्त दुई क्लस्टरमा कार्यक्रम संचालन गर्न रु.१ करोड ३ लाख ८६ हजारमा दुई संस्थासँग सम्झौता गरेको छ । सेवा प्रदायक संस्थासँग भएको सम्झौता अनुसार क्लस्टरभित्र लामो तथा छोटो अवधिका विभिन्न तालिम कार्यक्रम २०७६ माघको दोस्रो हप्तादेखि आषाढको तेस्रो हप्तासम्म संचालन गर्ने उल्लेख गरी समय तालिका पेस भएको छ । २०७६ चैत्र ११ देखि कोभिड-१९ को कारण देशव्यापी निषेधाज्ञा भएको कारण २५ जनाभन्दा बढी जम्मा हुन नपाउने र तालिम, गोष्ठी लगायत कार्यक्रम संचालन गर्न नपाउने अवस्थामासमेत ती संस्थाले कार्यसम्पन्न गरेको भनी रु.१ करोड १ लाख ८१ हजार भुक्तानी भएको छ । निषेधाज्ञा अवधिमा २५ भन्दा बढी सहभागी समावेश गरी कार्यक्रम सञ्चालन गरेको हो भन्ने सम्बन्धमा यकिन गर्नुपर्दछ। साथै कार्यालयले खर्चको प्रगति प्रतिवेदन बाहेक कार्यक्रम संचालनबाट प्राप्त उपलब्धीको अनुगमन तथा अभिलेखांकन समेत गरेको देखिएन ।

२१. **प्रविधि हस्तान्तरण -** लघु घरेलु तथा साना उद्यमी प्रविधि (मेसिन उपकरण) हस्तान्तरण कार्यविधि, २०७३ मा उल्लेख भए बमोजिम प्रविधि हस्तान्तरणको लागि रु.४३ लाख बजेट प्राप्त भएकोमा कार्यालयले छनौट गरेका ५८ मध्ये ५५ जना कृषकलाई खानेपानी ड्रम, सिलाई मेसिन, डिफ्रीज, साईजर मेसिन, जेनेरेटर लगायत रु.४५ लाख ३४ हजारका सामग्री वितरण गरी कार्यालयबाट रु.३६ लाख ८२ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्:

२१.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने तथा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलाई प्रविधि हस्तान्तरण अन्तरगत २०७६।१२।२७ मा ईच्छुक आपुर्तीकर्ताहरू सुचीकृत हुन सूचना प्रकाशन गरी सूची दर्ता गरेको एक सप्लार्यसबाट कबोल दरमै खरिद गरी रु.३६ लाख ८२ हजार खर्च गरेको छ । जसबाट खरिद कार्यमा प्रतिस्पर्धा भएको देखिएन ।

२१.२. लघु घरेलु तथा साना उद्यमी प्रविधि (मेसिन उपकरण) हस्तान्तरण कार्यविधि, २०७३ तथा उद्यमीसँगको सम्झौताको सशर्तमा व्यवसाय तथा उद्यमलाई ५ वर्षसम्म निरन्तरता दिनुपर्ने र उपलब्ध गराईएको प्रविधि हस्तान्तरण तथा बिक्री गर्न नपाईने उल्लेख छ । कार्यालयले यस वर्ष ५५ जना उद्यमीलाई लागत साझेदारी समेत रु.४५ लाख ३४ हजारको प्रविधि उपलब्ध गराएकोमा सोको सदुपयोगको सम्बन्धमा अनुगमन गरी उद्देश्य अनुरुप सञ्चालन भएको सुनिश्चित हुनुपर्दछ।

२२. **नवीकरण शुल्क** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(३) मा राजस्वको अभिलेख स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले राजस्व आम्दानी सफ्टवेयरबाट मात्र हुने भनी गरेको विवरण पेस गरेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार कार्यालयले व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत रु.४४ लाख ४ हजार आम्दानी गरेको छ । कार्यालयले यस वर्ष नवीकरण वापत दस्तुर उठाएको छैन । तोकिएको समयभित्र नवीकरण नगर्ने फर्महरूको विवरण अद्यावधिक नभएको कारण प्राप्त हुन बाँकी नवीकरण शुल्क यकिन गर्न सकिएन । तोकिएको अवधिभित्र विवरण अद्यावधिक नगर्ने संस्थाहरूबाट अद्यावधिक गराई जिम्मेवार गराउनुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहतका समेत ३१ निकायमा रु.८ करोड ४८ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु.३५ लाख ७२ हजार फर्स्यौट गरेकोले रु.८ करोड १२ लाख ७० हजार बेरुजु देखिएको छ । सोमध्ये रु.२३ लाख ७९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

➢ बक्यौता १ निकायमा रु.७ लाख ५४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनबाट फर्स्यौट भएको छैन । यससम्बन्धी विवरण अनुसूची-९(क) मा रहेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश भित्रको कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहत समेतका ३८ कार्यालयको विनियोजन रु.२ अर्ब ४९ करोड ८० लाख २७ हजार, राजस्व रु.८ अर्ब ४३ करोड २९ लाख ७१ हजार, धरौटी रु.७ करोड ८८ लाख ३८ हजार र अन्य कारोबार रु.२० करोड १५ लाख १२ हजार समेत रु.११ अर्ब २१ करोड १३ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । साथै १ बक्यौता कार्यालयको विनियोजन रु.२ करोड ७ लाख २५ हजार, राजस्व रु.२४ लाख २५ हजार, धरौटी रु.६ लाख ४६ हजार समेत रु.२ करोड ३८ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा उल्लेख भएको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, चरण तथा खर्क, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमिसुधार, भू-उपयोग, वर्गीकरण तथा चक्लाबन्दी, जग्गा दर्ता, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा लगायतका कार्य हुन बाँकी रहेको छ । कार्यतालिका बनाई तोकिएको कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **बजेट वक्तव्यको कार्यान्वयन -** बागमती प्रदेशको २०७७।७८ को नीति तथा बजेटमा उल्लेख भएका यस मन्त्रालयसँग सम्बन्धित निम्न कार्यक्रमहरू कार्यान्वयन हुन सकेको देखिएन:

बजेट बक्तव्यमा उल्लेखित कार्यक्रम	कार्यान्वयन अवस्था
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र चाइना एकेडेमी अफ एग्रिकल्चर मेकानाइजेसन साइन्सबीच भएको समझदारी अनुसार दुग्ध विकास कार्यक्रम मार्फत गरिबी निवारण नामक परियोजना संचालनका लागि प्रदेश दुग्ध विकास वोर्ड मार्फत सेयर लगानी गर्ने ।	अध्ययन टोली गठन गरी स्थलगत अध्ययन गरेको तर प्रगति भैनसकेको ।
सिन्धुली जिल्लाको हरिहरपुरगढी गाँउपालिका वडा नं. ४ हाकपारा जुटपानीमा स्थानीय तहसँगको सहकार्यमा प्रदेश सरकारले संचालन गर्ने गरी एकीकृत नमूना कृषि फार्म स्थापना गर्ने ।	एकीकृत नमुना कृषि फार्म निर्माण तथा संचालनको मोडालिटी तयार गर्ने समिति गठन भएको र गाउँपालिकाद्वारा डिपिआर निर्माण गर्ने कार्य जिम्मेवारी रहेकोमा सो डिपिआर प्राप्त हुन नसकेको ।
चितवन, धादिङ्ग, मकवानपुर, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखा, नुवाकोट, रसुवा जिल्लाहरूमा शीत भण्डारणहरू निर्माण सम्पन्न हुने ।	निर्माणाधीन ११ शीतभण्डारणहरूको ७२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
कृषि उत्पादनको मूल आधार, अनुसन्धान शिक्षा र प्रसार भन्ने अवधारणालाइ कार्यान्वयनमा लैजान	कृषि तथा वन विज्ञान विश्वविद्यालय तथा त्रिभुवन विश्वविद्यालयमा कृषि अध्ययनरत

कृषि तथा वन विज्ञान विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई अनुसन्धान फेलोसिप प्रदान गर्ने ।	फेलोसिप गर्न सम्झौता सम्पन्न भएकोमा कोभिड-१९ का कारण अनुसन्धान फेलोसिप सम्पन्न हुन नसकेको।
मकवानपुर जिल्लामा पाउडर दूध प्लान्टको स्थापना, हेटौडामा तरकारी फलफूल थोक बजार निर्माण र चितवन जिल्लामा चक्लेट, क्याटवरी सहितको दूध प्रशोधन केन्द्र निर्माण गर्ने ।	मकवानपुर जिल्लामा दुध पाउडर प्लान्ट निर्माण कार्य ३० प्रतिशत सम्पन्न भएको, हेटौडामा तरकारी फलफूल थोक बजार निर्माण कार्य शिलन्यास भै निर्माणको चरणमा रहेको, चितवन जिल्लामा चक्लेट, क्याटवरी सहितको दूध प्रशोधन केन्द्र निर्माणका लागि बोलपत्र मूल्याङ्कनको क्रममा रहेको देखिएको छ।

वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका कार्यको कार्यान्वयन गर्नुपर्दछ ।

३. **सहकारीहरूको सूचना तथा तथ्याङ्क -** सहकारी ऐनमा प्रत्येक सहकारीहरूले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र साधारण सभा गर्नुपर्ने र साधारण सभा गरेको १५ दिनभित्र लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष समयमा साधारण सभा र लेखापरीक्षण प्रतिवेदन पेस नगर्ने सहकारीहरूबाट रु.९ लाख ८५ हजार जरिवाना वापतको राजस्व असुल गरेको छ । मन्त्रालयले प्रदेशमा रहेका कुल सहकारीमध्ये ६ महिनाभित्र साधारण सभा र लेखापरीक्षण प्रतिवेदन पेस गर्ने तथा नगर्ने सहकारीको अभिलेख राखेको छैन । सहकारी सम्बन्धी न्यूनतम तथ्यांक र अभिलेख नराखी आम्दानी देखाएको जरिवाना रकम सही र यथार्थ मान्न सकिएन। तोकिएको समयभित्र साधारण सभा नगर्ने र लेखापरीक्षण प्रतिवेदन पेस नगर्ने सहकारीहरूको विवरण अद्यावधिक गरी जरिवाना असुल गर्नुपर्दछ ।

४. **डकुमेन्ट्री तथा प्रशारण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयको अनुदान वितरण लगायतका कार्यक्रमसँग सम्बन्धित बिषयमा डकुमेन्ट्री निर्माण तथा सूचना प्रकाशन प्रशारण गर्न ३० सेवा प्रदायक कम्पनीहरूसँग प्रतिस्पर्धा बेगर सोझै सम्झौता गरी रु.८१ लाख १२ हजार भुक्तानी गरेको छ । प्रतिस्पर्धाको माध्यमबाट मितव्ययी तवरले सेवा खरिद गर्नुपर्दछ ।

५. **शीतभण्डार -** मन्त्रालयको ७० प्रतिशत र साझेदार सहकारी संस्थाको ३० प्रतिशत लागत साझेदारीमा शीतभण्डार निर्माण गर्न रु.१ अर्ब ६ करोड २८ लाख ७ हजार को सम्झौता गरी ८ साझेदार संस्थाबाट सम्झौता रकमको ३० प्रतिशतले हुने रु.३१ करोड ८८ लाख ४२ हजार प्राप्त हुनुपर्नेमा रु.१६ करोड ५४ लाख ९ हजार मात्र प्राप्त भएको छ । साझेदार संस्थाले आफूले व्यहोर्नुपर्ने ३० प्रतिशत रकम आफैंले व्यहोरी स्थानीय तहबाट ८ साझेदार संस्थाबाट सम्झौता बमोजिमको रु.१५ करोड ३४ लाख ३३ हजार असुल गरी प्रदेश संचित कोष दाखिला गर्नुपर्दछ ।

साथै लेखापरीक्षण अवधिसम्म रु.१८ करोड ८८ लाख २९ हजार लागतमा निर्माणाधिन ५ शीतभण्डारको लागि यो वर्ष रु.४ करोड ३४ लाख ४८ हजार खर्च भएको छ । साथै साझेदार संस्थाहरूको लागत साझेदारीबाट प्राप्त रु.६ करोड ३८ लाख २२ हजार समेत थप लगानी भएको

छ। निर्माणाधीन ५ शीतभण्डारको स्वामित्व शून्य लगानी गर्ने साझेदार संस्थाहरूकै नाममा रहेको देखियो । शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा ४ अनुसार प्रदेश सरकारको एकल लगानीमा सञ्चालन हुने वा भएका शीतभण्डार गृहहरू बाहेक शीतभण्डार गृहको सम्पत्ति माथिको स्वामित्व सम्बन्धित स्थानीय तहको हुने व्यवस्था समेत गरेको हुँदा शीतभण्डारको सम्पत्ति माथिको स्वामित्व, सञ्चालन व्यवस्थापनको जिम्मेवारी र प्राप्त प्रतिफल सम्बन्धित स्थानीय तहको हुनुपर्दछ ।

६. **निर्माण स्थगन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क२) बमोजिम खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार गर्ने पदाधिकारी र परामर्शदातालाई प्रचलित कानुन बमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ । तर एक फुड प्रोड्क्सन एण्ड रिसर्च सेन्टरलाई शीतभण्डार निर्माण कार्य बापत रु.२९ लाख ६२ हजार भुक्तानी गरेकोमा निर्माण स्थल हाईटेन्सन लाईन नजिक रहेको जनाई निर्माण कार्य रोक्का भएको छ । शीतभण्डार निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा नै उक्त समस्याको बारेमा जानकारी हुनुपर्नेमा मन्त्रालयबाट लगानी गरिसकेपछि मात्र जानकारी भएको कारण सरकारी रकमको अपव्यय भएको छ । तसर्थ निर्माण स्थलको अध्ययन नगरी शीतभण्डार निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदाता तथा स्वीकृत गर्ने पदाधिकारीलाई खर्च रकमको सम्बन्धमा जिम्मेवार बनाउनु पर्दछ ।

७. **मध्यवर्ती क्षेत्रमा कार्य** - संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५ को पहिलो कार्यनीतिमा नेपाल सरकारको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू बाहेक अन्य आयोजना सञ्चालन गर्न राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको जग्गा उपलब्ध नगराईने व्यवस्था छ । मन्त्रालयले विस्तृत परियोजना प्रतिवेदन तयार नगरी २०७५।७६ मा ठेक्का सम्झौता गरी चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा ६ प्याकेजमा रु.१२ करोड १९ लाख ९९ हजार खर्च गरेको छ । उक्त निकुञ्ज कार्यालयले निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने स्थानहरूमा आरसिसि वाल निर्माण गर्नुपूर्व राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सहमति नलिएको व्यहोरा जनाएको छ। स्वीकृत परियोजना प्रतिवेदन र कार्यनीति विपरीत मध्यवर्ती क्षेत्रमा पर्खाल निर्माण कार्यको प्रस्ताव तथा स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई कार्यनीति पालना गर्नुपर्दछ।

८. **थप आर्थिक दायित्व** - प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ को नियम १६ अनुसूची १ मा थप आर्थिक दायित्व बहन गर्ने व्यवस्था नभएकोमा मन्त्रालयको ७० प्रतिशत र एक फलफूल तथा तरकारी सहकारी संस्था लिमिटेड, बेनिघाट रोराङको ३० प्रतिशत लागत साझेदारीमा एक हजार पाँच सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माण कार्यको लागि सम्झौता भएको छ । उक्त शीतभण्डार गृह निर्माण गर्न रु.१२ करोड ८३ लाख ७० हजारमा सम्झौता भएकोमा साझेदार संस्थाबाट सम्झौता अनुसार कुल ठेक्का रकमको ३० प्रतिशतले हुने रु.३ करोड ८५ लाख ११ हजार हालसम्म पनि प्राप्त नभएकोले उक्त रकम समेत प्रदेश सरकारले व्यहोर्ने प्रस्ताव प्रदेश मन्त्रिपरिषद्बाट २०७८।३।१ मा स्वीकृत गरेको छ । स्वीकृत निर्देशिका र सम्झौता विपरीत पटके निर्णय गरी शतप्रतिशत अनुदान दिएको देखियो । यस्तो संस्थाबाट लागत साझेदारीको अंश असुल गर्ने वा शीतभण्डारको स्वामित्व प्रदेश सरकारको हुने व्यवस्था मिलाउनुपर्दछ ।

९. **अनुदान कार्यविधि** - प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट उपलब्ध गराउने अनुदान रकमलाई व्यवस्थित गर्न प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४

अनुसार प्रदेश सरकारले प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ निर्माण गरेको छ । उक्त कार्यविधिको बुँदा नं. ३ मा मन्त्रालय वा निकायबाट विभिन्न विकासका कार्यक्रमका लागि प्रदान गरिने अनुदान प्रणालीमा एकरुपता ल्याउने गरी कार्यविधि निर्माण गर्न सकिने उल्लेख छ । मन्त्रालयले बजेट तथा कार्यक्रम संचालनका लागि कार्यक्रमै पिच्छे फरक फरक कार्यविधि निर्माण गरी लेखापरीक्षण अवधिसम्म १३१ कार्यविधि निर्माण गरी यस वर्ष रु.९९ करोड २८ लाख अनुदान वितरण गरेको छ । यसरी निर्माण भएका कार्यविधि र प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि बीच सामञ्जस्यता नरहेका केही व्यहोराहरू यस प्रकार रहेका छन्:

९.१. प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ७ (ङ) मा अनुदानग्राही छनौट गर्दा मितव्ययी, पारदर्शी र प्रतिस्पर्धी हुनुपर्ने उल्लेख छ। मन्त्रालयबाट निर्माण गरिएको साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ७ मा चितवन जिल्लाको राप्ती नगरपालिका र मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाका कृषक तथा सहकारीहरूमात्र सहभागी हुन सक्ने उल्लेख छ । जसबाट कार्यविधिले प्रतिस्पर्धा सीमित गरेको छ ।

९.२. प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बुदा नं. ८ मा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि सोही क्रियाकलापमा दोहोरो अनुदान प्रयोग हुने गरी अनुदान उपलब्ध गराउन नसकिने व्यवस्था गरेको छ । मन्त्रालयबाट तयार गरेको कार्यविधिहरूमा लाभग्राही समुदाय वा साझेदारले बेहोर्ने अंश स्थानीय तह तथा अन्य सार्वजनिक निकायले अनुदान मार्फत उपलब्ध गराउन सक्ने व्यवस्था गरेको कारण कोल्डच्याम्वर निर्माण कार्य अन्तर्गत साझेदार संस्थाले बेहोर्ने रकम साझेदार संस्थाको तर्फबाट स्थानीय तहले ब्यहोरेको देखियो। यसबाट एउटै क्रियाकलापमा प्रदेश सरकार र स्थानीय तहबाट दोहोरो हुने गरी अनुदान दिएको छ ।

९.३. प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले विभिन्न कार्यविधि बनाई सोही आधारमा यो वर्ष रु.९९ करोड २८ लाख अनुदान खर्च गरेको छ । मन्त्रालयले वितरीत अनुदानबाट उद्देश्य अनुरुप सर्वसाधारणले लाभ प्राप्त गरे नगरेको अनुगमन गरेको छैन ।

१०. **कार्यविधि संशोधन -** मन्त्रालयले मातहतका निकायबाट वार्षिक कार्यक्रम संचालन गर्दा एकरुपता ल्याउन तथा कृषक छनौटको मापदण्ड निर्धारणका लागि कुल १३१ कार्यविधि निर्माण गरेको छ । ती कार्यविधिहरू मध्ये अधिकांश कार्यविधि वार्षिक बजेट तथा कार्यक्रमसँगै संशोधन गर्ने गरेको देखिन्छ । मन्त्रालयले कार्यक्रमै पिच्छे कार्यविधि तयार गर्ने तथा कार्यविधि वार्षिक रुपमा संशोधन गर्ने गरेको कारण सामान्य कृषकहरू यस विषयमा जानकार नहुने र कुनै निश्चित परियोजना स्वीकृत गर्ने प्रयोजन कै लागि कार्यविधि संशोधन हुने गरेको छ । मन्त्रालयले १ पटकदेखि ६ पटकसम्म संशोधन गरेको केही कार्यविधिहरू देहायअनुसार रहेका छन्:

सि नं.	कार्यविधि	संशोधन पटक	पछिल्लो पटक संशोधन मिति
१	कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्याविधि, २०७५	४	२०७८।०५।०१
२	दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७५	६	२०७८।१०।१८
३	मत्स्यपालनको लागि विद्युत खपत महशुलमा अनुदान कार्यक्रम कार्यविधि, २०७७	२	२०७८।०५।१९
४	डीप बोरीङ्ग निर्माण तथा सचालन कार्यविधि, २०७५	२	२०७८।०५।०१

५	उन्नत बीउ उत्पाादन कार्यक्रम प्रोत्साहन कार्यविधि, २०७७	१	२०७८।०५।०१
६	मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम संचालन कार्याविधि, २०७६	१	२०७८।०५।०१
७	साझेदारीमा दुध यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७	१	२०७८।०६।१३
८	साझेदारीमा दुध संकलन केन्द्र स्थापना (चिलिङ्ग भ्याट सहित) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७	१	२०७८।०६।१४

कृषि विकास निर्देशनालय

निर्वाहमुखि कृषि प्रणालीलाई यान्त्रीकरण, व्यवसायीकरण र बजारीकरणको माध्यमबाट व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी बागमती प्रदेशका कृषकको जीवनस्तरमा सुधार ल्याउन तथा कृषि क्षेत्रको दीगो विकास गर्ने उद्देश्यका साथ यस निर्देशनालयको स्थापना भएको छ ।

११. **दोहोरो अनुदान -** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा नं. ८ मा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही क्रियाकलापमा दोहोरो हुने गरी अनुदान उपलब्ध गराउन नसकिने व्यवस्था गरेको छ । निर्देशनालयले सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँपालिका स्थित एक कृषि फार्मलाई एकीकृत मोडेल फर्म निरन्तरता कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा ८० मेट्रीक टन क्षमता भएको भण्डार गृह निर्माणसहितको कार्यका लागि रु.४९ लाख ३२ हजार अनुदान दिएको छ । सोही फर्मलाई ५० प्रतिशत लागत साझेदारीमा १५ टनभन्दा बढी क्षमताको फेब्रिकेटिङ्ग कोल्ड च्याम्बर निर्माण गर्न रु.१० लाख ५७ हजार अनुदान दिएको छ । प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि अनुसार दोहोरो अनुदान दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१२. **समितिबाट खरिद -** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा नं. ११ (१) मा अनुदान रकमबाट कार्यक्रम संचालन गर्दा अपनाउनुपर्ने खरिद व्यवस्थापन सम्बन्धी प्रकृया प्रचलित कानुन सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार हुने उल्लेख छ । यस्तै सोही कार्यविधिको बुँदा नं. १४ (च) मा अनुदानग्राहीले अनुदानको रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र प्रदेश सार्वजनिक खरिद नियमावली बमोजिम हुनुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७ मा जटिल प्राविधिक क्षमता आवश्यक पर्ने कार्य उपभोक्ता समितिबाट गराउन नसकिने व्यवस्था छ । डिपबोरीङ्ग संचालन तथा कार्यान्वय कार्यविधि, २०७५ मा डिपबोरिङ्ग निर्माण तथा सोलार खरिद कार्य उपभोक्ता समितिमार्फत नै खरिद गर्न सक्ने गरी कार्यविधि तयार गरेको छ। सोही कार्यविधि अनुसार प्रथम चरणमा २३ र दोश्रो चरणमा २९ वटा उपभोक्ता समितिबाट रु.१२ करोड ८५ लाख ६३ हजारको कार्य गरेकोमध्ये खरिद कार्य मात्र रु.१२ करोड १३ लाख १२ हजारको रहेको देखिन्छ । उक्त खरिद कार्य विभिन्न प्रा.लि. बाट सोझै खरिद भएको छ ।

त्यसैगरी लिफ्ट सिँचाइ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को बुँदा नं. १० मा उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्ने उल्लेख भएअनुसार निर्देशनालयले लिफ्ट सिँचाइका लागि आवश्यक सोलार प्यानलसहितका मालसामान उपभोक्ता समिति मार्फत नै खरिद गर्ने गरी सम्झौता गरेको छ । सोही अनुसार निर्देशनालयले ४४ योजनामा रु.११ करोड १६ लाख ७० हजार अनुदान उपलब्ध गराएको उपभोक्ता समितिले रु.११ करोड ७५ लाख ४७ हजारको कार्य गरेकोमा विभिन्न ५

सप्लायर्सबाट रु.८ करोड ९३ लाख ७ हजारको सोलार प्यानल लगायतका सामग्री सोझै खरिद गरेको छ ।

यसरी सार्वजनिक खरिद नियमावली विपरीत कार्यविधि स्वीकृत गरी सो अनुसार समितिसँग लागत अनुमानको हाराहारीमा सम्झौता गर्ने र आपूर्तकबाट बिना प्रतिस्पर्धा सोझै खरिद गर्दा मितव्ययी कार्य भएको देखिएन ।

१३. **अनुदान प्रतिशत -** एकीकृत मोडल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७६ को दफा नं ४ मा छनौटमा परेका अनुदानग्राहीसँग अधिकतम ३ वर्षसम्म यो कार्यक्रम संचालन गर्न सकिने तथा फलोअप कार्यक्रम अन्तर्गत निर्देशनालयबाट प्रदान गरिने सुविधाको प्रतिशतमा क्रमशः घटाउदै लगिने उल्लेख छ । जसअनुसार अनुसार २०७६।७७ मा ९ फर्मलाई रु.१७ करोड ४८ लाख ७७ हजारको कार्य गरेकोमा औषतमा ३३.११ प्रतिशतले रु.५ करोड ७९ लाख ८ हजार अनुदान प्रदान गरेको छ । यस वर्ष सोही कार्यक्रमको निरन्तरता अन्तर्गत अनुदानग्राही फर्महरूले रु.११ करोड ८८ लाख ४४ हजारको कार्य गरेकोमा निर्देशनालयले रु.४ करोड १० लाख १७ हजार अनुदान उपलब्ध गराएको छ । उक्त अनुदान कुल कार्यको औषतमा ३४.५२ प्रतिशत हुने देखिन्छ । कार्यविधिमा उल्लेख भए अनुसार अनुदानको प्रतिशत घटेको देखिएन। कार्यविधिले घट्नुपर्ने प्रतिशत किटान नगरेकोले गत वर्षको अनुदान प्रतिशत भन्दा ९ मध्ये ८ फर्मलाई १ देखि ८ प्रतिशतले बढी हुने गरी रु.३७ लाख १४ हजार बढी अनुदान दिएको छ । उक्त बढी अनुदान रकम नियमसम्मत देखिएन ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै कृषि तथा पशुपन्क्षी विकासका कार्यहरू गर्ने, कृषि तथा पशुपन्क्षी विकासको क्षेत्रमा सार्वजनिक निजी साथै सहकारी क्षेत्रको लगानी समुचित रुपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने, प्रदेशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने तथा बागमती प्रदेशमा समग्र पशुपालन क्षेत्रको विकास गर्ने उद्देश्य सहित यस निर्देशनालयको स्थापना भएको हो ।

१४. **संस्था तोकी अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम १६ मा बजेट तथा कार्यक्रम तयारी र नियम २० मा अख्तियारी दिनुपर्ने व्यवस्था गरेको छ। प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ ले प्रतिस्पर्धा सीमित हुने गरी खरिद कारबाही गर्न नहुने व्यवस्था गरेको छ । निर्देशनालयमा ७ संस्था तोकेर रु.२ करोड ४५ लाखको खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा २ संस्थासँग सम्झौता गरी यस वर्ष रु.५८ लाख ४५ हजारको खर्च गरेको छ । खरिद नियमावली तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि विपरीत प्रतिस्पर्धा सीमित हुने तथा निश्चित संस्था किटान गरी मन्त्रालयले बजेट तथा कार्यक्रम तयार गरेको कानुनसम्मत देखिएन ।

१५. **दुग्ध अनुदान -** प्रदेशस्तरीय एकीकृत अनुदान वितरण कार्यविधि, २०७५ को बुँदा ७ अनुसार लाभग्राही छनौट गरी अनुदान वितरण गर्ने तथा बुँदा ८ अनुसार निश्चित वर्गलाई मात्र फाइदा हुने गरी कार्यविधि तर्जुमा गरी अनुदान वितरण गर्न नहुने उल्लेख छ । निर्देशनालयले दुग्धउत्पादनमा

आधारित अनुदान वितरण कार्यविधि, २०७५ को बुँदा १८ अनुसारका मापदण्ड पूरा गरेका ८ जिल्लाका १७९ सहकारी संस्थालाई प्रति लिटर रु.२ का दरले ७ करोड ५७ लाख ७२ हजार लिटर दुधमा रु.१५ करोड १५ लाख ४५ हजार अनुदान दिएको छ । अनुदान प्राप्त गर्ने लाभग्राही तथा रकमको तुलना गर्दा कुल अनुदानको ५१.१३ प्रतिशत चितवन, १८.८१ प्रतिशत काभ्रेपलान्चोक, १६.०६ प्रतिशत मकवानपुर र ११.८३ प्रतिशत ललितपुर गरी ४ जिल्लामा मात्र ९५.८३ प्रतिशत अनुदान वितरण भएको देखिन्छ । त्यसैगरी सहकारीको संख्याका आधारमा कुल १७९ मध्ये १७१ सहकारी संस्था उपरोक्त अनुसारका ४ जिल्लाको रहेको देखिन्छ । साथै दोलखा, भक्तपुर, काठमाडौं, नुवाकोट र रसुवा जिल्लामा अनुदान वितरण भएको देखिएन । निर्देशनालयले प्रदेश एकीकृत अनुदान कार्यविधिमा उल्लेख भए अनुसार सबै जिल्लाको सहभागिता हुने गरी अनुदान वितरण गर्नुपर्दछ । साथै अनुदान वितरणबाट दूध उत्पादन वृद्धिमा परेको प्रभाव मूल्याङ्कन गरिनुपर्दछ।

१६. **दुग्ध प्रशोधन कारखाना -** प्रदेशस्तरीय एकीकृत अनुदान वितरण कार्यविधि, २०७५ को बुँदा ७ अनुसार लाभग्राही छनौट गरी अनुदान वितरण गर्ने तथा बुँदा ८ अनुसार निश्चित वर्गलाई मात्र फाईदा हुने गरी कार्यविधि तर्जुमा गरी अनुदान वितरण गर्न नहुने उल्लेख छ । निर्देशनालयले मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडसँग २०७७।११।०५ मा गरेको सम्झौता अनुसार यस वर्ष रु.५७ लाख ५० हजार भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन् :

१६.१. वार्षिक कार्यक्रम तथा संस्थासँगको सम्झौता अनुसार प्रति घण्टा २ हजार लिटर दुग्ध प्रशोधन गर्ने कारखाना निर्माण गर्न आवश्यक पर्ने मेसिन खरिद तथा जडानको लागि उक्त संस्थाले बोलपत्र आह्वान गरेकोमा एकमात्र बोलपत्र दर्ता भएअनुसार एक निजी कम्पनीबाट रु.१ करोड ४३ लाखको दुग्ध प्रशोधन मेसिन खरिद तथा जडान गरेको भनी भुक्तानी माग गरेको छ । उक्त मेसिनको क्षमता दैनिक ८ हजारदेखि १० हजार लिटर दूध प्रशोधन गर्ने रहेको देखिन्छ । तसर्थ उक्त मेसिनबाट प्रति घण्टा २ हजार लिटर दूध प्रशोधन गर्ने अवस्था देखिएन । सम्झौताभन्दा कम कार्यक्षमता भएका मेसिन जडान गरेको देखियो । यसरी सम्झौतामा उल्लेख भएको शर्त पुरा नभएको अवस्थामा अनुदान दिएको उपयुक्त देखिएन ।

१६.२. समझदारी पत्रमा उल्लेख भएअनुसार रु.१ करोड ४३ लाखको कार्यसम्पन्न गरेको दावी गरी ५० प्रतिशतले हुने रकम भुक्तानी माग गरेकोमा निर्देशनालयले स्थलगत निरीक्षणको क्रममा दावी गरेबमोजिम सामग्रीहरू जडान भएको नदेखिएको भनी जडान शुल्क घटाई रु.५७ लाख २० हजारमात्र भुक्तानी भएको छ । उक्त प्रशोधन केन्द्र संचालन भएको देखिएन । साथै सप्लाई भएको मेसिन उपकरणहरूको मर्मत सम्भार अवधि १ वर्ष मात्र रहेकोमा सप्लायर्सले २०७८।०३।१० मा मेसिनहरू सप्लाई गरेको आधारमा २०७९।०१।१४ (१० महिना) सम्म पनि मेसिनहरू संचालन नहुँदा मर्मत संभार अवधि प्रयोग नगरी सकिने तथा उक्त मेसिनले स्पेशिफिकेशन अनुसार कार्य नगरेको अवस्थामा सप्लायर्सलाई जवाफदेही तथा जिम्मेवार बनाउन नसकिने सम्बन्धमा निर्देशनालय तथा तालुक मन्त्रालयले ध्यान दिई उचित व्यवस्थापन गर्नुपर्दछ ।

बागवानी केन्द्र/पशु फार्म

१७. **न्यून आम्दानी -** शीतोष्ण बागवानी नर्सरी केन्द्र, दामनले यो वर्ष उत्पादन सामग्रीमा रु.३९ लाख ३ हजार खर्च गरेको र कृषि उत्पादन बिक्रीबाट रु.१३ लाख ८६ हजार आय प्राप्त गरेको छ। उत्पादन खर्चको तुलनमा ३५.५२ प्रतिशतमात्र आम्दानी प्राप्त गरेको छ । यसै गरी बाख्रा विकास फार्म, चित्लाङ्गले यो वर्ष उत्पादन सामग्रीमा रु.८१ लाख ९२ हजार खर्च गरेकोमा रु.१५ लाख ३५ हजार (उत्पादन खर्चको तुलानमा १८.७३ प्रतिशत) मात्र आम्दानी गरेको छ । यस सम्बन्धमा अध्ययन, विश्लेषण गरी फार्मको सञ्चालनमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

कृषि ज्ञान केन्द्रहरू

१८. **संस्था तोकेर अख्तियारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ अनुसार बजेट तथा कार्यक्रम तयारी र नियम २० अनुसार अख्तियारी दिनुपर्ने व्यवस्था गरेको छ। प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ ले प्रतिस्पर्धा सीमित हुने गरी खरिद कारबाही गर्न नहुने व्यवस्था गरेको छ । मन्त्रालयबाट कार्यक्रम तथा संस्था तोकेर यस वर्ष रु.७५ लाख अख्तियारी प्राप्त भए अनुसार कृषि ज्ञान केन्द्र, ललितपुरले ४ कृषि फर्मलाई सोझै सम्झौता गरी रु.७१ लाख ४२ हजार अनुदान भुक्तानी गरेको छ। मन्त्रालयले छनौट प्रक्रिया पुरा नगरी सिधै संस्था तोकेर अख्तियारी दिएको कानुनसम्मत देखिएन।

१९. **लाभग्राही समुदायबाट खरिद -** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न विभिन्न कृषक समूह, फर्म एवं संस्थाहरूसँग साझेदारीमा सञ्चालन गरिने कार्यक्रम अनुसार सम्झौता गरी कृषि ज्ञान केन्द्रहरूले ५० प्रतिशत अनुदान उपलब्ध गराएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार निर्माण कार्य मात्र उपभोक्ता समिति मार्फत गराउन मिल्ने व्यवस्था भएकोमा विभिन्न ६ लाभग्राही समुदायबाट सामान खरिदको कार्यसमेत उपभोक्ता समितिबाट गराई ललितपुरले रु.१ करोड १९ लाख ४५ हजार र धादिङले ८ लाभग्राहीलाई रु.९७ लाख ३९ हजार समेत रु.२ करोड १६ लाख ८४ हजार अनुदान दिएको छ । प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गर्न मिल्ने देखिएन ।

२०. **कौशी खेती कार्यक्रम -** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ ले प्रतिस्पर्धा सीमित हुने गरी खरिद कारबाही गर्न नहुने व्यवस्था गरेको छ । कृषि ज्ञान केन्द्र, ललितपुरले सहरी परिवारलाई ताजा फलफूल तथा तरकारी उत्पादनमा आत्मनिर्भर बनाउने प्रमुख उद्देश्यका साथ लाभग्राही समूहहरूसँग ५० प्रतिशत लागत साझेदारीमा काठमाडौं उपत्यकाको विभिन्न स्थानहरूमा बृहत्तर कौशी खेती कार्यक्रम र बुढानीलकण्ठ नगरपालिकाको नयाँ बस्तीमा कार्यक्रम सम्पन्न गरी क्रमशः रु.७१ लाख ५० हजार र रु.१५ लाख गरी जम्मा रु.८६ लाख ५० हजार अनुदान खर्च लेखेको छ। अनुदानग्राहीले कौशी खेतीका लागि आवश्यक तरकारीका विउ, कोकोपिट, ग्रोईङ ब्याग, थोपा सिँचाई सामग्री मल, ट्याङकी आदि सामग्रीहरू कार्यालयमा सूचीकृत फर्महरूबाट सोझै खरिद गरेको छ । प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गर्न मिल्ने देखिएन ।

२१. **दोहोरो अनुदान -** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरूलाई कृषि विकास कार्यक्रमका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ को बुँदा नं. ३(२) मा कृषि व्यवसाय सञ्चालन गरिरहेका कुनै संस्थाले नेपाल सरकार वा नेपाल सरकार मातहतका उस्तै कार्य गर्ने निकायबाट अनुदान प्राप्त गरेको रहेछ भने पुनः अनुदान उपलब्ध गराउन नमिल्ने व्यवस्था गरेको छ।

मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को बुँदा ६(ग) मा आवेदकले विगत २ वर्षयता कुनै पनि सरकारी निकायबाट सोही प्रकृतिको कामको लागि रु.२ लाखभन्दा बढी अनुदान नलिएको हुनुपर्ने व्यवस्था छ । तर कृषि विकासतर्फ दोहोरो अनुदान लिन नमिल्ने गरी हालसम्म कुनै कानुन तयार गरेको छैन । कृषि विकास निर्देशनालयले ४ कृषक तथा फर्मलाई लिफ्ट सिँचाइ, कृषि फर्म विकास अनुदान वापत रु.२७ लाख २६ हजारदेखि रु.१ करोड ४७ लाखसम्म अनुदान दिएकोमा कृषि ज्ञान केन्द्र, रामेछापबाट पुनः सोही फर्म तथा कृषकले रु.४८ लाख ९९ हजार दोहोरो अनुदान लिएको देखियो । दोहोरो देखिएको उक्त अनुदान रकम असुल गर्नुपर्दछ ।

२२. **कार्यक्रम संशोधन -** कृषि ज्ञान केन्द्र, चितवनलाई चितवन र मकवानपुर जिल्लामा च्याउ उत्पादक किसानसँग ५० प्रतिशत साझेदारीमा उच्च प्रविधियुक्त च्याउ फार्म बिस्तार तथा विकास गर्न रु.५० लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रम चितवन र मकवानपुर जिल्लाको २ स्थानमा संचालन हुनुपर्नेमा कार्यक्रम संचालनका लागि प्रस्ताव माग गर्दा पेस भएका मध्ये एक च्याउ उत्पादक किसान संघसँग २०७७।११।९ मा ५० प्रतिशत साझेदारीमा उक्त कार्य गर्ने सम्झौता भएको छ । उक्त कार्यक्रम मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा संचालन गर्नका रु.५० लाखको सम्झौता गरी रु.४८ लाख ९८ हजार भुक्तानी गरेको छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार उक्त कार्यक्रम २ जिल्लाको २ स्थानमा संचालन हुनुपर्नेमा १ जिल्लाको १ स्थानमा मात्र कार्यान्वयन गरेको देखियो । स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन गर्नुपर्दछ ।

२३. **बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन -** कृषि ज्ञान केन्द्र, चितवनले बाँझो जग्गामा खेती गर्न प्रोत्साहन गर्ने कार्यक्रम अन्तर्गत बाँझो जग्गामा खेती गरेवापत प्रति रोपनी रु.२ हजारका दरले ७ कृषकलाई रु.११ लाख ८४ हजार र कृषि ज्ञान केन्द्र, काभ्रेले प्रति रोपनी रु.२ हजारका दरले १२ कृषकलाई रु.१० लाख ४४ हजार अनुदान उपलब्ध गराएको छ । बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७ को बुँदा नं. ५ मा अनुसूची-४ बमोजिम कृषकले जग्गा बाँझो रहेको स्वघोषणा गर्नुपर्ने व्यवस्था रहेकोमा बाँझो जग्गामा नै खेती गरेको हो भन्ने सम्बन्धमा सुनिश्चित हुने आधार प्रमाण बेगर नै अनुदान दिएको छ । कार्यविधि बमोजिम बाँझो जग्गामा खेती गरेको यकिन हुनुपर्दछ ।

२४. **साना मेशिनरी कृषि औजार खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु.२० लाख रुपैँयासम्मको लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रबाट आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकले ५० प्रतिशत अनुदान प्राप्त गरेको आधारमा यस वर्ष प्रतिस्पर्धा बेगर ४२८ लाभग्राहीलाई रु.१ करोड ९३ लाख ६७ हजार र कृषि ज्ञान केन्द्र, चितवनले २३२ व्यक्ति, समूह तथा सहकारीलाई रु.१ करोड ८२ लाख ४० हजारको साना मेशिनरी औजार वितरण गरेको छ । कृषि खेती, सिंचाई र पशु चिकित्सासम्बन्धी साना मेसिन उपकरण वितरण कार्यक्रममा अनुदान प्रदान गरेको देखिएको छ । ऐनको व्यवस्था अनुसार प्रतिस्पर्धाको माध्यमबाट खरिद गरेको देखिएन ।

२५. **सब-कन्ट्र्याक्टरबाट कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउँन नसकिने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकले सामूहिक खेती प्रवर्द्धन कार्यक्रमको निरन्तरता कार्यक्रम अन्तर्गत सामूहिक खेती संचालक समितिसँग

सम्झौता गरी रु.६१ लाख ५८ हजार रकम भुक्तानी गरेको छ। उक्त कार्यक्रम सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकामा र ईन्द्रावती करिडोर गरी २ ठाँउमा संचालन भएको देखिएको छ । जसमध्ये ईन्द्रावती करिडोरमा संकलन केन्द्र तथा गोदाम घर निर्माण कार्यक्रम अन्तर्गत उक्त लाभग्राही समुदायले हाईटेक नर्सरी ग्रीनहाउस निर्माणका लागि कोटेशन माग गरी एक प्रा. लि. सँग सम्झौता गरी रु.२० लाख ५८ हजार रकम भुक्तानी गरेको छ । कार्यालयले लाभग्राही समुदाय आफैंले सम्पन्न गर्न नसक्ने जटिल प्रकृतिको कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी सब-कन्ट्रयाक्टरबाट कार्य गराउन मिल्ने देखिँदैन ।

प्रदेश दुग्ध विकास बोर्ड

प्रदेश स्तरमा दुग्ध व्यवसायसम्बन्धी नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन तथा तथा दुग्ध क्षेत्रको विकास गर्न, निजी, सहकारी तथा सरकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्ध जन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दीगो आर्थिक समृद्धि हासिल गर्नका लागि प्रदेश दुग्ध विकास बोर्ड, २०७५ मा स्थापना भई २०७६ मार्गदिखि कार्य शुरु गरेको छ । यो वर्ष रु.२१ करोड २ लाख ६४ हजार विनियोजन भएकोमा रु.९ करोड ७१ लाख ४५ हजार खर्च गरेको छ।

२६. **साझेदारी अनुदान** - संघीय संसद राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७६ मा विधायिकी अधिकार संसदमा मात्र निहित हुने, संसदले बनाएको कानुनमा प्रत्यायोजित अधिकार प्रदान गर्न सकिने व्यवस्था रहेको साथै प्रत्यायोजित अधिकार अन्तर्गत बनेका दस्ताबेजहरूमध्ये कुन कानुनको कुन दफाले दिएको अधिकार प्रयोग गरी प्रत्यायोजित विधायन बनाईएको हो स्पष्ट नखुलाई जारी भएका निर्देशिका, कार्यविधि वा मापदण्डले कानुनी हैसियत प्राप्त गर्न नसक्ने उल्लेख छ । प्रदेश सरकार अन्तर्गतको भूमि व्यवस्था तथा कृषि मन्त्रालयले जारी गरेका कार्यविधिहरूमा प्रत्यायोजित विधायनको स्रोत खुलाएको छैन । यसरी कानुनी हैसियत प्राप्त नहुने कार्यविधिको आधारमा साझेदारीमा दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रमबाट चिलिङ्ग भ्याट डि फ्रिज खुवा मेशिन ढुवानी, टंकी लगायतको खरिदको लागि साझेदारीमा दुग्ध संकलन केन्द्र स्थापना (चिलिङ्ग भ्याट सहित) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७, साझेदारी दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ लगायत ५ कार्यविधिहरू मार्फत ३२ कृषकलाई रु.१ करोड ६० लाख अनुदान वितरण गरेको छ । उक्त अनुदानको उपयोग एवं कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गर्दा कानुनी श्रोत खुलाउनुपर्दछ ।

२७. **कोल्ड स्टोर** - बोर्ड र दुग्ध विकास संस्थानबीच २०७७।५।१ मा भएको सम्झौतामा ५०/५० प्रतिशतको लागत साझेदारीमा हेटौडा औद्योगिक क्षेत्रभित्र १०० मेट्रिकटन क्षमताको नयाँ कोल्डस्टोर भवन निर्माण गर्न सम्झौता भएको छ। सम्झौता बमोजिम बोर्डले बोलपत्रको माध्यमबाट ५० मेट्रिकटन क्षमताको २ वटा कोल्डस्टोर भवन निर्माण गरी रु.५७ लाख ११ हजार भुक्तानी गरेको छ। निर्माण व्यवसायीले उक्त २ वटा कोल्ड स्टोरमध्ये एक कोल्ड स्टोर सञ्चालनमा रहेको देखिएन। यस सम्बन्धमा जानकारी माग गर्दा एक कोल्ड स्टोरको कम्प्रेसर लगायतको सञ्चालन उपकरणहरूको गुणस्तर कमजोर भई बिग्रिएको जनाएको छ । तसर्थ कमजोर गुणस्तरको निर्माण संरचनाको प्रबिधिक परिक्षण नगरी भुक्तानी भएको सम्बन्धमा छानबिन गरी निर्माण व्यवसायीकै लागतमा पुनर्निर्माण गराउनुपर्दछ ।

२८. **बाच्छी संरक्षण तथा स्रोत केन्द्र स्थापना** - मन्त्रालयले लागत साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ७ मा यो कार्यक्रम मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका र चितवन जिल्लाको राप्ती नगरपालिकामा मात्र लागु हुने

उल्लेख छ । प्रदेश सरकारबाट अनुदान वितरण कार्य पारदर्शी र प्रतिस्पर्धी हुनुपर्नेमा मन्त्रालयले ११९ स्थानीय तह मध्ये २ स्थानीय तहमा मात्र लागु हुनेगरी कार्यविधि तयार गरी कार्यक्रम संचालन गरेको छ । चितवनको राप्ती नगरपालिको एक कृषि समूह छनौट भएकोमा कार्य नगरेको तथा मकवानपुरको मकवानपुरगढी गाउँपालिकास्थित एक दुग्ध उत्पादन विशिष्टीकृत सहकारी संस्थाले मात्र आवेदन दिई छनौट भएको छ । उक्त संस्थाले पेस गरेको प्रस्ताव अनुसार ४ वटा गोठ निर्माण, ४० वटा बाच्छी, ४० थान काउ म्याट लगायतका खरिद गरी रु.५० लाख ५ हजारको कार्यसम्पन्न गरेको भनी ५० प्रतिशत अनुदान वापत रु.२४ लाख ५० हजार भुक्तानी भएको छ । बोर्डले कार्यक्रम तर्जुमा गर्दा निश्चित पालिकाको क्षेत्रभित्रको कृषक तथा समूह मात्र सहभागी हुने पाउने गरी कार्यविधि स्वीकृत गरेको तथा सोही अनुसार अनुदान वितरण गरेकोले पारदर्शी छ भन्न सकिने अवस्था रहेन ।

लागत साझेदारीमा बाच्छी संरक्षण तथा श्रोत केन्द्र स्थापना कार्यक्रम संचालनको लागि प्रस्ताव माग गरेकोमा एक दुग्ध उत्पादक विशिष्टीकृत सहकारी संस्थाले रु.५९ लाख ०५ हजारको कार्य गर्ने र उक्त रकम मध्ये बोर्डले रु.२४ लाख ५० हजार (४१.५ प्रतिशत) तथा संस्थाले रु.३४ लाख ५५ हजार (५८.५ प्रतिशत) व्यहोर्ने गरी प्रस्ताव पेस गरेकोमा उक्त संस्थाले रु.५० लाख ५ हजारको मात्र कार्य गरेको अवस्थामा संस्थाले पेस गरेको प्रस्ताव अनुसार बोर्डले ४१.५ प्रतिशतले हुने रु.२० लाख ७७ हजारमात्र भुक्तानी दिन मिल्ने देखिएकोले रु.३ लाख ७३ हजार बढी भुक्तानी भएको देखिन्छ । उक्त रकम असुल हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहतका समेत ५० निकायमा रु.१३ करोड १३ लाख ३३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रु.५२ लाख २६ हजार फर्स्यौट गरेकोले रु.१२ करोड ६१ लाख ७ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

➢ बक्यौतातर्फ १ निकायमा रु.३ लाख ५३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ८६ हजार फर्स्यौट गरेकोले रु.६७ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण अनुसूची-९(क) मा रहेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश स्तरको उर्जा, विद्युत, सडक, सिँचाई खानेपानी, जल उत्पन्न प्रकोप र नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका ४७ निकायको विनियोजन रु.१६ अर्ब ५३ करोड ५ लाख ७३ हजार, राजस्व रु.९ अर्ब ६० करोड ५० लाख १७ हजार, धरौटी रु.१ अर्व ४६ करोड २५ लाख ९९ हजार र अन्य कारोबार रु.३ करोड ३७ लाख ८५ हजार समेत रु.२७ अर्ब ६३ करोड १९ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । साथै २ बक्यौता कार्यालयको विनियोजन रु.१ अर्ब ४६ करोड ७७ लाख ६७ हजार, राजस्व रु.४५ लाख ६० हजार, धरौटी रु.११ करोड ३६ लाख २९ हजार समेत रु.१ अर्ब ५८ करोड ५९ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरुप दिन नीति तथा कार्यक्रम र कार्ययोजनामा समावेश गर्नुपर्नेमा कार्यक्षेत्रभित्र रहेका घर एकीकरण (हाउस पुलिङ्ग) सम्बन्धी नीति, खानेपानी तथा सरसफाई सम्बन्धी प्रादेशिक नीति, खानेपानी तथा सरसफाई क्षेत्र विस्तारमा निजी क्षेत्रको सहभागिता प्रबर्द्धन नीति तथा मापदण्ड, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एवं वातावरण मैत्री अपाङ्ग मैत्री तथा लैङ्गिकमैत्री यातायात प्रबर्द्धनलगायतको कार्य यस वर्ष पनि भएको छैन । अतः जिम्मेवारी भित्रका कार्यलाई नीति र कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **खर्च दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । प्रदेश सरकारको विनियोजन विधेयक, २०७७ अनुसार २०७७।०७८ को लागि मन्त्रालयलाई शुरुमा रु.१२ अर्व ५५ करोड ९७ लाख ८९ हजार बजेट विनियोजन भएकोमा रु.१ अर्व ९० करोड २२ लाख थप भई रु.१३ अर्व ७८ करोड ८७ लाख ८९ हजार कायम भएको देखिन्छ । उक्त बजेटमध्ये मन्त्रालय र मातहत कार्यालय समेतमा रु.१० अर्व ६६ करोड ८७ लाख ५८ हजार खर्च भई रु.३ अर्व १२ करोड ३१ हजार बजेट बाँकी देखिएकोले मन्त्रालयले यस वर्ष कुल विनियोजनको ७७.३७ प्रतिशत मात्र खर्च गर्न सकेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा वजेटको प्रस्ताव, तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारीता ल्याउनुपर्ने देखिएको छ ।

३. **रकमान्तर -** प्रदेश सरकार विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम १० प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्न सकिने उल्लेख छ । मन्त्रालय र मातहत कार्यालयको विभिन्न कार्यक्रममा शुरु विनियोजनको ०.७५ प्रतिशतदेखि ४१.०६ प्रतिशत तथा औषतमा १३.४१ प्रतिशतसम्म रकम रकमान्तर भई रु.१ अर्ब ८८ करोड ३९ लाख थप भएको देखिन्छ । त्यसैगरी शुरु विनियोजनको ०.०३ देखि ९७.९९ प्रतिशत तथा औषतमा ६.९२ प्रतिशत रकमान्तर भई रु.६५ करोड ४९ लाख बजेट घटेको

देखिन्छ। तसर्थ मन्त्रालयले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा ध्यान दिई आर्थिक वर्षको अन्तसम्म रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४. **कार्यक्रम संशोधन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा कार्यक्रम, योजना, क्रियाकलाप, चौमासिक लक्ष्य, भार सहित योजनाको छनौट गरी सोही अनुरुप क्रियाकलाप संचालन हुनुपर्नेमा २०७८।३।३१ मा कार्यक्रम संशोधन गरी मन्त्रालयतर्फ रु.१ अर्ब २२ करोड ९० लाख, पूर्वाधार विकास कार्यालयतर्फ रु.२४ करोड ७२ लाख ४६ हजार, खानेपानी तथा सरसफाई डिभिजनतर्फ रु.३१ करोड ९२ लाख ६ हजार, जलश्रोत तथा सिँचाइ डिभिजनतर्फ रु.४ करोड २९ लाख ३२ हजार र अन्यतर्फ रु.४ करोड ५५ लाख ५४ हजारसमेत रु.१ अर्ब ८८ करोड ३९ लाख ३८ हजार शुरु कार्यक्रमभन्दा भिन्न क्रियाकलापमा खर्च गरेको देखिन्छ । कार्यक्रम संशोधन गरी वर्षान्तसम्म रकम निकासा गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

५. **पुँजीगत खर्च -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको विगत ३ वर्षको पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा २०७५।७६ मा स्वीकृत बजेटको ५४.०२ प्रतिशत मात्र खर्च भएकोमा पछिल्ला २ बर्षहरूमा सुधार भई क्रमशः ६६.३२ प्रतिशत र ८०.०२ प्रतिशत पुगेपनि लक्ष्य अनुरुप खर्च न्यून देखिन्छ । आयोजना एवं कार्यालय प्रमुखसँग गर्नुपर्ने काम र समयसीमा सहितको कार्यसम्पादन सम्झौता एवं स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी शतप्रतिशत पुँजीगत खर्च गर्ने क्षमता राख्न प्रयत्न गर्नुपर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च -** प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीमा समावेश गर्न पाउने व्यवस्था रहेको छ । कन्टिन्जेन्सी खर्च अन्तर्गत दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाईकल मर्मत, कार्यालय तथा स्टेशनरी, छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यालय सञ्चालन खर्चमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले रु.९७ लाख २१ हजार, मकवानपुरले रु.९१ लाख २ हजार, सिन्धुपाल्चोकले रु.७१ लाख ७३ हजार, पूर्वाधार विकास कार्यालय, काभ्रेपलान्चोकले रु.२ करोड ३ लाख ७९ हजार, रामेछापले रु.१ करोड ८० लाख ४७ हजार, ललितपुरले रु.१ करोड ७ लाख ८३ हजार, सिन्धुपाल्चोकले रु.१ करोड ४५ लाख ९२ हजार, यातायात पूर्वाधार विकास निर्देशनालयले रु.७७ लाख ६५ हजार, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, दोलखाले रु.७४ लाख ९१ हजार, काभ्रपलान्चोकले रु.५५ लाख ९३ हजार, ललितपुरले रु.११ लाख ८६ हजार, काठमाडौले रु.२८ लाख २ हजार, धादिङ्गले रु.३४ लाख १६ हजार खर्च गरेका छन् । नियममा विस्तृत व्यवस्था गरी कन्टिन्जेन्सी खर्चको कार्यविधि समेत तर्जुमा गरी यसप्रकारका खर्च व्यवस्थित गर्नुपर्दछ ।

७. **विस्तृत परियोजना प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने ब्यवस्था छ । मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको परामर्श सेवामा ८७ प्याकेज बनाई रु.११ करोड ८९ लाख ७७ हजारको १४९ योजनाको विस्तृत परियोजना प्रतिवेदन लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद

गर्दा अधिकांश परामर्शदाताहरूसँग एक प्रतिशत वा सो भन्दा घटीमा सम्झौता भएको छ। परामर्शसेवा खरिद सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरू निम्न अनुसार रहेका छन् :-

७.१. मन्त्रालय मातहतकै पूर्वाधार विकास निर्देशनालयले विद्युतीय बोलपत्र मार्फत ७ वटा पुलको डिपिआर कार्य खरिद गर्दा ५५.४२ प्रतिशत घटिमा र ५ वटा पुलको अर्को प्याकेजको खरिद कार्य गर्दा ४४.१६ प्रतिशत घटिमा सम्झौता भएकोले औषतमा ५०.०९ प्रतिशत घटिमा कार्य भएको छ । मन्त्रालयले बोलपत्र नगरी रु.११ करोड ८९ लाख ७७ हजारको परामर्श सेवा खरिद गर्दा उल्लेखित बोलपत्रको तुलनमा रु.५ करोड ९५ लाख ९६ हजार थप व्ययभार परेको छ । प्रतिस्पर्धा कम हुने गरी खरिद गरेको कारण खरिद कार्य मितव्ययी नभई बढी व्ययभार पारेको सम्बन्धमा संलग्न पदाधिकारीहरूलाई जिम्मेवार बनाउनुपर्दछ ।

७.२. यस मन्त्रालयले २०७५।७६ मा १५७, २०७६।७७ मा १०९ र यस वर्ष १४९ गरी ३ वर्षमा ४१५ योजनाको विस्तृत परियोजना प्रतिवेदन बनाई रु.४० करोड खर्च गरेको छ । स्वीकृत डिपिआर बमोजिमका सबै योजनाहरू कार्यान्वयनमा गएको अवस्थामा मात्र नयाँ डिपिआर तयार गर्नुपर्नेमा २१५ योजना मात्र कार्यान्वयन भएकोले डिपिआर तयारी कार्यमा भएको निरन्तरता उचित देखिएन । कार्यान्वयन गर्न बाँकी २०० योजनाको कार्यान्वयन पश्चात मात्र नयाँ योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन बनाउनुपर्दछ ।

७.३. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार आगामी आर्थिक वर्षमा गर्न सकिने खर्चको सीमा निर्धारण गनुपर्ने, नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययनपश्चात आगामी वर्ष खर्च हुनसक्ने रकम प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालय र मातहतका निकायहरूबाट सडक, सिँचाइ, खानेपानी, भवन, मठमन्दिर, धर्मशाला, सामुदायिक भवन, खेलकुद मैदान जस्ता निर्माण सम्बन्धी विभिन्न परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न पुँजीगत अनुसन्धान तथा परार्मशमा रु.४८ करोड ५३ लाख बजेट व्यवस्था भएकोमा यस वर्ष रु.२४ करोड ३५ लाख २२ हजार खर्च लेखेको छ । सोमध्ये रु.११ करोड ८९ लाख ७७ हजार मन्त्रालयले र बाँकी रु.१२ करोड ४५ लाख ४४ हजार मातहत कार्यालयहरूले खर्च गरेको देखिन्छ । तसर्थ कार्यक्रममा देखिएको तहगत दोहोरोपना बन्द गर्नुपर्दछ । साथै तयार भएका प्रतिवेदनहरूको कार्यान्वयन हुने सुनिश्चितता नरहेको अवस्थामा त्यस्ता प्रकारको खर्चको उपलब्धी मापन गर्न सक्ने अवस्था छैन। तयार भएका आयोजना प्रतिवेदनहरू कार्यान्वयन गर्नुपर्दछ।

७.४. बागमती प्रदेश अन्तर्गतका सबै जिल्लामा गत विगतमा यस मन्त्रालयबाट तथा प्रदेश सरकारका अन्य निकायहरूबाट तयार भएको डि.पि.आर.हरू कार्यान्वयनका क्रममा पुनः पुनरावलोकन गर्ने गरेको पाईयो । गत वर्ष पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्गको डिपीआर तयारी कार्यमा रु.१ करोड ३९ लाख खर्च भएको र मन्त्रालयबाट प्रतिवेदन स्वीकृत भएकोमा यस वर्ष उक्त आयोजनाले सोही प्रतिवेदन अद्यावधिक गर्ने अर्को एक परामर्शदातासँग सम्झौता गरी रु.५४ लाख भुक्तानी दिएको छ । त्यसैगरी हेटौडा अस्पतालको भवन निर्माणको लागि सामाजिक विकास मन्त्रालयबाट तयार तथा स्वीकृत भएको डिपिआर स्थान फरक परेको कारण पुनरावलोकनका लागि यस मन्त्रालयले रु.१६ लाख ६० हजार खर्च गरेको छ । एउटै कार्यमा दोहोरो खर्च भई थप व्ययभार परेको छ ।

७.५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाखभन्दा बढीको खरिद गर्दा खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । नियमको व्यवस्था विपरीत मन्त्रालयले एउटै सडकको डिपिआर निर्माण कार्यको समेत बोलपत्र नगर्ने उद्देश्यले रु.२० लाखभित्रका अलग अलग टुक्रा प्याकेज बनाई आर्थिक प्रस्ताव माग गरी खरिद गरेको छ । काठमाडौं उपत्यका चक्रपथको एउटै कार्यलाई ४ प्याकेज बनाई रु.६९ लाख ५९ हजार र पुष्पलाल प्रदेश चक्रपथको कार्यलाई ३ प्याकेजमा रु.५५ लाख ५० हजार भुक्तानी भएको छ । प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गर्न मिल्ने देखिएन ।

७.६. पूर्वाधार विकास निर्देशनालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार २० योजनाको डिपीआर तयारी कार्य परामर्शदाताबाट गराई रु.१ करोड ९४ लाख २२ हजार खर्च गरेको छ । डिपीआर अनुसार ती योजनाको कुल लागत रु.५ अर्ब ४५ करोड ८५ लाख ८७ हजार रहेको छ । निर्देशनालयको गत दुई वर्षको वार्षिक वजेट तथा खर्चसँग तुलना गर्दा उक्त योजनाको कार्यान्वयन गरी वार्षिक रु.५० करोडका दरले खर्च गर्दा समेत ती योजना कार्यान्वयन गर्न ११ वर्ष लाग्ने देखिन्छ । साथै भौतिक पूर्वाधार विकास मन्त्रालयको एक वर्षको कुल बजेटको ५० प्रतिशत बजेट लाग्ने देखिन्छ । ती योजनाहरू मध्ये ७ वटा योजनामा यस वर्ष बजेट विनियोजन भएको समेत देखिएन । बजेट तथा कार्यक्रम सुनिश्चितता नगरी डिपिआर तयरीमा खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ ।

मन्त्रालय तथा मातहतका निकायको वार्षिक कार्यक्रममा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न बजेट व्यवस्था गर्ने तथा विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनाहरू बजेटमा समावेश नगरी त्यस्तो प्रतिवेदन नभएका योजनाहरू समावेश गर्ने गरेको देखिन्छ । विस्तृत परियोजना प्रतिवेदन स्वीकृत योजनाहरू मात्र बजेटमा समावेश गर्नुपर्दछ ।

यातायात पूर्वाधार विकास निर्देशनालय

बागमती प्रदेशमा सडक, पुल, झोलुङ्गे पुल लगायतका यातायात पूर्वाधारहरूको विकास तथा मर्मत सम्भारको लागि यातायात पूर्वाधार विकास निर्देशनालयको २०७५।८।१२ मा स्थापना भएको हो । प्रदेशभित्र रहेका ११९ स्थानीय तहको केन्द्रसम्म कम्तिमा इन्टरमेडियट लेनको कालोपत्रे सडक पुऱ्याउने, अन्तर जिल्ला सदरमुकाम जोड्ने सडक र प्रदेश चक्रपथलाई प्रादेशिक राजमार्गको रुपमा विकास गर्ने, प्रदेशको महत्वपूर्ण आर्थिक धार्मिक तथा पर्यटकीय केन्द्रको यातायात पूर्वाधारको विकास गर्ने, सडक दुर्घटना न्यूनीकरण गर्दै दीगो रुपमा सडक तथा पुलको विकास गर्नु यस यातायात पूर्वाधार निर्देशनालयको प्रमुख उद्देश्य हो ।

८. **पुरस्कार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ बमोजिम खरिद सम्झौतामा तोकिएको अवधि भन्दा अघि काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई सार्वजनिक निकायले पुरस्कार दिनसक्ने व्यवस्था छ । निर्देशनालयले नुवाकोटको तादि नदि पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई समयभन्दा पहिलेनै कार्य सम्पन्न गरेको भनी बोनस वापत रु.९० लाख भुक्तानी भएको छ । उक्त पुल डिजाइन एण्ड विल्ड पद्धतिबाट निर्माण गर्न रु.९ करोड १३ लाख ४ हजारको २०७६।०६।१५ मा निर्माण व्यवसायीसँग सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम

२०७८।१२।१९ मा सम्पन्न गर्नुपर्नेमा २०७८।२।३० अर्थात् १० महिना छिटो सम्पन्न भएको निर्देशनालयको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख छ। खरिद सम्झौतामा बोनस दिने प्रावधान राख्दा ठेक्का अवधि महत्वपूर्ण हुन्छ । ठेक्का अवधि निर्धारण गर्ने आधार एवं मापदण्ड स्वीकृत नगरी बोनसको व्यवस्था गर्दा यथार्थमा ठेक्का म्याद सही ढंगले निर्धारण भएको आश्वस्त हुन कठिन छ । निर्माण कार्य सम्पन्न गर्नको लागि वैज्ञानिक ढङ्गले निर्माण अवधि किटान गरेर मात्र बोनस दिने व्यवस्था हुनुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजनहरू

९. **जनश्रमदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि सम्झौतामा उल्लेख गर्नुपर्दछ । खानेपानी नीति, २०७१ को बुँदा ९.१३ बमोजिम आधारभूत सेवास्तरको खानेपानी तथा सरसफाई आयोजना निर्माण खर्चको १० देखि २० प्रतिशत सकेसम्म नगद रुपमा उपभोक्ता समूहबाट योगदान गरिने व्यवस्था छ । सो बमोजिम कार्यालयले सम्पूर्ण खानेपानी योजनाहरूमा २० प्रतिशतले जनसहभागिता रहने गरी लागत अनुमान स्वीकृत गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न अनुसार छन्:-

९.१. आयोजना कार्यान्वयन गर्दा खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुरले यस वर्ष १३ खानेपानी योजनाको रु.५ करोड ३५ लाख ४९ हजार भुक्तानी गर्दा श्रमदान बापतको रकम घटाएको छैन ।

९.२. खानेपानी तथा सरसफाई डिभिजन, सिन्धुपाल्चोकले यस वर्ष ५४ खानेपानी योजनाको रु.३ करोड ६४ लाख ८ हजार भुक्तानी गर्दा श्रमदान बापतको रकम घटाएको छैन ।

९.३. खानेपानी तथा सरसफाई डिभिजन, धादिङले यस वर्ष १० खानेपानी योजनाको रु.१ करोड ५१ लाख ६३ हजार भुक्तानी गर्दा श्रमदान बापतको रकम घटाएको छैन । प्रत्येक वर्षको सम्झौतामा श्रमदान कट्टा गर्नुपर्दछ ।

१०. **अधुरो योजना -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने एवं सुधारका लागि चाल्नुपर्ने कदमहरूबारे उल्लेख गर्नु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् :

१०.१. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुरबाट प्राप्त विवरण अनुसार लागत अनुमान रु.४५ करोड भएका १० खानेपानी आयोजना सञ्चालन भएको १० वर्षसम्ममा रु.१५ करोड ३५ लाख (३४.११ प्रतिशत) खर्च भई न्यून प्रगति रहेको छ। ती मध्ये कल्याणपुर खानेपानी आयोजना, मकवानपुरको सबैभन्दा घटी ४५ प्रतिशत र चारगाँउ खानेपानी आयोजना चितवनको सबैभन्दा बढी ७२ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।

१०.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुपाल्चोकबाट लागत अनुमान रु.३० करोड ७८ लाख भएका ८ खानेपानी आयोजना सञ्चालन भएको १३ वर्षसम्ममा रु.८ करोड ९३ लाख (२९ प्रतिशत) मात्र खर्च भई न्यून प्रगति रहेको छ।

१०.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङबाट लागत अनुमान रु.४९ करोड भएको खानेपानी आयोजना सञ्चालन भएको १२ वर्षसम्ममा रु.२६ करोड २६ लाख (५३.५९ प्रतिशत) मात्र खर्च भई न्यून प्रगति रहेको छ। ती मध्ये आघेटारी मुहान खानेपानी आयोजनाको सबैभन्दा घटी २६ प्रतिशत र गंगा जमुना फुलखर्क खानेपानी आयोजनाको सबैभन्दा बढी ८८ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।

पुराना आयोजनाहरूमा प्राथामिकताको आधारमा बजेट विनियोजन गरी यथाशिघ्र पानी वितरणको सुनिश्चितता गर्नुपर्दछ ।

११. **मौज्दात -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले पाइप तथा फिटिङ्स औजार खरिद गर्दा विगतको मौज्दात ख्याल गरी खरिद गर्नुपर्नेमा बढी परिमाणमा मौज्दात रहने गरी खरिद गरेका केही व्यहोरा निम्न छन् :

११.१. खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुरमा आर्थिक वर्षको अन्त्यमा रु.७ करोड ०४ लाख ६६ हजार बराबरको ३ लाख १२ हजार मिटर पाइप मौज्दात छ । यस कार्यालयमा गत बर्ष पनि रु.७ करोडभन्दा बढी मूल्यको पाईप मौज्दात रहेको देखिन्छ ।

११.२. खानेपानी तथा सरसफाई डिभिजन, सिन्धुपाल्चोकमा आर्थिक वर्षको अन्त्यमा रु.९५ लाख २५ हजार बराबरको ५८ हजार मिटर पाइप मौज्दात छ । यस कार्यालयले गत बर्ष रु.७८ लाख ४४ हजार मूल्यको पाईप मौज्दात राखेको देखिन्छ ।

११.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापमा रु.२ करोड ८९ लाखका २ लाख २७ हजार मिटर पाईप तथा रु.१ करोड ६७ लाख ८० मूल्यका फिटिङ्स सामग्री मौज्दात छ ।

योजनाको लागि खरिद गरेको निर्माण सामग्री सम्बन्धित योजनमा खर्च गरी आवश्यकताभन्दा बढी मात्रामा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

१२. **पाइप जडान -** खानेपानी आयोजनामा पाइप जडान भई नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्नेमा आयोजनाहरूलाई पाइप उपलब्ध गराएकै आधारमा जिन्सी खाताबाट पाइपको मौज्दात घटाएको उपयुक्त देखिएन । यससम्बन्धी व्यहोरा निम्न छन्:-

१२.१. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुरले जिन्सी खाताबाट मौज्दात घटाएको पाईपमध्ये रु.३ करोड २४ लाख ३० हजार मूल्यको विभिन्न साईजका १ लाख २३ हजार ४२२ मिटर पाईप योजनामा प्रयोग भई नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेस गर्नुपर्दछ ।

१२.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुपाल्चोकले जिन्सी खाताबाट मौज्दात घटाएको पाईपमध्ये रु.१ करोड ४० लाख ७५ हजार मूल्यको विभिन्न साईजका १ लाख ४५ हजार १६३ मिटर पाईप योजनामा प्रयोग भई नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेस गर्नुपर्दछ ।

१२.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङले जिन्सी खाताबाट मौज्दात घटाएको पाईपमध्ये रु.६० लाख १४ हजार मूल्यको विभिन्न साईजका ६३ हजार मिटर पाईप २४ योजनामा प्रयोग भई नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेस गर्नुपर्दछ ।

१२.४. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले रु.१ करोड ५० लाख १९ हजार मूल्यको ४५ हजार मिटर पाइप १८ योजनामा प्रयोग भएको भनी जिन्सी किताबबाट खर्च देखाएको छ । ती पाईपहरू नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेस गर्नुपर्दछ ।

१२.५. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले ११ आयोजनाको लागि रु.३८ लाख २७ हजारको पाइप खरिद गरी जिन्सी खाताबाट खर्च लेखेकोमा हालसम्म पनि उक्त पाइप प्रयोग भई नापी किताबमा चढेको नदेखिएकोले पाइप प्रयोगको प्रमाण पेस हुनुपर्दछ ।

१३. **सीमाभन्दा बढीको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोडसम्मको कार्यमात्र उपभोक्ता समितिबाट गराउन मिल्ने व्यवस्था छ । यस्तै विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ (१घ) मा विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न नपाईने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन नं, १ मकवानपुरले राक्सिराङ विशेष खानेपानी आयोजनालाई ७ स्किममा टुक्रा पारी रु.३ करोड ८७ लाख २५ हजारको कार्य उपभोक्ता समिति मार्फत गराएको छ । यसरी एउटै योजनाको कामलाई टुक्रा टुक्रा गरी उपभोक्ता समितिबाट कार्य गराएको नियमसम्मत देखिएन । यस्तैगरी डिभिजन कार्यालय, रामेछापले रु.१ करोडभन्दा बढी लागत अनुमान भएका ७ योजना रु.१० करोड ७६ लाख ३५ हजारमा सम्झौता गरी यस बर्ष रु.८ करोड ३५ लाख ६९ हजार भुक्तानी दिएको छ । नियमावली एवं कार्यविधिको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१४. **त्रुटिपूर्ण डिजाइन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क २) बमोजिम खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार गर्ने पदाधिकारी र परामर्शदातालाई प्रचलित कानुन बमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ । होक्से गुणस्तर खानेपानी योजना पाँचखाल अन्तर्गत लगभग १३०० मिटर तल रहेको खोलाको पानीलाई बहुलिफ्ट प्रणालीबाट वितरण गर्ने योजना अनुसार मुहान क्षेत्रमा फिल्टर प्लान्ट तयार गरी पानी संकलन प्रणाली मार्फत रिजर्भवयर ट्याङ्कीमा सफा पानी पठाउनु पर्नेमा पानी वितरण हुने स्थानभन्दा माथी फिल्टर प्लान्ट तयार गर्न समितिसँग रु.६५ लाख ८१ हजारको सम्झौता गरी यो वर्ष रु.५८ लाख २६ हजार भुक्तानी भएको छ । यसरी मुहान र बस्तिभन्दा उच्च स्थानमा फिल्टर प्लान्ट बनाउँदा पानी प्रसारण, संकलन र वितरण प्रणालीमा फोहोर पानी गई प्रणालीको गुणस्तरमा ह्रास आउने र एक लिफ्ट प्रणाली थप गर्नुपर्ने लगायतको संरचना र विद्युत लगायतको संचालन खर्चको कारण उच्च लागत पर्ने अवस्था छ । कम लागतमा उचित प्रतिफल प्राप्त गर्ने गरी आयोजना कार्यान्वयन हुनुपर्दछ ।

१५. **अन्तर तह समन्वय -** खानेपानी तथा सरसफाई डिभिजन नं. ५, सिन्धुपाल्चोकले बोरिङ तथा लिफ्ट प्रणालीमा आधारित कुन्ता पौवा खानेपानी योजनाको लागि एक निर्माण सेवासँग रु.३ करोड १३ लाख ८५ हजारमा सम्झौता भएकोमा हालसम्म रु.२ करोड ८२ लाख ६६ हजार भुक्तानी भएको छ । उक्त योजनामा २ हजार २०० मिटर तलबाट बोरीङ गरी ३ पटक लिफ्ट गरी बस्तीसमक्ष खानेपानी वितरण गर्ने लक्ष्य रहेको छ । सोही योजनामा मन्डनदेउपुर नगरपालिकाले गत बिगतमानै सोही स्थानबाट बोरिङ गरी नगरपालिकाकै लिफ्ट तथा वितरण प्रणालीबाट योजना सञ्चालन गरिरहेको देखिन्छ । एउटा खानेपानी प्रणालीमा २ तहका सरकारबाट लगानी गर्दा अन्तरतह समन्वय गरी स्रोतको दिर्घकालीन सुनिश्चितता र खर्चमा मितव्ययियता कायम गर्नुपर्दछ ।

१६. **उपभोक्ता समितिलाई भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, धादिङले निगालपानी कामीगाउँ खानेपानी डिपवोरिङ उपभोक्ता समिति समेत ४ समितिसँग सम्झौता गरेकोमा सम्झौता गरेकोभन्दा फरक समितिलाई भुक्तानी गरेको पाइयो। चारघरे मर्मत खानेपानी उपभोक्ता समितिसँग सम्झौता भएकोमा काफलबोटे असिनेमुहान खानेपानी उपभोक्ता समितिलाई भुक्तानी भएको छ भने छाप गुराँसेखोला मुहान खानेपानी तथा सरसफाई उपभोक्ता समितिको लगाएको छ । सम्झौता भएको उपभोक्ता समितिको नाममा भुक्तानी नदिई फरक संस्थालाई भुक्तानी दिएको रु.२८ लाख १७ हजारको सम्बन्धमा छानबिन गरी यथार्थता यकिन हुनुपर्दछ ।

१७. **फिटिङ्गस खर्च -** डिभिजन कार्यालय, धादिङको जिन्सी खातामा आम्दानी जनाएका रु.२ करोड ४९ लाख ८८ हजार ४८५ मूल्यका फिटिङ्गहरू मौज्दात रहेको मध्ये रु.१ करोड ८१ लाख ९२ हजार मूल्यका फिटिङ्गसहरू योजनामा प्रयोग भएको जनाइ रु.६७ लाख ९५ हजार ८३७ मूल्यका फिटिङ्गस सामग्रीहरू मात्र आर्थिक वर्षको अन्तमा मौज्दात देखाएको छ। योजनामा प्रयोग भएको उल्लेख भएका फिटिङ्गसहरू प्रयोगको योजनागत विवरण राखेको छैन । तसर्थ योजनागत अभिलेख बेगर जिन्सीबाट खर्च देखाएको फिटिङ्गसको सम्बन्धमा यकिन गरी वास्तविक खर्चको आधारमा आइटमवाइज नापी किताव प्रमाणित गरी सोही बमोजिमको योजनागत खाता तयार गर्नुपर्दछ ।

१८. **खरिद मौज्दात -** डिभिजन कार्यालय, भक्तपुरले एक आयोजनामा काम अन्तिम चरणमा पुगेकोले पाईप नआएमा पानी टेष्ट गर्न नसकिने र योजना सम्पन्न गर्न अप्ठ्यारो आउन सक्ने भनी रु.८८ लाख ५१ हजारको लागत अनुमान स्वीकृत गरेकोमा लागत अनुमानभन्दा बढी हुने गरी रु.८८ लाख ५८ हजारमा ठेक्का स्वीकृत गरी भुक्तानी दिएको छ । यद्यपि खरिद भएका जि. आई. पाईपहरू स्टोरमा मौज्दात रहेकोले सम्बन्धित योजनामा प्रयोग भएको प्रमाण पेस गर्नुपर्दछ । साथै लागत अनुमानभन्दा बढीमा ठेक्का सम्झौता गर्नु उपयुक्त देखिएन ।

खानेपानी तथा सरसफाई डिभिजन ५, सिन्धुपाल्चोक (२०७६।७७)

१९. **आर्थिक वर्षको अन्तमा बजेट निकासा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा १६ मा बजेट विवरण, स्वीकृत कार्यक्रम र खर्च गर्ने श्रोत खोली विनियोजन ऐन जारी भएको ७ दिनभित्र कार्यालयमा अख्तियारी पठाउनु पर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको २०७७।३।३० को पत्र अनुसार सिन्धुपाल्चोकका ४४ र काभ्रेपलान्चोकका १० गरी ५४ योजनाको लागि रु.२ करोड २ लाख ७२ हजार बजेट विनियोजन भएकोमा रु.१ करोड ३४ लाख ४४ हजार खर्च भएको छ । मन्त्रालयबाट आर्थिक वर्षको अन्तमा बजेट अख्तियारी तथा निकासा दिने कार्यमा सुधार हुनुपर्दछ ।

२०. **अधिक मौज्दात -** नेपाल सरकार (सचिव स्तर) को मिति ०६२।११।८ को निर्णयानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने संम्वन्धमा गत विगतको मौज्दातको ख्याल गरी सो को उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा रु.७८

लाख ४५ हजार मूल्यका ५७ हजार ८१७ मिटर पाईपहरू समयमा प्रयोग हुन नसकी कार्यालय परिसर र योजनाको साईटमा रहेको देखियो । खरिद भएका निर्माण सामग्रीहरू लामो समयसम्म प्रयोग नहुँदा गुणस्तरमा ह्रास आउने, हराउने, चोरी हुन सक्ने अवस्था छ । मौज्दात पाईपहरूको योजनागत अभिलेख राखी पाईपहरू सम्बन्धित योजनामा खर्च भएको प्रमाण पेस गर्नुपर्दछ।

२१. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष रु.३१ लाख ४० हजारको परामर्श सेवा, रु.२६ लाख ८६ हजारको फिटिङ्स रु.१९ लाख ७८ हजारको सिलिका सिमेन्टसमेत रु.७८ लाख ४ हजारको सोझै खरिद गरेको छ । प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ ।

२२. **पाईप जडान** - कार्यालयको जिन्सीबाट खर्च घटाई उपभोक्ता समितिलाई हस्तान्तरण भएका पाईप तथा फिटिङ्ग पार्टसहरु जडान गरी सोको नापी अद्यावधिक गर्नुपर्दछ । काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लास्थित विभिन्न खानेपानी आयोजनाहरूको लागि गतबर्षको जिम्मेवारीसमेत यसबर्षको रु.२ करोड ३० लाख ७५ हजारका १ लाख ६७ हजार ३०८ मिटर विभिन्न साईजको एच. डि. पी. पाईप खरिद गरेको छ । कार्यालयले रु.१ करोड ५२ लाख ३१ हजारका १ लाख ९ हजार ४९१ मिटर पाईप आयोजनामा खर्च भएको जिन्सी खाताबाट देखाएकोमा आयोजनाको नापी किताबमा पाइप जडान गरेको देखिएन ।

२३. **फिटिङ्स खर्च -** कार्यालयले यस वर्ष रु.४ करोड ७० लाख ५६ हजार मूल्यका फिटिङ्गस सामग्रीहरू योजनामा प्रयोग भएको भनी जिन्सी किताबबाट खर्च देखाएकोमा ती सामानहरू प्रयोग भएको योजनाहरूको विवरण पेस भएन । योजनागत सामान राखी वास्तविक रुपमा खर्च भएको यकिन हुनुपर्दछ ।

२४. **घटी लागत सहभागिता -** खानेपानी नीति, २०७१ को दफा ९.१३ बमोजिम आधारभूत सेवा स्तरको खानेपानी तथा सरसफाई आयोजना निर्माण खर्चको १० देखि २० प्रतिशतसम्म सकेसम्म उपभोक्ता/समुदायबाट नगदै योगदान गरिने व्यवस्था छ । सो बमोजिम कार्यालयले सम्पूर्ण खानेपानी योजनाहरूमा २० प्रतिशतले जनसहभागिता रहने गरी लागत अनुमान स्वीकृत गरेको छ । कार्यालयबाट यो वर्ष उपभोक्ता समितिसँग रु.१२ करोड ६२ लाख ९३ हजारमा सम्झौता गरी संचालन भएका ५५ आयोजनामा रु.११ करोड १७ लाख ३५ हजार भुक्तानी गर्दा खानेपानी नीति र स्वीकृत लागत अनुमान बमोजिम २० प्रतिशतले रु.२ करोड २३ लाख ४७ हजार जनसहभागिता हुनुपर्नेमा यस वर्ष शुन्य लागत सहभागिता भएको देखिन्छ।

पूर्वाधार विकास कार्यालयहरू

२५. **बीमा वापतको क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधिसमेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले चोप्कु खोलामा पुल निर्माण कार्य २०७७।०९।२४ भित्र सम्पन्न गर्ने गरी रु.३ करोड ३४ लाख ८१ हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता गरी त्रुटी सच्याउने अवधि समेत समेट्ने गरी एक बीमा कम्पनीमा बीमा गरेको

देखिन्छ । उक्त पुल निर्माण कार्यको लागि भेरिएसनसहित रु.४ करोड ५६ लाख ९२ हजारको सम्झौता भएकोमा रु.३ करोड ३४ लाख ८१ हजार भुक्तानी भएको छ ।

पुल निर्माण कार्य सम्पन्न नहुँदै २०७८।०३।०१ गते मेलम्ची खोलामा आएको बढीबाट उक्त पुल पूर्णरुपमा क्षति भएको छ । पुल पूर्णरुपमा क्षति भएकोमा निर्माण व्यवसायीले बीमा कम्पनीसँग भुक्तानी दाबी गरेकोमा बीमालेखको म्याद २०७८।०१।२९ मा समाप्त भएकोले मर्मत अवधिमा उक्त दाबी गर्न नमिल्ने भनी भुक्तानी दिएको देखिएन। बीमा कम्पनीले जारी गरेको बीमालेखमा निर्माण अवधि २०७८।०१।२९ सम्म र तत्पश्चात बाह्र महिना मर्मत अवधि उल्लेख छ। जसअनुसार उक्त बीमा कम्पनी भुक्तानी दायित्वबाट पन्छिन मिल्ने देखिँदैन । निर्माण व्यवसायीले बीमा समितिमा २०७८।०३।१३ मा उजुरी दर्ता गराएकोमा कारबाही टुंगो लागेको छैन। उक्त बीमा कम्पनीलाई कानुनको दायरामा ल्याई बीमा लेखमा उल्लेख भए अनुसार उक्त पुल पुनः निर्माण गर्न लाग्ने खर्च बीमाबाट प्राप्त गरी निर्माण कार्य पुरा गराउनुपर्दछ ।

२६. **भेरिएसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले देहायका निर्माण कार्यहरूमा ४.२० देखि १४.९५ प्रतिशतसम्म भेरिएसन गरेको छ । कार्यालयले संचालन गरेको अधिकांश योजनामा भेरिएसन भएको देखिन्छ । कानुनले तोके बमोजिम पूर्वानूमान गर्न नसकिने आइटममा मात्र भेरिएशन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

(रु. हजारमा)

ठेक्का नं.	कार्यको विवरण	शुरु सम्झौता रकम	भेरिएसनबाट थपघट रकम	भेरिएसन प्रतिशत	भेरिएसन पछि कायम सम्झौता रकम
०२।०७५।७६	बलेफि जलबीरे तेम्बाथान सडक	२८५७८४	२००७६	७.०३	३०५८६१
०१।०७५।७६	चौतारा सिपाघाट सडक	२५६६३८	३८३५६	१४.९५	२९४९९५
१५३।०७३।७४	जिरी ठोसे शिवालय सोलु सडक	११७०२	१२२९०	११.००	१२३९९२

यसैगरी भेरिएसन गर्दा ५ प्रतिशतसम्म ९/१० तहको कार्यालय प्रमुखले, १० प्रतिशतसम्म विभागीय प्रमुखले र १५ प्रतिशतसम्म सचिवले गर्न सक्ने व्यवस्था छ । कार्यालयले चौतारा सिपाघाट सडक निर्माण कार्यमा दुईपटक गरी १४.९५ प्रतिशत भेरिएसन गरेको छ । दश प्रतिशतभन्दा बढीको भेरिएसन गर्दा सचिवस्तरीय निर्णय गर्नु पर्नेमा पहिलो पटक १० प्रतिशत सम्मको भेरिएसन तयार गरी यातायात पूर्वाधार विकास निर्देशनालयको प्रमुखबाट स्वीकृत भएको र दोश्रो भेरिएसन सचिवस्तरबाट भएको छ । सडक खन्ने, वाल लगाउने जस्ता पूर्वानुमान गर्न सकिने कार्यहरूको भेरिएसन एकैपटक तयार गरी स्वीकृत गराउनुपर्दछ ।

यसैगरी बलेफि जलबिरे तेम्बाथान सडक निर्माणको ग्याबिन कार्यमा मात्र रु.१ करोड ९ लाख १४ हजार र जिरी ठोसे शिवालय सोलु सडकमा मेसिन मिक्स सिमेन्ट (रिजिट पेमेन्ट) मा रु.८२ लाख ०३ हजार भेरिएसनबाट थप गरी भुक्तानी भएको छ । अतः भेरिएसन गर्ने कार्यमा नियन्त्रण गर्न यथार्थपरक ढंगले लागत अनुमान बनाउनुपर्दछ ।

२७. **पुल निर्माण** - पुल निर्माण कार्य शुरु गरी अधुरो रहेको सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न अनुसार रहेका छन् :

२७.१. तत्कालीन जिल्ला विकास समितिको कार्यालय, मकवानपुर र एक निर्मण व्यवसायीबीच रु.१३ करोड १७ लाखमा सिक्रे खोला दोभान प्रि-स्ट्रेश पुल निर्माणका लागि २०७४।३।३० मा सम्झौता गरी तेश्रो रनिङ्ग बिलसम्मको रु.१ करोड ४८ लाख भुक्तानी भएको छ । उक्त कार्य २०७८ श्रावणमा निर्माण सम्पन्न गर्ने गरी संशोधित कार्यतालिका पेस गरेपनि निर्धारित कार्यतालिका अनुसार कार्य भएको छैन । पाइल फाउण्डेशन गर्ने सिलशिलामा कडा ठूला चट्टान भेटिएको प्रतिवेदनसहित क्षतिपूर्तिको माग गरेकोमा पूर्वाधार विकास कार्यालय, चितवनले सम्झौताको सामान्य शर्त नं. ५१.४ अनुसार पूर्व जानकारी नगराएको अवस्थामा क्षतिपूर्ति उपलब्ध गराउन बाध्य नरहेको व्यहोरा निर्माण व्यवसायीलाई जानकारी गराएको छ । थप भएको अवधि समाप्त हुँदासम्म काममा प्रगति भएको देखिएन।

२७.२. जिल्ला समन्वय समिति, हेटौडाबाट पूर्वाधार विकास कार्यालय चितवनलाई हस्तान्तरण भई आएको सिमलीटार पुल निर्माण कार्य २०७४।१२।१० सम्म सम्पन्न गर्ने गरी २०७३।९।१८ मा रु.५ करोड ३८ लाखमा सम्झौता भएकोमा तेश्रो पटक थप गरी सम्झौता अवधि २०७७।११।२९ सम्म कायम गरेको देखिन्छ । हालसम्म रु.१ करोड ६८ लाख भुक्तानी भएको छ । सम्झौता मितिको १५ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी भएको सम्झौतामा ३५ महिनासम्म म्याद थप हुँदासम्म उल्लेख्य प्रगति भएको देखिएन । सम्झौता अनुसारको कार्य सम्पन्न गराई समयमा निर्माण सम्पन्न गर्नुपर्दछ ।

२८. **समन्वय** - पूर्वाधार विकास कार्यालय, ललितपुरले खहरे झ्याङ्लाफाट सुन्दर बस्ती सडक कालोपत्रे गर्ने कार्यमा रु.८३ लाख २८ हजार खर्च भएको छ । उक्त कार्य २०७७।६।५ मा सम्पन्न भएकोमा निर्माण सम्पन्न भएको केही समयमै नेपाल विद्युत प्राधिकरणले विद्युत तार भूमिगत गर्न थालनी गरी कालोपत्रे सडक भत्काएको कारण खर्च रकम उपलब्धिविहिन देखियो । सरकारी निकायबीच समन्वयात्मक तवरले विकास निर्माणका कार्य गर्नुपर्दछ ।

२९. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीबाट ढिला अवधिको सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, ललितपुरले मनोहरा खोलामा स्टिल ग्रिडर पुल निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा समयमा कार्यसम्पन्न गर्न ढिलाई गरेको कारण रु.१ करोड ५८ लाख ६० हजारको रनिङ बिल भुक्तानी गर्दा रु.५८ लाख ८२ हजार पूर्व निर्धारित क्षतिपूर्ति कट्टी गरी धरौटी खातामा राखेको छ । उक्त पूर्व निर्धारित क्षतिपूर्ति रकम बेरुजु खातामा जम्मा गर्नुपर्नेमा कानुनी आधार बेगर धरौटी खातामा राखेको देखियो । उक्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्दछ।

३०. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ५८ मा लागत अनुमान तयार गर्दा तथा सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको कार्यका लागि भेरीयसन गर्न सकिने व्यवस्था छ ।

३०.१. पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले दौचेत बेउरेनी जतन बासँखर्क बरुवा सडक निर्माण कार्यको शुरु लागत अनुमान रु.२ करोड ५१ लाख ४२ हजार रहेकोमा भेरिएसन स्वीकृत गरी

लागत अनुमान रु.२ करोड ३४ लाख ८२ हजार कायम गरेको छ । उक्त निर्माण कार्यको शुरु सम्झौता रकम रु.१ करोड ९८ लाख ३२ हजार रहेकोमा भेरिएसन पश्चात सम्झौता रकम रु.१ करोड ९८ लाख ३२ हजार नै कायम गरेको छ । जसअनुसार लागत अनुमानमा ६.६ प्रतिशतले घटेकोमा सम्झौता रकम सोही अनुपातमा घटेको देखिएन । यसबाट लागत अनुमानको तुलनामा बढी दरमा कबोल भएका आइटमहरूमा भेरिएसनबाट काम थप गरेको देखिन्छ । जसले गर्दा सोही अनुपातमा रु.१३ लाख ९ हजार थप व्ययभार परेको छ। बढी कबोल दर भएका आइटममा काम थप गर्ने र घटी कबोल दर भएका आइटमको काम नगर्ने गरी भेरिएसन गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

३०.२. पूर्वाधार विकास कार्यालय, ललितपुरले फिकुरी गागल जगडोल सडक निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७३।११।०२ मा रु.१६ करोड ४३ लाख ९४ हजारको सम्झौता गरेको र सम्झौता अवधि २०७५।११।०२ रहेको देखिन्छ । लागत अनुमानमा सडकको लम्बाई ५०० मिटर तथा चौडाई ५ मिटरमा आरसिसि पेभमेन्टको कार्य गर्ने उल्लेख छ । यातायात पूर्वाधार निर्देशनालयको २०७७।२।२१ को भेरिएसन सम्बन्धी निर्णयमा उक्त सडक खण्डको चौडाई नबढाई कालोपत्रे गर्न सम्भव नदेखिएको उल्लेख गरी मुख्यतया माटो काट्ने कार्य, पक्की ढलको कार्य र कालोपत्रे गर्ने कार्य घटाएको छ । उक्त कार्यहरुको परिमाण घटाई बचत हुने रकमबाट ढुङ्गाको गाह्रो लगाउने कार्यमा मात्र ५४.३७ प्रतिशत बढाई निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ। शुरु सम्झौतामा ३ हजार २९४.३९ घन मिटर गाह्रो लगाउने कार्यको लागि रु.२ करोड ४७ लाख ७ उल्लेख भएकोमा दुई पटक भेरिएसन गरी ५ हजार ८५.३९ घनमिटरको रु.३ करोड ८१ लाख ४० हजार भुक्तानी गर्ने गरी सम्झौता परिमार्जन गरेको देखिन्छ । निर्माण साइटको विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

प्रादेशिक सडक डिभिजनहरू

३१. **विनियोजन भन्दा बढी खर्च -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा परिस्थितिवश कार्यक्रम संशोधन गर्न परेमा स्पष्ट कारण खुलाई तालुक मन्त्रालयको स्वीकृति लिई कार्यक्रम संशोधन गर्न सकिने उल्लेख छ । प्रादेशिक सडक कार्यालय, खुर्कोटबाट प्राप्त विवरण अनुसार कार्यक्रम संशोधन नगरी ८ योजनामा व्यवस्था भएको वार्षिक बजेटभन्दा रु.१ करोड २० लाख बढी खर्च भएको देखिन्छ । बजेट सीमामा रही खर्च गर्नुपर्दछ ।

३२. **सम्झौता भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिमको काम शुरु गरेपछि पूर्वानुमान नगरिएको परिस्थितिमा ऐनको दफा ५४ मा तोकिएको अधिकारीले भेरिएसन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था छ । प्रादेशिक सडक डिभिजन कार्यालय खुर्कोटले ३ योजनामा भेरिएसन आदेश स्वीकृत नगरी सम्झौता भन्दा बढीको काम गराई रु.११ लाख ९३ हजार भुक्तानी दिएको पाइयो । भेरिएसन आदेश स्वीकृत गरी भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ ।

शहरी विकास तथा भवन कार्यालयहरू

३३. **थप व्ययभार -** सामाजिक विकास मन्त्रालयले हेटौडा अस्पताल भवन निर्माणको लागि रु.२७ करोड २७ लाख ४६ हजार (कन्टिन्जेन्सी र मू. अ. कर बाहेक) को लागत अनुमान सहित डिपिआर तयार गरेको देखिन्छ । एक परामर्शदाता फर्मले उक्त डिपिआर तयार गरी हेटौडा उप-महानगरपालिकाबाट सेनिटरी डिजाईन र नेपाल विद्युत प्राधिकरणबाट ईलेक्ट्रीक डिजाईन चेक जाँच गरी ठीक ठहर गरेको देखिन्छ । तत्पश्चात अस्पताल भवनको स्ट्रक्चरल डिजाईन तथा नक्सा सारभूत रुपमा नेपालको राष्ट्रिय भवन संहिता, २०६० र आइएस कोड अनुरुप भएको भनी शहरी विकास तथा भवन निर्माण विभागले सिफारिश गरेको छ । मन्त्रालयका सचिवको निर्देशनमा शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरका प्रमुखले अस्पताल भवनको लागत अनुमान स्ट्रक्चरल डिजाईन, ईलेक्ट्रीकल डिजाईन, सेनिटरी डिजाईन पुनः चेकजाँच गर्न एक प्राविधिक समिति गठन गरेको पाइयो । त्यस समितिले माटो परीक्षणको लागि लिएको नमुना अपर्याप्त रहेको र भवन निर्माण स्थल सिमसार क्षेत्रमा परेकोले थप अनुसन्धान गर्नुपर्ने भनी सुझाव दिएको छ । उक्त समितिमा राखिएका सदस्यहरूले आफूहरूमा स्ट्रक्चरल डिजाईन, ईलेक्ट्रीकल र सेनिटरी डिजाईनमा विषयगत विज्ञता नभएको स्वघोषणा गरी डिपिआर तयारकर्ताले नै जिम्मेवारी लिनुपर्ने राय दिएको देखियो । विषय विज्ञतानै नभएको कर्मचारीहरू सहभागी समिति गठन गरी डिपिआर परिमार्जन गरी लागत अनुमान रु.३१ करोड २९ लाख २० हजार (कन्टिन्जेन्सी र मू. अ. कर बाहेक) कायम गरेकोले लागत अनुमान रु.४ करोड १ लाखले बढ्न गएको छ । त्रुटिपूर्ण लागत अनुमान तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३४. **सहकारी संस्थाको भवन -** शहरी विकास तथा भवन कार्यालय, मकवानपुरले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई बचत संकलन तथा ऋण प्रवाह गर्ने एक बचत तथा ऋण सहकारी संघ लि. मकवानपुरको भवन निर्माण गर्न रु.३३ लाख ४३ हजार एक निर्माण व्यवसायीलाई भुक्तानी दिएको छ । प्रदेश सरकारको बजेटबाट सहकारी संस्थाको भवन निर्माण गर्न मिल्ने कानुनी आधार नदेखिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई सो सहकारी संघबाट उक्त रकम असुल गर्नुपर्दछ ।

३५. **मुख्यमन्त्री सभाहल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौता बमोजिमको समयभित्र कार्य नगर्ने निर्माण व्यवसायीलाई बढीमा सम्झौता रकमको १० प्रतिशतको सीमाभित्र रहने गरी प्रतिदिन ०.०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभाहल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.५ करोड २६ लाख ८३ हजारमा २०७९।१।१९ मा सम्पन्न गर्ने गरी २०७७।७।१९ मा सम्झौता गरेको छ । सम्झौता अवधिमा निर्माण व्यवसायीले जग निर्माणसम्मको कार्य गरी रु.१ करोड ४ लाख २२ हजार भुक्तानी भएको छ। २०७९ बैशाख १९ गते निर्माणस्थलको स्थलगत अवलोकन गर्दा निर्माण स्थलमा निर्माण व्यवसायी तथा निजका कामदारहरूको उपस्थिति नदेखिएको र डिपिसि गरी छोडेको भवन निर्माणस्थलमा झारपात उम्रेको अवस्थामा देखियो । जसबाट निर्माण कार्य गर्ने अवधिभित्र कार्य नगरेको कारण म्याद थप माग गरी समयमै कार्य सम्पन्न हुन सक्ने देखिदैन ।कार्यालय प्रमुख तथा

प्राविधिकले सम्झौताको दुई वर्ष अवधिमा डिपिसि मात्र बनाउने निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका अनुसार कार्य नगरेको यकिन गरी तोकिएबमोजिम कारबाही गर्नुपर्दछ ।

३६. **दरबन्दी बेगर तलब** - स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी कर्मचारी राख्न पाउने व्यवस्था नभएकोमा शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले स्वीकृत दरबन्दी भन्दा बढी संख्यामा कर्मचारी पदपूर्ति गरी तलब भत्ता खर्च लेखेको देखियो । भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेश राजधानी आयोजनाको लागि करारमा नियुक्त गरेको कर्मचारीहरूलाई उक्त आयोजना सुचारु नभएकोले यस कार्यालयबाट तलब भत्ता खर्च लेख्रे गरी एक कर्मचारीलाई शहरी विकास तथा भवन डिभिजन नुवाकोट तथा अर्को एक कर्मचारीलाई शहरी विकास तथा भवन डिभिजन कार्यालय, काठमाडौंमा कामकाज तोकेको देखिन्छ । यस कार्यालयले निजहरूलाई तलब भत्ता वापत रु.१० लाख ५ हजार खर्च लेखेको छ । आवश्यक नै नभएका कर्मचारी नियुक्त गरी खर्च लेख्रे परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३७. **सब कन्ट्रयाक** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई जटिल प्राविधिक क्षमता भएको कार्य दिन नहुने, उपभोक्ता समितिले पाएको कार्य सब कन्ट्रयाकबाट गराउन नपाईने तथा उपभोक्ता समिति आफैले गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले भवन निर्माण वापत गौरीटार आईसोलेसन भवन निर्माण उपभोक्ता समितिलाई रु.७९ लाख ६१ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले आईसोलेसन भवन एक निर्माण व्यवसायीबाट गराई रु.८८ लाख २६ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायीबाट सोझै गराएकोले खरिद कार्यमा प्रतिस्पर्धा भएको देखिएन। निर्माण व्यवसायीनै आवश्यक पर्ने कार्य उपभोक्ता समितिलाई दिन मिल्दैन । उक्त नियमावली बमोजिम आवश्यक कारबाही हुनुपर्दछ ।

३८. **पार्क निर्माण** - शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले चितवन जिल्लामा ५ वटा पार्क निर्माणमा रु.३ करोड २५ लाख ९४ हजार खर्च गरेको छ । पार्कहरूको सञ्चालन, व्यवस्थापन र सेवा शुल्क निर्धारण सम्बन्धी कुनै योजना देखिएन । योजनाहरूको लाभ लागत विश्लेषण गरी प्राथमिकताको आधारमा योजना कार्यान्वयन गर्नुपर्दछ ।

३९. **अधुरो निर्माण** - भरतपुर महानगरपालिका वडा नम्बर २३ मा जेष्ठ नागरिक भवन निर्माण कार्यको लागि शहरी विकास तथा भवन डिभिजन कार्यालय, मकवानपुरले उपभोक्ता समितिसँग रु.२८ लाख ८० हजारमा सम्झौता गरेको छ । वडा अध्यक्षले २०७८।३।२३ को पत्रबाट निर्माण कार्यसम्पन्न भएको जानकारी गराएको आधारमा ईन्जिनियरको मूल्याङ्कन बमोजिम रु.१३ लाख ८ हजार भुक्तानी भएको छ । ईन्जिनियरको मूल्याङ्कन बमोजिम ४५.४२ प्रतिशत मात्र कार्य भएको छ। उक्त भवनको डिपिआर नबनेको र नक्सा पास पनि भएको छैन । आगामी वर्ष उक्त भवनको बाँकी कार्य गर्न बजेट समेत विनियोजन नभएकोले भवन निर्माण कार्य अधुरो रहेको देखियो। सम्झौता बमोजिमको कार्य नभई अधुरो रहेको अवस्थामानै निर्माण सम्पन्न भनी सिफारिश गर्ने वडा अध्यक्षलाई भुक्तानी रकमको सम्बन्धमा जिम्मेवार बनाउनुपर्दछ ।

४०. **भिमान बसपार्क** - शहरी विकास तथा भवन डिभिजन कार्यालय, सिन्धुली अन्तर्गत भिमान बसपार्क निर्माणका निर्माण व्यवसायीलाई पेस्की समेत रु.९४ लाख ९३ हजार भुक्तानी भएको छ। उक्त

कार्यको लागि २०७७।११।१७ मा सम्झौता भई २०७८।११।१० मा कार्य सम्पन्न हुनुपर्नेमा हाल करिब ७० प्रतिशत भौतिक प्रगति भएको छ । उक्त बसपार्कको क्षेत्रफल ३६ कठ्ठा रहेकोमा एक प्रशासनिक भवन, एक प्रतिक्षालय, एक मन्दिर र एक सार्वजनिक शौचालय बन्दै गरेकोमा करिब साना ठूला गरी १०० सवारी साधनको पार्किङ्ग क्षमता रहेको देखिन्छ । बसपार्कसँगै रहेको क्षेत्रमा कम्पाउण्ड वाल निर्माण गरेकोमा सामुदायिक वन र कमलामाई नगरपालिकाको स्वीकृति रहे तापनि डिभिजन वन कार्यालयको स्वीकृति रहेको देखिएन । सरोकारवाला निकायको सहमति नलिई निर्माण कार्य गराउन मिल्ने देखिएन।

४१. **गाँखु पार्क निर्माण -** शहरी विकास तथा भवन डिभिजन कार्यालय, काठमाडौंले मध्यपुर थिमी गाँखु पार्क निर्माण कार्यको लागि लागत अनुमान रु.९६ लाख ५९ हजारमा निर्माण व्यवसायीसँग रु.८२ लाख ४५ हजारमा ०७७।२।१८ मा सम्झौता भएको र सम्झौता अवधि २०७७।३।३० रहेकोमा १० महिना थप गरी २०७८।१।३० सम्म कायम रहेको छ । निर्माण व्यवसायीलाई २०७७।१०।१२ मा पहिलो रनिङ्ग विलको वापत रु.४० लाख १२ हजार भुक्तानी भएपछि कुनै कार्य गरेको छैन । कार्यालयले पेस्की जमानत समेत जफत गरिसकेको छ । सम्झौता बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति समेत असुल गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ ।

जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरू

४२. **शुन्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा स्वीकृत वार्षिक कार्यक्रमको लक्ष्य अनुसार कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । यो वर्ष जलश्रोत तथा सिचाई विकास डिभिजन, सिन्धुलीका रु.१ करोड ३९ लाख ६५ हजारका १३ योजना र दोलखाका रु.१ करोडका ४ वटा योजनाको प्रगति शुन्य रहेको छ । स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

४३. **कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेटको सीमामा रही कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । जलश्रोत तथा सिँचाई विकास डिभिजन, काभ्रेपालन्चोकले ३ खर्च शीर्षकमा स्वीकृत कार्यक्रमभन्दा बढी हुने गरी ९ वटा योजनामा रु.३ करोड २८ लाख ८४ हजार तथा जलश्रोत तथा सिँचाई विकास डिभिजन, काठमाडौंले १ योजनामा स्वीकृत कार्यक्रम भन्दा बढी हुने गरी रु.२५ लाख ४० हजार खर्च गरेको छ । कार्यक्रम संशोधन बेगर स्वीकृत बजेटभन्दा बढी खर्च गरेको नियमित देखिएन ।

४४. **बोनस रकम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ मा तोकिएको समयभन्दा पहिले निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायिले पुरस्कार प्राप्त गर्न सक्ने व्यवस्था छ । जलश्रोत तथा सिँचाई विकास डिभिजन, नुवाकोटले गडखार खोला सिँचाई आयोजना निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु.२ करोड ५७ लाख ५१ हजारमा कार्यसम्पन्न गर्ने गरी २०७६।०३।३० मा सम्झौता गरेको छ । निर्माण व्यवसायीले भेरिएसन स्वीकृतका लागि निवेदन पेस गरेकोमा निर्माण कार्यसम्पन्न हुने चरणमा रहेको भनी कार्यालयबाट २०७८।०३।२७ मा कार्यालय प्रमुखबाट भेरिएसन स्वीकृत भएकोमा २०७८।०२।२८ मा नै कार्यसम्पन्न भएको उल्लेख गरी २०७८।०४।२६ सम्म ६१ दिनको रु.७ लाख ८५ हजार बोनस भुक्तानी छ। भेरिएसन स्वीकृत गर्ने क्रममा २०७८।०३।२७ मा निर्माण कार्यसम्पन्न हुने चरणमा रहेको उल्लेख गरेकोमा सो भन्दा

अगाडि नै कार्य सम्पन्न भएको जनाई बोनस भुक्तानी दिन मिल्ने नदेखिएकोले सो रकम असुल हुनुपर्दछ ।

४५. **अन्तिम चरणको कार्य -** जलश्रोत तथा सिँचाई विकास डिभिजन, रामेछापले ४५ हेक्टर कमाण्ड एरिया रहेको विर्ता सिँचाई योजना निर्माण गर्न रु.२ करोड १७ लाख २८ हजारको लागत अनुमान तयार गरेकोमा एक निर्माण व्यवसायीसँग रु.१ करोड ६१ लाख ४३ हजारमा २०७९।६।२० सम्म सम्पन्न गर्ने गरी २०७७।१२।२५ मा सम्झौता भएको छ। सो योजनाको लागि आवश्यक एच. डी. पी. ई. पाईपहरू खरिद गर्दा खरिद गरेको चलान बिलको आधारमा प्रथम रनिङ बिल तयार गरी निर्माण व्यवसायीलाई रु.३८ लाख ३० हजार भुक्तानी भएको छ । पाईप खरिद पश्चात लेखापरीक्षणको समय २०७८।६।२० सम्म पनि निर्माण कार्य शुरु गरेको देखिएन । निर्माण कार्यको अन्तिम चरणमा आवश्यक पर्ने पाईपहरूको लागि बढी दर कबोल गरेकोले निर्माण व्यवसायीले पाईपहरू खरिद गरी भुक्तानी माग गरेको आधारमा उक्त रकम भुक्तानी दिएको छ । निर्माण कार्यको अन्तिम चरणमा आवश्यक पर्ने सामानको भुक्तानी भएको सम्बन्धमा विश्लेषण गरी निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

४६. **खरिद सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा काम शुरु गरी बीचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने तथा उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने एवं सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गरिने व्यवस्था रहेको छ । जलश्रोत तथा सिचाई विकास डिभिजन, रामेछापले रु.१ करोड २९ लाख २ हजारको सुनकोशी सित्खा लिफ्ट सिंचाई योजना र रु.१ करोड ३५ लाख ४७ हजारको तामाकोशी सिंचाई योजनामा निर्माण व्यवसायीले सम्झौता अनुसार पुरा नगरेका कारण २०७७।६।२५ मा ठेक्का अन्त्य गरी कार्य सम्पादन जमानत रु.४२ लाख ९० हजार जफत गरी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई २०७७।७।२६ मा पत्राचार गरेको देखिन्छ । तर बाँकी काम पुरा गर्नका लागि कार्यालयले प्रकृया अगाडि बढाएको देखिएन । निर्माण व्यवसायीले कार्यालयको निर्णय प्रति असहमति जनाई सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएको र उक्त मुद्दा विचाराधीन रहेकोले थप प्रकृया अगाडि बढाउन नसकिएको कार्यालयको भनाई रहेको छ।

४७. **अधुरो निर्माण -** जलश्रोत तथा सिँचाई विकास डिभिजन, सिन्धुलीले मरिण खोला नदी नियन्त्रण कार्यको लागि रु.१ करोड २० लाख ७४ हजारको लागत अनुमान तयार गरी एक निर्माण व्यवसायीसँग २०७७।०९।२४ मा सम्पन्न गर्ने गरी रु.७७ लाख ४७ हजारमा सम्झौता गरेको छ। सम्झौता अवधिसम्म रु.६४ लाख ८६ हजार भुक्तानी दिएको छ । २०७८ जेष्ठमा मात्र बजेट प्राप्त भएकोले उक्त कार्य अधुरो नै रहेको कार्यालयको भनाइ रहेको छ । २०७७ पौषमा कार्यसम्पन्न हुने योजनाको बजेट २०७८ जेष्ठमा प्राप्त भएकोले ढिलाई भएको उल्लेख छ । स्वीकृत कार्यक्रम अनुसार बजेट अख्तियारी प्रदान गरी कार्यक्रम कार्यान्वयन गराउनेतर्फ तालुक निकायले ध्यान दिनुपर्दछ ।

४८. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएको स्पष्ट खुलाई भेरिएसन गर्न सकिने व्यवस्था छ । नारायणी लिफ्ट खगेरी सिँचाई व्यवस्थापन डिभिजन कार्यालय, चितवनले खगेरी सिचाई प्रणालीको नहर निर्माण कार्यको लागि रु.२ करोड २२ लाख ६१ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण सेवासँग रु.१ करोड ५३ लाख ४५ हजारमा २०७८।०३।१५ मा सम्पन्न गर्ने गरी २०७७।१०।२२ मा सम्झौता गरेको छ । निर्माण व्यवसायीले कार्यसम्पन्न गरी रु.१ करोड ५१ लाख १३ हजार भुक्तानी भएको छ । लागत अनुमानमा ४३ हजार २२० के.जी. फलामे डण्डीको परिमाण समावेश भएकोमा ३४ हजार ५३८ के.जी. मात्र खपत भएको छ । फलामे डण्डीमा बचत भएको रकमबाट कन्क्रिटीङ्ग भर्टिकल वालको कार्य गराई भेरिएसन आदेश बेगर रु.५ लाख ८९ हजार भुक्तानी दिएको छ । स्वीकृत भेरिएसन आदेश वेगर भुक्तानी गरेको कानुनसम्मत देखिएन।

४९. **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ को उपनियम ११ मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा उपभोक्ता समितिको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । जलश्रोत तथा सिचाई विकास डिभिजन, काभ्रेपलान्चोकले दुई उपभोक्ता समितिबाट रु.८३ लाख ६० हजारको कार्य गराएकोमा सम्झौता अनुसार जनसहभागिता वापतको रु.२० लाख ४० हजार तथा जलश्रोत तथा सिँचाई विकास डिभिजन, काठमाडौंले जनसहभागिता वापतको रु.६ लाख २८ हजार समेत रु.६४ लाख २ हजार मूल्याङ्कन तथा नापी किताबमा समावेश नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । उपभोक्ता समितिको अंश समेत देखिने गरी नापी तथा कार्यसम्पन्न तयार हुनुपर्दछ ।

५०. **सीमाभन्दा बढीको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा खरिद कार्यमा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रयाउने वा प्याकेजिङ गर्न नहुने तथा नियम ९७ मा मूल्य अभिवृद्धि कर, ओभर हेड, कन्टिन्जेन्सि र जनसहभागिताको रकम रु.१ करोडसम्म लागत अनुमान भएको काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । जलश्रोत तथा सिँचाई विकास डिभजन, रसुवाले दुई प्याकेजमा रु.१ करोड १० लाख ४ हजारको कार्य एउटै उपभोक्ता समितिबाट गराई यस वर्ष रु.९६ लाख १० हजार भुक्तानी दिएको छ । खरिद नियमावलीको व्यवस्था विपरीत हुने गरी लागत अनुमान टुक्रा पारी उपभोक्ता समितिबाट रु.१ करोड भन्दा बढीको कार्य गराएको नियमसम्मत देखिएन ।

५१. **जग्गा प्राप्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लेख भए अनुसार उपभोक्ता समितिबाट काम गराउनुपर्ने व्यवस्था छ । भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, चितवनले लक्ष्मिनिया कल्याणपुर बरुवा डिप ट्युवेल सिँचाई योजनाको लागि सौर्य उर्जा जडित समर्सियल पम्प खरिद तथा जडान कार्यको लागि दुई प्याकेजमा उपभोक्ता समितिसँग रु.४९ लाख ३ हजारको सम्झौता गरेको छ । सम्झौतामा कुल लागतको १० प्रतिशतले हुने रकम उपभोक्ता समितिले व्यहोर्ने व्यवस्था भएपनि उपभोक्ता समितिले निर्माणको लागि जग्गा उपलब्ध गराएको उल्लेख गरी सम्झौता बमोजिम पुरै रकम रु.४८ लाख ९४ हजार कार्यालयले व्यहोरेको देखिन्छ । जग्गादाता किसानले लिखित कागज गरी जग्गा दिएको भनिए तापनि उक्त जग्गा उपभोक्ता समितिको नाममा प्राप्त भएको छैन । सरकारको लगानीमा निर्मित संरचना दिगो कायम राख्न दाताबाट प्राप्त जग्गा उपभोक्ता समितिको नाममा कायम गर्नुपर्दछ । उक्त कार्य श्रममुलक नभई बजारबाट खरिद

गरिने कार्य भएकोले प्रतिस्पर्धाको माध्यमबाट खरिद नगरी उपभोक्ता समितिबाट गरेकोले खरिद नियमावलीको पालना भएको देखिएन ।

५२. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा २ मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्यलाई टुक्राउन नहुने उल्लेख छ । जलश्रोत तथा सिचाई विकास डिभिजन, दोलखा र सिन्धुपाल्चोकले क्रमशः रु.४१ लाख ३३ हजार र रु.५९ लाख ८८ हजारको तारजाली, जलश्रोत तथा सिँचाई विकास डिभिजन, सिन्धुलीले रु.९ लाख ९९ हजारको मेसिनरी औजार, भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, काभ्रेपलान्चोकले रु.५१ लाख १ हजारको १२ वटा, भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, चितवनले रु.४५ लाख ८९ हजारका ८ वटा डिप ट्युवेल निर्माण तथा मर्मत र २ वटा ट्रान्सफर्मर खरिद गरी १२ कार्य, नारायणी लिफ्ट खगेरी सिचाई व्यवस्थापन डिभिजन कार्यालयले रु.४६ लाख ६९ हजारका १५ निर्माण कार्य सोझै खरिद गरेको छ। खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ ।

यातायात व्यवस्था कार्यालय

५३. **सेवा नदिई शुल्क -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २७ मा सरकारी सेवा उपलब्ध गराए वापत नेपाल सरकार वा अन्य सरकारी निकायलाई सेवाग्राहीले बुझाउनुपर्ने सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यातायात व्यवस्था कार्यालय, साना ठुला सवारीले पेस गरेको राजस्वको आर्थिक विवरण अनुसार रु.३ अर्ब ७९ करोड ९ लाख ७८ हजार आम्दानी देखिएकोमा कार्यालयले प्रयोग गर्ने भेहिकल्स रजिष्ट्रेशन सिस्टम (भिआरएस) अनुसार रु.३ अर्ब ७६ करोड ९८ लाख ९८ हजार मात्र राजस्व आम्दानी तथा दाखिला देखिएकोले भीआरएस प्रणालीले रु.२ करोड १० लाख ८० हजार घटी देखाएको छ । उक्त रकममध्ये म्यानुअल रसिदबाट संकलन भएको रु.१ करोड २८ लाख ८ हजार, अन्य राजस्व रु.१ लाख ६७ हजार, बेरुजु दाखिला रु.१० हजार र सेवा लिन नआएको राजस्व रु.८० लाख ९४ हजार रहेको कार्यालयले जनाएको छ । तसर्थ राजस्व तिरेर पनि नागरिकले के कति कारणले सेवा प्राप्त गर्न नसकेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहतका समेत ४७ निकायमा रु.६८ करोड ५ लाख ६४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १३ निकायले रु.३ करोड ८८ लाख ३६ हजार फर्स्यौट गरेकोले रु.६४ करोड १७ लाख २८ हजार बेरुजु देखिएको छ । सो मध्ये रु.२३ करोड ६२ लाख २० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

➢ बक्यौता २ निकायमा रु.४ करोड ४ लाख ३८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौट भएको छैन । यससम्बन्धी विवरण अनुसूची-९(क) मा रहेको छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्यक्षेत्र सामाजिक विकास मन्त्रालयको रहेको छ ।

यो वर्ष मन्त्रालय र मातहत समेत ४७ कार्यालयको विनियोजन रु.४ अर्ब ६१ करोड ५९ लाख ४९ हजार, राजस्व रु.५ करोड २६ लाख ३८ हजार, धरौटी रु.१२ करोड ९८ लाख ५ हजार र अन्य कारोबार रु.७७ करोड ३० लाख १० हजार समेत रु.५ अर्ब ५७ करोड १४ लाख २ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । त्यसैगरी अन्य संस्था र समितितर्फ ९ निकायको रु.८२ करोड ५९ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । साथै बक्यौतातर्फ १ निकायको विनियोजन रु.५ करोड ७३ लाख ८९ हजार, राजस्व रु.२९ हजार, धरौटी रु.३ लाख ७४ हजार समेत रु.५ करोड ७७ लाख ९२ हजार र समितितर्फ १ निकायको रु.१ करोड ६५ लाख २४ हजार लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **एकीकृत आर्थिक विवरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ८६ मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गरेको छैन। तोकिएको समयमा आर्थिक विवरण पेस गर्नुपर्दछ।

२. **दरबन्दी र पदपूर्ति -** मन्त्रालय र अन्तर्गतका ४७ निकायमा प्रशासनिक २९० र प्राविधिक ६३९ समेत ९२९ दरबन्दीमध्ये ५१८ (५५.७८ प्रतिशत) मात्र पदपूर्ति भई ४११ दरबन्दी रिक्त रहेको छ। स्वीकृतमध्ये ४४ प्रतिशत दरबन्दी रिक्त रहेको कारण सेवा प्रवाहमा असर पर्न गएको छ । स्वीकृत दरबन्दी समयमै पदपूर्ति गर्नुपर्दछ ।

३. **खर्च दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले खर्च सृजना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । मन्त्रालयको यस वर्ष संशोधित बजेट रु. ५ अर्ब ४८ करोड ०२ लाख ५० हजार रहेकोमा रु.३ अर्ब ८७ करोड ९८ लाख ३० हजार (७०.७९ प्रतिशत) खर्च भएको कारण मन्त्रालयको खर्च दक्षता कमजोर देखिएको छ । विनियोजित रकम खर्च गरी लक्ष्य प्राप्त गर्नुपर्दछ ।

४. **प्रगति समीक्षा -** बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति ७२.५ प्रतिशत रहेको छ । कुल २६१ वटा क्रियाकलापमध्ये ऐतिहासिक प्राकृतिक धार्मिक र सांस्कृतिक सम्पदाहरूको निर्माण र मर्मत, आयुर्वेदिक स्वास्थ्यसम्बन्धी अपरेशनल रिसर्च, माध्यमिक शिक्षा परीक्षा सम्बन्धी कानुन तथा संरचनागत कार्य, प्रदेशस्तरमा मानव संसाधनको प्रक्षेपण योजना तर्जुमा लगायत ८१ कृयाकलापमा प्रगति शुन्य रहेको,

१३ वटा कृयाकलापको प्रगति १ देखि २४ प्रतिशत रहेको २६ वटा कृयाकलापको प्रगति २५ देखि ५० प्रतिशत रहेको छ । तोकिए बमोजिम भौतिक र वित्तिय प्रगति नभई घटी हुनाका कारण पहिचान गरी मन्त्रालयको कार्य र प्रगतिमा सुधार गर्नुपर्दछ।

५. **मन्त्रालयको अख्तियारी -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ बमोजिम मन्त्रालयलाई बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित मन्त्रालयका सचिवले आफ्नो मन्त्रालय, कार्य सञ्चालन इकाई कार्यालय, विभागीय प्रमुख तथा कार्यक्रम सञ्चालन गर्ने कार्यालय प्रमुखलाई खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । मन्त्रालयको लागि व्यवस्था भएको बजेटबाट सचिवले मन्त्रालय स्वयंम्लाई अख्तियारी नदिई बचत बजेटबाट खर्च रु.३६ करोड २७ लाख १६ हजार गरेको छ । अख्तियारी नदिई आफैं खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।

६. **नीति तथा कार्यक्रम कार्यान्वयन -** यस बर्ष प्रदेश सभामा पेस भएका नवप्रबर्तन कोष स्थापना गर्ने मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम परिमार्जन गरी स्थानीय तहसम्म बिस्तार, प्रदेश मातहत रहेका अस्पतालबाट नागरिकलाई एकीकृत स्वास्थ्य सेवा प्रदान, प्रदेश मातहतका अस्पतालमा डायलाइसिस सेवा सञ्चालनका लागि जनशक्ति तथा व्यवस्थापन सहयोग अनुदान, महिलाहरूमा हुने स्तन तथा पाठेघरको क्यान्सरको निःशुल्क परीक्षणका लागि क्यान्सर अस्पतलालाई तालिम/प्राविधक सहयोग, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं र बागमती प्रदेशका सरकारी अस्पतालहरूमा हृदयघात भएर आएका बिरामीहरूको उपचार सहजीकरण तालिम व्यवस्थापन, एन्जियोप्लाष्टी सेवा लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा घोषणा भएका कार्यक्रमबीच तादम्यता ल्याउनुपर्दछ ।

७. **रकमान्तर -** आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रमका लागि रु.३ करोड बजेट व्यबस्था भएकोमा उक्त कार्यक्रम संचालन नगरी २०७८।०१।२३ को मन्त्रिस्तरको निर्णय बमोजिम रकमान्तर गरी निःशुल्क औषधि खरिदका लागि ८ अस्पतालमा रु.८९ लाख १६ हजार, कार्यालय प्रयोजनमा घर भाडा शीर्षकमा रु.३० लाख २० हजार, मेशिनरी औजार तथा उपकरणमा रु.७१ लाख ३० हजार, ईन्धन कार्यालय प्रयोजनमा रु.१२ लाख ४७ हजार, पानी तथा बिजुलीमा रु.२५ लाख ७८ हजार, कर्मचारी प्रोत्साहन तथा पुरस्कारमा रु.३५ लाख खाद्यान्नमा रु.१९ लाख समेत रु.२ करोड ९६ लाख ८० हजार रकमान्तर गरी खर्च गरेको छ । बजेट वक्तव्यमा घोषणा भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक बर्षभित्र लागु गर्ने लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यबस्था छ । ऐन लागु भएको ४ बर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन। आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ ।

९. **युवा वैज्ञानिक प्रोत्साहन कोष -** प्रदेशको आर्थिक विकास र नागरिकको समृद्धि जीवनका लागि उत्पादन, उत्पादकत्व, दीगो विकास, जनस्वास्थ्य तथा वातावरण संरक्षण लगायतका विषयमा सुधार

गर्न वैज्ञानिक अनुसन्धान पद्धतिमा जोड दिदै नयाँ ज्ञान विज्ञान तथा प्रविधिको विकास गर्ने उद्देश्यले स्थापित युवा वैज्ञानिक प्रोत्साहन कोषमा विगतको मौज्दात समेत रु.१४ करोड ८७ लाख ९९ हजार रहेकोमा उद्देश्य अनुरुपका कार्यक्रम सञ्चालन नगरी यस वर्ष बैठक भत्ता, कार्यालय सञ्चालन लगायत कार्यमा रु.९४ लाख ८४ हजार मात्र खर्च भएको छ । उद्देश्य अनुसार कोष परिचालन गर्नुपर्दछ ।

१०. **संघ संस्थालाई अनुदान -** समाज कल्याण संघ सम्बन्धित संघ संस्था, प्राज्ञिक एवं राष्ट्रिय व्यक्तित्व र भाषा, कला तथा साहित्य प्रबर्द्धन गर्ने संस्थालाई अनुदान दिने प्रयोजनका लागि सोसँग सम्बन्धित निर्देशिका तथा कार्यविधि तर्जुमा गरी मन्त्रालयले विभिन्न १७ संघ संस्थालाई रु.४ करोड ६८ लाख ७४ हजार, भाषा, कला तथा साहित्य सम्बन्धी संस्थालाई रु.५१ लाख ५६ हजार समेत रु.५ करोड २० लाख ३० हजार अनुदान उपलब्ध गराएको छ । यसरी प्रदान गरेको अनुदान तोकिएको उद्देश्य र कार्यमा खर्च भएको सुनिश्चित हुने गरी अनुगमन गर्नुपर्दछ ।

११. **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम -** शैक्षिक संस्था अनुदान कार्यविधि, २०७७ बमोजिम १८ सामुदायिक विद्यालयलाई रु.६ लाखको दरले रु.१ करोड ७ लाख अनुदान दिएकोमा कार्यविधि अनुरुप ती विद्यालयले सम्पादन गरेको कामको विवरण तथा उपलब्धी सम्बन्धमा प्रगति विवरण पेस गरेका छैनन् । साथै कार्यविधिमा उल्लेख गरेअनुसारको विद्यार्थी क्लब तथा उद्यम कोष गठन र संचालन सम्बन्धमा नियमित अनुगमन गरी कार्यक्रमको दिगोपनामा जोड दिनुपर्ने देखिन्छ ।

१२. **रकम फिर्ता नगरेको -** मन्त्रालयले पुँजीगत सुधार कार्यान्वयन कार्ययोजना अनुसार काठमाडौं विश्वविद्यालय अन्तर्गत धुलिखेल अस्पताललाई बर्थिङ सेन्टरमा लिफ्ट जडान गर्न मन्त्रालय र अस्पतालबीच २०७७।८।७ मा भएको सम्झौता अनुसार रु.५० लाख उपलब्ध गराएको छ । यसरी उपलब्ध गराएको रकमबाट उक्त अस्पतालले लिफ्ट जडान तथा परीक्षण गरी एक निजी कम्पनीलाई रु.३९ लाख ३३ हजार भुक्तानी गरेको छ। बाँकी रहेको रु.१० लाख ६६ हजार मन्त्रालयमा फिर्ता नगरी थप मर्मत कार्य गरेको छ । सम्झौता अनुसार उक्त रकम मन्त्रालयमा फिर्ता गर्नुपर्दछ ।

१३. **खरिद प्रकृया -** मन्त्रालयले राजमार्ग सामुदायिक अस्पताल गजुरी, धादिङलाई पुँजीगत कार्य गर्न रु.३० लाख सशर्त अनुदान उपलब्ध गराएको छ । मन्त्रालय र अस्पतालबीचको सम्झौतामा सामाग्रीहरू खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुने उल्लेख भएकोमा अस्पतालले सो खरिद ऐन तथा नियमावलीले तोकेको विधि र प्रक्रिया पुरा नगरी खुला दर मागद्वारा आधारमा रु.३० लाखको विभिन्न उपकरणहरू सोझै खरिद गरेको देखियो । खरिद गरेका सामानहरूको प्राविधिक स्पेसिफिकेशन तथा सामग्री जडान भइसकेपछि उक्त सामानहरूको ग्यारेण्टी वारेण्टी सम्बन्धमा उल्लेख छैन । मन्त्रालयसँग भएको सम्झौता अनुसार आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेमा हालसम्म लेखापरीक्षण प्रतिवेदन पेस गरेको छैन। सार्वजनिक खरिद ऐन, नियमको पालना हुनुपर्ने तथा लेखापरीक्षण प्रतिवेदनसमेत पेस हुनुपर्दछ।

कोभिड-१९ सम्बन्धी खर्च

१४. **निर्देशिका र मापदण्ड -** नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायतका निकायलेकोरोना संक्रमण महामारी रोकथाम र नियन्त्रणका लागि गर्ने कामहरूलाई व्यवस्थित गर्न क्वारेन्टिन, कन्ट्रयाक ट्रेसिङ, आइसोलेशन, कोभिड-१९ अस्पताल र क्लिनिक सञ्चालन व्यक्तिगत सुरक्षा सामग्रीको प्रयोग

लगायत कोभिड-१९ को सन्दर्भमा विभिन्न प्रकारका मापदण्ड तथा निर्देशिकाहरू जारी गरेको छ । कोभिड-१९ को संक्रमण लगाएतका महामारी रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धमा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश कोरोना संकट व्यस्थापन केन्द्र आन्तरिक मामिला तथा कानुन मन्त्रीको संयोजकत्वमा प्रदेश स्तरीय कोरोना नियन्त्रण समिति, सामाजिक विकास मन्त्रीको संयोजकत्वमा स्वास्थ्य व्यवस्थापन समिति र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रीको संयोजकत्वमा बजार अनुगमन उच्चस्तरीय समिति गठन भएको देखिन्छ । प्रदेश सरकारबाट ती निर्देशिकाका व्यवस्थाहरू पालना गर्ने गराउने सन्दर्भमा यी निकाय तथा समितिहरू कार्यरत रहेपनि सोको कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा भएको देखिएन । सम्बन्धित निकायबाट विवरणहरू प्राप्त गरी उपलब्धी मूल्याङ्कन हुनुपर्दछ ।

१५. **बजेट निकासा -** कोभिड-१९ संक्रमणको नियन्त्रण र उपचारको लागि आवश्यक औषधि उपकरण खरिद लगायत स्वास्थ्य पूर्वाधारको विकास र बिस्तार समेतको लागि प्रदेश सरकारले विभिन्न अस्पताल तथा ४२ निकायलाई रु.१८ करोड ३५ लाख ३८ हजार निकासा रु.७ करोड ०३ लाख ८९ हजार खर्च भएकोमा बाँकी रु.११ करोड ३१ लाख ४९ हजारको सम्बन्धमा ती निकायबाट खर्च तथा प्रगति विवरण प्राप्त भएको छैन । उक्त रकम प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ बमोजिम कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ को मर्म बमोजिम खर्च गरे नगरेको सम्बन्धमा मन्त्रालयबाट मूल्याङ्कन हुनुपर्दछ ।

१६. **कोष स्थापना -** मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ बमोजिम कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ जारी गरी कोष खडा गरेको छ । उक्त कोषमा प्रदेश सरकार, प्रदेशका विभिन्न संघ संस्था पदाधिकारी र कर्मचारीहरूबाट सहयोग प्राप्त गरी रु.६१ करोड ६ लाख ९६ हजार आम्दानी भएको छ । ११९ पालिका तथा १३ जिल्ला विपद् व्यवस्थापन समितिसमेत १३२ निकायलाई रु.१७ करोड निकासा दिएको र अन्य खर्च रु.२१ करोड ४० लाख ५४ हजार खर्च भई रु.२२ करोड ६६ लाख ४२ हजार मौज्दात रहेको छ । कोषमा उपलब्ध रकम कार्यविधि अनुसार माहामारी रोकथाम नियन्त्रण र उपचारमा खर्च गर्नुपर्दछ ।

१७. **आइसोलेसन वार्ड तयारी -** सामाजिक विकास मन्त्रालय अन्तर्गतको ८ अस्पताल तथा १६ पालिकामा आइसोलेसन वार्ड तयारी र संचालनको लागि प्रदेश सरकारले वेड, लकर, स्ट्याण्ड, अक्सिजन प्लाण्ट, ट्रली उपकरण एवं सर्जिकल सामग्री औषधि र पीपीई सेट खरिद लगायत आइसोलेसन वार्ड तयारी र संचालन गर्न रु.१५ करोड ९६ लाख ३० हजार निकासा दिएकोमा सम्बन्धित पालिका तथा अस्पतालले गरेको खर्चको प्रगति तथा अनुगमन प्रतिवेदन मन्त्रालयमा पेस गरेको छैन । निकासा भएको रकमको खर्चको सम्बन्धमा सम्बन्धितबाट अनुगमन प्रतिवेदन पेस हुनुपर्दछ ।

१८. **कर्मचारी प्रोत्साहन भत्ता -** कोरोनाको महामारीमा काम गर्ने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई उत्प्रेरणा गर्न संघीय सरकारले रकम उपलब्ध गराएकोमा उक्त रकम कोरोना महामारीमा खटिएका कर्मचारीलाई यस वर्ष सामाजिक विकास मन्त्रालयले रु.१३ लाख ८५ हजार, भक्तपुर अस्पतालले रु.१ करोड २७ लाख ७८ हजार, सिन्धुली अस्पतालले रु.१ करोड ७८ लाख,०९ हजार, हेटौंडा अस्पतालले रु.८१ लाख ८६ हजार, समेत गरी रु.४ करोड ०१ लाख ५८ हजार प्रोत्साहन भत्ता भुक्तानी दिएको छ ।

अस्पताल तथा स्वास्थ्य कार्यालयहरू

१९. **आइसोलेसन वार्ड सञ्चालन -** भक्तपुर अस्पतालमा ७५ शय्याको कोभिड-१९ आइसोलेसन वार्ड तयारी र सञ्चालन गर्नको लागि सार्वजनिक खरिद नियमावली, २०६४ नियम १४५ बमोजिम विशेष परिस्थितिमा खरिद गर्न पाउने व्यवस्था बमोजिम कुल रु.३ करोड ७५ लाख खर्च भएको छ । उक्त उपकरण ३ वटा प्याकेज बनाई खरिद गरेकोमा स्पेशिफिकेशनमा उल्लेख भएबमोजिमको गुणस्तरको उपकरण प्राप्त भए नभएको सम्बन्धमा प्राविधिक पुष्ट्याईसहितको अनुगमन तथा प्रतिवेदन प्राप्त नभएकोले उपकरणको गुणस्तर सम्वन्धमा आश्वस्त हुने आधार देखिएन । कोभिड-१९ महामारी सामान्य भएको अवस्थामा ती उपकरणको उपयोगिता सम्बन्धमा विश्लेषण हुनुपर्ने तथा केही उपकरण स्टोरमा थन्किएको फिल्ड निरीक्षणको क्रममा देखिएकोले त्यस्तो वेड तथा उपकरणलाई संरक्षण एवं चालु हालतमा ल्याई उपयोग गर्नुपर्ने देखिन्छ ।

२०. **हाई डिपेन्डेन्सी युनिट (एच.डि.यु.) स्थापना र सञ्चालन -** सिन्धुली अस्पतालका लागि कोभिड-१९ महामारीमा आवश्यक सुविधा र उपकरण सहितको एच.डि.यु. सेवा १५ दिनभित्र स्तरोन्नति गर्न आवश्यक पर्ने सामग्रीहरू खरिद गरी एक कम्पनीलाई रु.१ करोड ९२ लाख ७७ हजार भुक्तानी गरेको छ। विशेष परिस्थितिमा खरिद गर्नु परेको भनी ७ दिनको सूचना प्रकाशन गरेकोमा २०७७।७।२८ मा सुरु गरेको खरिद प्रकृया करीब ६ महिना अर्थात् २०७७।११।२६ मा समेत टुङ्गो लगाएको देखिएन। विशेष परिस्थिति उल्लेख गरी खरिद प्रकृया गरेकोमा विविध कारण जनाई म्याद थप्ने, समयमा प्राविधिक मूल्याङ्कन नगर्ने, विड डकुमेन्ट तयार नगरी वेभसाइटबाट डाउनलोड गरी भर्नुपर्ने व्यवस्था राख्ने र वेभसाइट नचली पुनः सूचना प्रकाशन गर्दा वेभसाइट तथा कार्यालयको सूचना पाटीमा टाँस गर्ने जस्ता कारणले गर्दा खरिदमा स्वच्छ प्रतिस्पर्धा भएको देखिएन । जुन उद्देश्यले विशेष परिस्थितिको आधार लिई खरिद प्रकृया सुरु गरेको हो सो कार्य समयमा सम्पन्न नहुँदा नागरिकको स्वास्थ्यसँग सम्बन्धित सेवा प्रवाह समेत प्रभावित हुन पुगेको देखिएको छ ।

२१. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । हेटौडा अस्पताललले विभिन्न सप्लायर्सबाट पटक पटक गरी रु.८१ लाख ९१ हजारको औषधि सोझै खरिद गरेको छ । एउटै लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट कार्य गराउनुपर्नेमा तीन वटा फरक फरक लागत अनुमान तयार गरी कार्य गराएको उचित देखिएन ।

२२. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङले ६ योजनामा स्वीकृत नर्म्सभन्दा फरक नर्म्सको प्रयोग गरी लागत अनुमान तयार तथा स्वीकृत गरी रु.१० लाख ४ हजार बढी भुक्तानी गरेको छ । सोही इकाईले ५ वटा शहरी क्षेत्रको भवन निर्माण कार्यमा मेसिनको प्रयोग गरी लागत अनुमान तयार गरी भुक्तानी दिनुपर्नेमा पि.सि.सि. एम २० फर आर. सि. सि. ढलान कार्यको लागि म्यानुअल रेटको आधारमा भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.६ लाख ६५ हजार समेत रु.१६ लाख ६९ हजार बढी भुक्तानी गरेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

२३. **विस्तृत आयोजना प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ठेक्का सकार गर्ने पक्षले ठेक्का सम्झौताको पालना गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक निर्माण कार्वान्वयन इकाई, धादिङले बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको लागि पूर्वाधारयुक्त आवसीय भवन निर्माण कार्यको वातावरणीय प्रभाव मूल्याङ्कन तयारी कार्यको लागि एक परामर्शदातालाई रु.४ लाख ९२ हजार भुक्तानी गरेको छ । परामर्शदाताले सम्झौता अनुसार कुनैपनि कार्य नगरी अन्तिम प्रतिवेदन तयार गरी कार्यालयमा पेस गरेको आधारमा भुक्तानी भएको छ । त्यस्तै सोही स्थानको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको भनी एक परामर्शदातालाई रु.९ लाख ९४ हजार भुक्तानी भएकोमा स्थानीयबासीको विरोधका कारण उक्त परामर्शदाताले कार्य विवरण अनुसार माटो परीक्षण लगातयका कार्य नगरी अन्तिम प्रतिवेदन तयार गरेको भनी भुक्तानी दिएको छ । यसरी परामर्शदाताले सम्झौता अनुसारका कार्य पुरा नगरी अन्तिम प्रतिवेदन तयार गरेको अवस्थामा रु.१४ लाख ८७ हजार भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्न मिल्ने देखिंदैन ।

२४. **खर्चको प्रमाण -** शिक्षा विकास निर्देशनालयले एस.ई.ई परीक्षा सञ्चालन वापत १३ शिक्षा विकास तथा समन्वय इकाईलाई फाराम संकलन तथा अन्य कार्यवापत रु.५ लाख ९८ हजारका दरले रु.७७ लाख ७४ हजार रकम निकासा गरेकोमा उक्त खर्चको विल भरपाई लेखापरीक्षणका लागि पेस गरेको छैन । खर्चको बिल भर्पाई लगायतका श्रेस्ता कागजात पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

जिल्ला अस्पताल

२५. **औषधिको म्याद :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । जिल्ला अस्पताल, सिन्धुपाल्चोकले २०७६।७७ को बक्यौतामा एक औषधि पसलबाट रु.१२ लाख ५० हजारका ८३ प्रकारका औषधि खरिद गरेकोमा विल तथा मूल्याङ्कनमा म्याद सम्माप्त हुने मिति तथा ब्याच नं उल्लेख नगरेकोले उपलब्ध औषधिहरू तोकिएको गुणस्तर तथा अवधि अनुसारका प्राप्त भएको यकिन गर्न सकिएन । औषधिको ब्याच नं तथा म्याद समाप्त हुने मिति उल्लेख गरी आम्दानी जनाउनुपर्दछ ।

समिति तथा प्रतिष्ठानतर्फ

२६. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले ऐनको व्यवस्था विपरीत लागत अनुमान तयार नगरी टुक्रा पारेर एकै फर्मबाट पटक पटक रु.१ करोड ९० लाख ५९ हजारका फर्निचर मेशिनरी औजार खरिद तथा मर्मत कार्य र रु.३२ लाख ९२ हजारको निर्माण कार्य गरेको अनियमित देखिन्छ ।

२७. **सोधभर्ना -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंले छात्रवृत्ति करार सेवामा नियुक्ति गरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कामकाज गर्न खटिएका नवौं तहका ४ जना मेडिकल अधिकृतहरूलाई प्रतिष्ठानले तलब खर्च भुक्तानी गरेको छ । संघीय स्वास्थ्य मन्त्रालयबाट तलब भुक्तानी गर्ने गरी करारमा नियुक्ती भई कामकाज गर्न पठाईएका अधिकृतलाई प्रतिष्ठानले प्रदेश

सामाजिक विकास मन्त्रालयले निकासा गरेको अनुदान रकमबाट तलब भत्ता रु.५ लाख ११ हजार उपलब्ध गराएको देखिएकोले उक्त रकम स्वास्थ्य मन्त्रालयबाट सोधभर्ना प्राप्त हुनुपर्ने देखिन्छ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहत ५५ निकायको रु.८ करोड २ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रु.३० लाख ६० हजार फर्स्यौंट गरेकोले रु.७ करोड ७२ लाख २४ हजार बाँकी देखिएको छ । सोमध्ये रु.३० लाख ७६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची–९** मा छ ।

➢ समितितर्फ ९ अस्पताल विकास समितिको रु.३ करोड २५ लाख १८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ लाख ४० हजार फर्स्यौंट भएकोले रु.३ करोड २३ लाख ७८ हजार बाँकी रहेको छ । सो मध्ये रु.१९ लाख ७५ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची–१०** मा रहेको छ ।

➢ बक्यौतातर्फ १ निकायको लगती बेरुजु देखिएको छैन ।

➢ समितितर्फ १ अस्पताल विकास समितिको रु.१० लाख २ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट भएको छैन । यससम्बन्धी विवरण **अनुसूची–१०(क)** मा रहेको छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा २ सदस्यीय प्रदेश लोक सेवा आयोगको व्यवस्था छ । प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति, प्रदेश वा स्थानीय तहको संगठित संस्थाको सेवाका उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गरी कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ ।

यो वर्ष आयोगको विनियोजन रु.४ करोड ८७ लाख ८३ हजार, राजस्व रु.९ करोड ७९ लाख ४० हजार र धरौटी रु.५ लाख १८ हजार समेत रु.१४ करोड ७२ लाख ४१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१. **बैठक र निर्णय -** आयोगको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७७।७८ मा आयोगको ५९ वटा बैठक बसी ५९ वटा निर्णय गरी ४४ पदको पाठ्यक्रम निर्माण गरेको छ । आयोगले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (अस्पताल संचालन तथा व्यवस्थापन) नियमावली, २०७७, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (शिक्षक सेवा शर्त र सुविधा) नियमावली, २०७७, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (कर्मचारी सेवा शर्त र सुविधा) नियमावली, २०७७ तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान संगठन तथा व्यवस्थापन, २०७७ सम्बन्धमा परामर्श प्रदान गरेको देखिन्छ।

२. **आयोगको निर्देशन -** प्रदेश लोक सेवा आयोग, २०७६ को दफा १०६ को उपदफा (१०) बमोजिम स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भए पश्चात सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोग गठन भएकोमा प्रदेश लोक सेवा आयोगको परामर्श नलिई सम्बन्धित स्थानीय तहले गरेका बढुवा सम्बन्धी कार्यलाई आयोगले अनियमित ठहर गरेकोले स्वतः बदर भएको जानकारी गराएको छ। यसरी भएको निर्णय उपरको कारबाहीको सम्बन्धमा सबै स्थानीय तहले आयोगलाई जानकारी गराउने गरी निर्देशन दिएको छ ।

हेटौंडा उपमहानगरपालिकाले बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा गठन तथा संञ्चालन अध्यादेश, २०७८ जारी पश्चात विभिन्न पद र तहमा पदस्थापन भएका र ग्रेड वृद्धि लिएका स्थायी कर्मचारीहरूले उक्त अध्यादेशको दफा १५३ को उपदफा २ को प्रावधान र प्रदेश लोकसेवा आयोग, बागमती प्रदेशको उक्त निर्णयबाट व्यहोरा अवगत भई सोही बमोजिम कामकाज गर्ने व्यवस्था गरेको देखिन्छ । कर्मचारी नियुक्ति, बढुवा र विभागीय कारबाही सम्बन्धी कारबाही गर्दा प्रदेश लोकसेवा आयोगको परामर्श लिनुपर्दछ ।

३. **निरीक्षण -** संविधान, ऐन तथा प्रचलित कानुन बमोजिम प्रदेश सरकारका विभिन्न निकाय, प्रदेश संगठित संस्था र स्थानीय तहको संगठित संस्थाको नियुक्ति, बढुवा र विभागीय कारबाही सम्बन्धी कार्यहरू प्रचलित कानुन अनुकूल हुने गरी परिपालना गराउन आयोगले निरीक्षण गर्नुपर्ने कानुनी व्यवस्था भए पनि यस आर्थिक वर्षमा आयोगबाट कुनै निकायको अनुगमन तथा निरीक्षण भएको देखिएन । कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

४. **दरबन्दी तथा पदपूर्ति -** आयोगको स्वीकृत दरबन्दी ४८ रहेकोमा १९ जना पदपूर्ति भई सचिवसहित २९ पद अर्थात् ६०.४१ प्रतिशत पद रिक्त रहेको छ । तोकिएको दरबन्दीको ४० प्रतिशत जनशक्तिमात्र पदपूर्ति रहेकोले बाँकी पदपूर्ति गरी आयोगले परीक्षा सञ्चालन र नतिजा प्रकाशनको कार्य प्रभावकारी रुपमा गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५. **दरखास्त तथा सिफारिस -** आयोगबाट यो वर्ष विभिन्न पदहरूमा विज्ञापन गरी सिफारिश गर्ने कार्यतर्फ चौथो तहमा ३८६ पदको विज्ञापनमा ९५६ उमेद्वारको दरखास्त परी ३८६ नै सिफारिश भएको, पाँचौ तहमा ५४० पदमा विज्ञापन भएकोमा ११ हजार ७६६ को दरखास्त परी ४०० जनाको सिफारिश भएको र छैठौं तहमा ११४ माग भएकोमा ८७० को दरखास्त पेस भई २१ जना सिफारिश भएको देखिएको छ ।

- **बेरुजु स्थिति** - प्रदेश लोकसेवा आयोगको रु.८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.९ हजार फर्स्यौंट गरेकोले रु.७५ हजार बाँकी देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा उल्लेख भए बमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने, प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारी समेतलाई कानुनी राय सल्लाह उपलब्ध गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

यो वर्ष विनियोजन रु.९२ लाख ४२ हजार, राजस्व रु.८७ हजार र धरौटी रु.२ लाख ३९ हजार समेत रु.९५ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

१. **दरबन्दी र पदपूर्ति -** कार्यालयको कुल कर्मचारी दरबन्दी १४ रहेकोमा दुई शाखा अधिकृत, दुई नायब सुब्बा सहित ६ दरबन्दी रिक्त रहेको देखिन्छ । दरबन्दी बमोजिम पदपूर्ति नहुँदा दैनिक कार्य सञ्चालन र अनुगमन मूल्याङ्कन जस्ता कार्यमा समस्या देखिएको छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

२. **सेवा प्रवाह -** मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना कालदेखि प्रत्येक वर्ष मुद्दाको चाप बढिरहेको देखिन्छ। कार्यालयको स्थापना भएको २०७४।०७५ मा ४ वटा मुद्दा रहेकोमा २०७७।७८ मा ४६ मुद्दा दर्ता भई अघिल्लो वर्षको ४१ मुद्दा समेत कुल ८७ वटा मुद्दा रहेकोमध्ये १३ वटा फर्स्यौंट भई ७४ वटा मुद्दा बाँकी रहेको देखिन्छ । शुरुका वर्षहरूमा कर्मचारी समायोजनसँग सम्बन्धित बढी मुद्दाहरू पर्ने गरेकोमा पछिल्ला वर्षहरूमा क्रमशः प्रदेश सरकारको अधिकार क्षेत्र, कर तथा राजस्व, प्रदेश कानुनको सम्बन्धमा न्यायिक पुनरावलोकनका माग सहितका रिट निवेदनहरूको संख्या पनि बढ्दै गईरहेको अवस्था छ । मुद्दाको चाप बमोजिम स्रोत साधनको व्यवस्थापन गरी छिटो छरितो सेवा प्रवाह गर्न ध्यान पुऱ्याउनु पर्दछ ।

- **बेरुजु स्थिति** - कार्यालयतर्फ यो वर्ष लगती बेरुजु देखिएको छैन ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारको विकास नीति एवं योजना तथा कार्यक्रम तर्जुमा कार्यलाई लक्ष्यउन्मुख, सूचकमा आधारित र प्राथमिकताको क्षेत्र केन्द्रित बनाउन सहयोग र सल्लाह दिनको लागि प्रदेश सरकारको २०७५।२।२९ को निर्णयबाट प्रदेश नीति तथा योजना आयोग गठन भएको छ ।

यो वर्ष आयोगको विनियोजन रु.१ करोड ६३ लाख ६५ हजार, राजस्व रु.३ लाख ४० हजार र धरौटी रु.२ लाख ५८ हजार र अन्य कारोबार रु.४ लाख ३२ हजार समेत रु.१ करोड ७३ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य ब्यहोरा निम्नानुसार छन् :

१. **दरबन्दी र पदपूर्ति -** आयोगको स्वीकृत कर्मचारी दरबन्दी २२ मध्ये १० पदपूर्ति भई एक तथ्याङ्क अधिकृत सहित १२ पद रिक्त रहेको छ । जनशक्तिको अभावमा आयोगको कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त दरबन्दीमा पदपूर्ति गर्नुपर्दछ ।

२. **आवधिक योजनाको समीक्षा -** आयोगले पहिलो आवधिक योजना २०७६।७७ देखि २०८०।८१ तर्जुमा गरी लागू गरेको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक बर्ष हासिल गर्नुपर्ने नतिजा सूचकहरू समेत उल्लेख गरेको छ । सो बमोजिम पहिलो वर्ष बहुआयामिक गरिबी सूचकाङ्क १०.८ प्रतिशतमा झार्ने, मानव विकास सूचकाङ्क ०.६४७ पुऱ्याउने, आर्थिक बृद्धिदर ९ प्रतिशत, उद्योग क्षेत्रको बृद्धिदर १३.८ प्रतिशत, प्रतिव्यक्ति आय २ हजार १११ अमेरिकी डलर पुऱ्याउने लगायतको लक्ष्य राखेकोमा सोको प्रगति समीक्षा गरेको छैन । प्रत्येक बर्षको लागि तोकिएका सूचकहरू बमोजिम नतिजा हासिल गर्न नसकेमा आवधिक योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न नसकिने हुँदा नतिजाको समीक्षा गरी कार्ययोजना बमोजिम तोकिएको समयभित्रनै क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** आयोगको लेखापरीक्षणबाट यो वर्ष रु.२८ हजार लगती बेरुजु देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

परिच्छेद-४

प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५, २०७६ सम्म छलफल भएको र २०७७ समितिमा टेबल भएको जानकारी दिएको छ । वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ १८९ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोवारको लेखापरीक्षण सम्पन्न गरी रु.१ अर्ब ७ करोड ४९ लाख १० हजार लगती बेरुजु सहितको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा ७ इकाईको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा ५ र लगती दफा ७६ बाट रु.५ करोड १७ लाख ९४ हजार फर्स्यौंट भई रु.१ अर्ब २ करोड ३१ लाख बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका ११ इकाईको रु.७ करोड १४ लाख ३४ हजारमा २ निकायले प्रतिक्रियाबाट रु.४ लाख २६ हजार फर्स्यौंट गरेकोले रु.७ करोड १२ लाख ९४ हजार बेरुजु बाँकी रहेको छ । कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

गत वर्ष प्रदेशको सरकारी कार्यालय तथा समितितर्फको कारोवारतर्फको रु.१ अर्ब ३८ करोड ५० लाख ८४ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमध्ये यस वर्ष रु.१५ करोड ८९ लाख ६ हजार फर्स्यौंट गरी रु.१ अर्ब २२ करोड ६१ लाख ७८ हजार बाँकी रहेको छ । यस वर्षको रु.१ अर्ब ९ करोड ४४ लाख १० हजार समेत रु.२ अर्ब ३२ करोड ५ लाख ८८ हजार बेरुजु बाँकी रहेको छ । उक्त बेरुजुमध्ये रु.४६ करोड २० लाख ४० हजार पेस्की रहेको छ । कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ । यससम्बन्धी विवरण **अनुसूची-११** मा छ ।

३. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोवारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरू संचालनको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, सार्वजनिक खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीमा जिम्मेवारी र जवाफदेहिता वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरण गर्नुपर्दछ ।

परिच्छेद-५

सुधारका क्षेत्रहरू

नेपालको संविधानमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने उल्लेख छ । उक्त उद्देश्य पुरा गर्न राज्यले आवश्यक नीति तथा कानुन तर्जुमा, संगठनात्मक संरचना, पूर्वाधार विकास, आर्थिक क्रियाकलापहरू सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन गरी प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने लगायतका कार्य गर्नुपर्दछ । उक्त क्रियाकलापहरू सञ्चालनमा सार्वजनिक जवाफदेहिता, वित्तीय पारदर्शिता र आर्थिक अनुशासनको पालना तथा स्रोत र साधनको उचित परिचालनबाट विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, मितव्ययी र प्रभावकारी बनाउन सकिने कुरामा विश्वास गर्न सकिन्छ । प्रदेश सरकार गठन भएको छोटो अवधिमा स्रोत साधन प्राप्ती, उपयोग तथा परिचालन र सोबाट प्राप्त हुने प्रतिफलमा सकारात्मक संकेत देखिएको छ । यस्ता सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न विद्यमान आर्थिक कार्यप्रणालीमा सुधारको आवश्यकता देखिएको छ । ती सुधारका पक्षहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- **नीति तथा कानुनी व्यवस्था**

१. **नीति कार्यान्वयन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले मन्त्रालयहरूलाई कार्य जिम्मेवारी तोकेको छ । उक्त कार्य जिम्मेवारी पुरा गर्न प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित नीतिगत व्यहोराहरू प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सरकार (कार्यविभाजन) नियमावली बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सरकारको समग्र आर्थिक सूचक तयार गर्ने, आर्थिक वृद्धि र स्थायित्व कायम गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लगायतका नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ । त्यस्तै, कृषि, वन, पर्यटन, उद्योग लगायतको विषयमा क्षेत्रगत नीति तर्जुमा गरी कार्यान्वयनका माध्यमबाट प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

२. **कानुन निर्माण -** संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । यो वर्षसम्म बागमती प्रदेशमा कानुन निर्माण गर्न ६७ विधेयक प्रदेश सभामा पेस भएकोमा ६२ विधेयक पारित भई कानुन निर्माण भएको र बाँकी ५ कानुन निर्माणको चरणमा रहेको देखिन्छ । सो मध्ये १ विधेयक सदनमा विचाराधिन अवस्थामा रहेको छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा कार्यसञ्चालन प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा विधिसम्मत कार्यको सुनिश्चितताका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

३. **कानुनको पालना -** विद्यमान सार्वजनिक खरिद ऐन, नियम, प्रदेश आर्थिक कार्यविधि ऐन, नियम र अन्य प्रचलित कानुनहरूको पालना गरी आर्थिक अनुशासन कायम गर्दै आर्थिक अनियमितता घटाउन

सम्बन्धित निकायहरूले ध्यान दिनुपर्दछ । कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिका, मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **संगठन तथा जनशक्ति व्यवस्थापन**

४. **दरबन्दी र पदपूर्ति** - प्रदेशस्तरको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यालय र कर्मचारी दरबन्दी यकिन गर्ने र दरबन्दी अनुसार पदपूर्ति गरी विकास निर्माण, सेवा प्रवाहका गतिविधिलाई प्रभावकारी बनाउनुपर्दछ ।

५. **सेवा प्रवाह** - सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक संचालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन सेवा प्रवाह मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो व्यवस्थापन एवं सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनुपर्दछ । सेवा प्रवाहमा संलग्न हुने पदाधिकारी एवं जनशक्ति सेवाग्राहीप्रति सोझै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली तयार गरी लागु गर्नुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

६. **आयोजना बैङ्क** - पूर्वाधार विकासका क्षेत्रहरू जस्तै सडक, सिँचाई, खानेपानी, पर्यटन, कृषि, उद्योग, वन आदिको दीर्घकालिन विकासको प्रारुप तयार गरी क्षेत्रगत आयोजना, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभान्वित हुने वर्ग र प्राथमिकिकरण सहित आयोजना बैङ्क तयार गर्नुपर्ने देखिएको छ ।

७. **आयोजना छनौट एवं कार्यान्वयन** - आयोजना बैंकबाट प्राथमिकता प्राप्त आयोजनाको छनौट एवं कार्यान्वयन गर्ने, निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन गर्ने र आयोजनाको अनुगमन र मूल्याङ्कन गरी कार्यान्वयनमा ढिलाई हुनुको कारण पहिचान गरी समयमै आयोजना सम्पन्न गराउन ध्यान दिनुपर्दछ ।

८. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्यको राष्ट्रिय सूचक अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, भौतिक पूर्वाधार, सिँचाई, आवास लगायतका क्षेत्रमा योजना तर्जुमा तथा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने र अपेक्षित उद्देश्य/लक्ष्य प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

९. **अध्ययन प्रतिवेदन** – प्रदेश सरकारले परामर्शदाता मार्फत तयार गरेको विस्तृत आयोजना प्रतिवेदन अभिलेख राखि कार्यान्वयनमा ल्याउनुपर्दछ । संघबाट अध्ययन गरी तयार भएका प्रतिवेदनहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी दोहोरो अध्यान नहुने व्यवस्था मिलाउनुपर्दछ ।

- **बजेट व्यवस्थापन**

१०. **बजेट तर्जुमा** - बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, राजस्व संकलन गर्न सक्ने क्षमता, सरोकारवालाको सहभागिता लगायत पक्षमा ध्यान दिई बजेट निर्माण गर्नुपर्ने देखिन्छ । बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, मध्यमकालिन खर्च संरचना,

बहुवर्षिय चक्रिय बजेट (Rolling Budget) लगायतका अवधारणा अनुसार कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्दछ।

११. **बजेट विनियोजन -** प्राथमिकतामा रहेका योजना एवं कार्यक्रममा बजेट विनियोजन गर्ने, बजेट अबण्डा राखी पछि रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने, दीगो विकास हुने आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१२. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च हुने स्पष्ट आधारसहित पेस गर्ने र सो अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष प्रदेश सरकारले पेस गरेको बजेट वक्तव्य अनुसार रु.५१ अर्ब ४२ करोड ७५ लाख बजेट विनियोजन गरेकोमा रु.३५ अर्ब ५९ करोड ४८ लाख खर्च गरी कुल विनियोजनको ६९.२१ प्रतिशत मात्र खर्च गरेको देखिन्छ। कार्यान्वयन योग्य कार्यक्रम र आधार बेगर बजेट अनुमान गरेको र बजेट अनुसार खर्च गर्न नसकेकोले मन्त्रालयको विनियोजन दक्षता कमजोर रहेको देखियो । कार्यक्रम बजेट खर्च गरी विनियोजन दक्षता वृद्धि गर्नुपर्दछ ।

१३. **परामर्श खर्च -** परामर्शदाता खर्चमा अत्यधिक वृद्धि हुँदै गएको देखिएको छ । परामर्श खर्चमा न्यूनीकरण गर्न सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन लगायतका कार्य आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, संभाव्यता अध्ययन भएका योजना मात्र वार्षिक कार्यक्रममा समावेश गर्ने लगायतका कार्य गरी परामर्श खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

१४. **अनुदानको उपयोग -** अनुदान कार्यक्रमहरूलाई ब्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका र कार्यविधि, ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने कार्यमा अनुदान दिने परिपाटी अन्त्य गर्नुपर्ने, व्यक्तिगत लाभ हुने किसिमको अनुदान दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने र अनुदानको तालुक निकायबाट अनुगमन, मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै अनुदान रकमको उपयोगबाट रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि, उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा उपयोग, सर्वसाधारणको पहुँच वा सुविधा सम्बन्धमा मूल्याङ्कन गरी अनुदान उपयोगको सुनिश्चितता गरिनुपर्दछ ।

१५. **चालु खर्चमा नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च बढ्दै गएको तथा पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको अवस्था छ । समग्र आर्थिक अवस्थामा सुधार गरी पूर्वाधार विकास, प्रतिफलयुक्त क्षेत्रमा लगानीका माध्यमबाट पुँजीगत खर्च बढाउनुपर्ने अवस्था देखिएको छ भने चुस्त र छरितो संगठन, अनावश्यक र फजुल खर्चमा नियन्त्रण, आदिका माध्यमबाट चालु खर्च घटाउनुपर्ने देखिन्छ।

१६. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा आन्तरिक नियन्त्रणको

आवश्यकता, नियन्त्रण वातावरण, नियन्त्रण क्रियाकलाप, समन्वय एवं सञ्चार र अनुगमन जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली निकायको कार्यसँग प्रत्यक्ष सम्बन्धित रही जोखिम न्यूनिकरण गर्ने विषयसँग सम्बन्धित हुनुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१७. **नर्म्स तथा निर्माण स्थल -** निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक एवं स्वीकृत गरी खरिद पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तरनिकाय समन्वय र स्वीकृत लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद कार्य गर्नुपर्दछ।

१८. **खरिद सम्झौता कार्यान्वयन -** सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

१९. **प्रतिस्पर्धा -** सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा टुक्रा गर्ने र प्याकेजिङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिनुका साथै खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणालीलाई अनिवार्य गर्ने र खरिद प्रक्रियालाई पारदर्शी, खुला, उद्देश्यमूलक र मितव्ययी बनाउन खरिद योजना बनाई प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ ।

२०. **निर्माण कार्य सम्पन्न -** निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट बञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्न, सहज वातावरण मिलाउने, सुपरीवेक्षण र अनुगमनलाई प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

२१. **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद कानुनमा उल्लेखित सीमा अनुसारको कार्य मात्र उपभोक्ता समितिबाट गराउने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उपभोक्ता समिति मार्फत कार्य गराउँदा रोजगारी सिर्जना, वातावरणीय पक्ष, गुणस्तरीय कार्यसम्पादन मितव्ययिता लगायतका विषयमा ध्यान दिनुपर्ने देखिएको छ । उपभोक्ता समितिहरूबाट गरिने कार्यमा जनसहभागिता सुनिश्चित गर्ने तथा निर्माण सम्पन्न पश्चात मर्मत संभारको जिम्मेवारी सहित आयोजना हस्तान्तरण गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

२२. **गुणस्तर परीक्षण -** सार्वजनिक निर्माण कार्यलाई दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माण सामग्री एवं निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने, गुणस्तरीय परीक्षण गर्न कार्यालयहरूलाई प्रोत्साहन गर्ने, गुणस्तर नियन्त्रण तथा गुणस्तर आश्वस्तताको सुनिश्चित गर्ने व्यवस्था मलाउनुपर्ने देखिन्छ ।

• सार्वजनिक श्रोत र सम्पत्ति संरक्षण

